## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६१ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा म्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा म्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा Phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथामिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख - जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

– प्रहरी द्वैमासिक

**सम्पर्क**
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

ISSN 2661-6122

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन
प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६३, अङ्क ४, कात्तिक-मंसिर २०७८








**लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा जनचेतनामूलक कार्यक्रम संचालन गर्दै नेपाल प्रहरी ।**

**अभियानलाई पुऱ्याउने छौ अब देशैभरि,**
**जनताको साथी अनी टोलटोलमा प्रहरी ।**

**– नेपाल प्रहरी**

# प्रहरी

मे.अ.द.न. ६४/१५८

**द्वैमासिक प्रकाशन** वर्ष : ६३ अङ्क : ४ २०७८ कात्तिक-मंसिर



प्रमुख सल्लाहकार
प्र.व.उ. बसन्त बहादुर कुवँर

सल्लाहकार
प्र.उ. ओमबहादुर राना
प्र.उ. सविन प्रधान

प्रधान सम्पादक
प्र.ना.उ. चन्चला श्रेष्ठ

सम्पादक
प्र.नि. होमबहादुर थापा
प्र.ना.नि.सरस्वती बुढाथोकी

कम्प्युटर
प्र.नि.कल्पना अधिकारी
प्र.ना.नि.संगीता कार्की

आवरण
अनुराग

प्रकाशक
प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## इन्टरपोलको ९९ वर्षे यात्रा

अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) ले आफ्नो ९९ वर्षे यात्रा पूरा गरेको छ । सन् १९२३ सेप्टेम्बर ७ तारिखमा अस्ट्रियाको राजधानी भियनामा स्थापित इन्टरपोलले करिब एक शताब्दी लामो उपलब्धीमूलक यात्रा तय गर्न सफल भएको छ । हाल १९५ वटा राष्ट्र सदस्य रहेको इन्टरपोल विश्वमा प्रहरीको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय संगठन हो ।

अन्तर्राष्ट्रियस्तरमा हुने अपराध तथा आपराधिक क्रियाकलाप नियन्त्रण गर्न, नयाँनयाँ प्रकृति तथा प्रविधिका कारण हुने आपराधिक गतिविधिबाट सिर्जित चुनौतीको सामना गर्न, यसबाट हुन सक्ने क्षति न्यूनीकरण गर्नुका साथै चुनौतीको समाधानका उपायहरूलाई लक्षित गरी सदस्य राष्ट्रहरूबीच सहकार्य र समन्वय गर्ने उद्धेश्यले इन्टरपोलको स्थापना भएको हो । खासगरी एक देशमा अपराध गरेर अर्को देशमा गई लुक्ने अपराधीलाई रेडनोटिस र डिफ्युजन जारी गर्ने एवं खोजी तथा पक्राउ गरी सम्बन्धित देशलाई बुझाउने कार्यमा इन्टरपोलको सक्रिय भूमिका विशेष प्रशंसनीय छ । साथै अन्तरदेशीय अपराध नियन्त्रणका लागि एकअर्का सदस्य राष्ट्रबीच आपसी समन्वय, सूचना र सहयोग आदान प्रदान गर्न इन्टरपोलले एक्यबद्धता जनाउँदै आएको छ । यसका लागि फ्रान्सको लियोनमा रहेको इन्टरपोलको प्रधान कार्यालयले सदस्य राष्ट्रबीच निर्वाह गरेको समन्वयकारी भूमिका सराहनीय छ ।

सन् १९६७ मा जापानमा सम्पन्न २६औं महासभाबाट नेपाल इन्टरपोलको १००औं सदस्य राष्ट्रको रूपमा आबद्ध भएपछि नेपालले महासभा लगायतका समारोहमा आफ्नो सहभागिता जनाउँदै आएको छ । सो क्रमलाई निरन्तरता दिंदै इन्टरपोल नेपालका राष्ट्रिय केन्द्रीय ब्यूरो (एनसिबी) प्रमुख समेत रहनुभएका प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले २०७८ मंसिर ७ देखि ९ गतेसम्म टर्कीको ईस्तानबुलमा संचालन भई सम्पन्न भएको इन्टरपोलको ८९औं महासभामा सहभागिता जनाउनुभएको छ । इन्टरपोल महासचिवालयको आयोजनामा प्रत्येक वर्ष महासभा संचालन हुने गर्दछ । ८९औं महासभामार्फत दि फेडेरेटेड स्टेट्स अफ माईक्रोनेसियाले १९५औं सदस्य राष्ट्रको रूपमा नयाँ सदस्यता प्राप्त गरेको छ । प्रत्येक महासभामा यसरी नयाँ सदस्य थप हुँदै गएबाट विश्वभर इन्टरपोलको लोकप्रियता र प्रभावकारिता बढ्दो देखिन्छ । यस महासभाले इन्टरपोल अध्यक्षमा युएईका Ahmed Nasser AL–RAISI, अफ्रिका महादेशका लागि उपाध्यक्षमा नाईजेरियाका Garba Baba UMAR र अमेरिका महादेशका लागि ब्राजिलका Valdecy URQUIZA तथा अफ्रिका लागि २ जना, अमेरिकाका लागि २ जना, एसियाका लागि २ जना र युरोपका लागि ३ जना गरी ९ जना कार्यकारी सदस्यहरू मनोनयन समेत गरेको छ ।

कोभिड सङ्क्रमण जोखिम यद्यपि कायमै रहेकै अवस्थाका बाबजुद पनि यस वर्ष ८९औं महासभामा आयोजना हुन सकेकोमा गौरव नै मान्नुपर्छ । यस महासभामा सहभागी १९५ इन्टरपोल सदस्य राष्ट्रका राष्ट्रिय केन्द्रीय ब्यूरो ( एनसिबी) प्रमुख तथा प्रतिनिधिहरूबीच इन्टरपोलको कार्यकारी समिति सम्बन्धी कानूनी व्यवस्था, इन्टरपोलको रणनीतिक योजना २०२२-२०२५, कार्यक्रम तथा बजेट, कार्यनीतिक तथा रणनीति साझेदारी, बालबालिका विरूद्धका अपराध, साइबर क्राइम, आतंकवाद, मानव बेचबिखन जस्ता अपराध लगायतका विविध विषयमा छलफल भई महत्वपूर्ण प्रस्तावहरू पारित समेत भएको थियो ।

इन्टरपोलको ९०औं महासभा भारतको नयाँ दिल्लीमा आयोजना हुने निर्णय भएको र ९१औं महासभा अस्ट्रियाको राजधानी भियनामा आयोजना गर्ने ८९औं महासभाले निर्णय गरेको छ । आजभन्दा १०० वर्षअघि जुन देशबाट इन्टरपोल स्थापना भयो १०० वर्षपछि सोही देशमा ९१औं महासभा आयोजना हुनु संयोग मात्रै हैन एउटा ऐतिहासिक क्षण नै मान्न सकिन्छ । इन्टरपोलको उद्धेश्यलाई सबै सदस्य राष्ट्रहरूले आत्मसात गरी आ-आफ्नो भूमिकालाई थप प्रभावकारी बनाउन सके अन्तरदेशीय अपराध नियन्त्रण तथा अनुसन्धानमा थप सहज हुने देखिन्छ ।

# विषयक्रम

## व्यावसायिक सामग्री


♦ फौजदारी अपराधको अनुसन्धान र शंकित..... ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी १
♦ अपहरण गर्ने वा शरीर बन्धक लिने सम्बन्धी.. ✍ उपन्यायाधिवक्ता सोमकान्त भण्डारी ७
♦ नेपालमा सम्पत्ति शुद्धीकरणको आवश्यकता. ✍ गम्भीर बहादुर हाडा २४
♦ राज्य विरुद्धको कसूर सम्बन्धी अनुसन्धान.. ✍ प्र ना उ मोहन कुमार थापा ३७
♦ क्षणिक आवेग ✍ प्र नि भोजराज पाण्डेय ५९
♦ महिला विरुद्ध साइबर अपराध र नेपाल..... ✍ ई कुमार अभिनव ७८
♦ सम्पत्ति सम्बन्धी सामान्य व्यवस्था ✍ प्र ना नि सरस्वती बुढाथोकी ८८
♦ मानवता विरुद्धको सिमा नै रहेन ✍ रचना ढकाल १०४


## साहित्य / विविध


♦ वेदहरुको निष्कर्ष ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत १३
♦ यांगरका सन्तान यताउति ✍ युवराज नयाँघरे १७
♦ बुद्ध्यौली साहित्यको महत्व ✍ बद्री प्रसाद ढकाल ३३
♦ साझा सफलता ✍ छायादत्त न्यौपाने 'बगर' ३६
♦ भानुभक्तको रचनामा पाइने व्यङ्ग्य चेतना ✍ गङ्गा कर्माचार्य पौडेल ४८
♦ जलवायु परिवर्तन र कोप २६ सम्मेलन ✍ अच्युप्रसाद पौडेल 'चिन्तन' ५२
♦ गलत बाटो ✍ घन बहादुर थापा ५७
♦ हाम्रा परम्परा, खानेकुरा र वाहियात बानी ✍ ईन्द्र कुमार श्रेष्ठ ६७
♦ नोबेल पुरस्कार र वैज्ञानिक नोबेल ✍ राजेशमान के. सी ७१
♦ चिरञ्जीवी राजा ✍ यशु श्रेष्ठ ७४
♦ शरण ✍ लिलाराज दाहाल ८१
♦ सामाजिक नीति र सामाजिक सुरक्षा ✍ सुदर्शन अधिकारी ८२
♦ कुकुर पूजा ✍ राजबाबु श्रेष्ठ 'सागर' ८६
♦ विष्णुद्वार ✍ रेणु अधिकारी 'मौनता' ९४

| | | |
|---|---|---|
| ♦ सिमा | ✍ कृष्ण खड्का | ९८ |
| ♦ मित्रता | ✍ अरुण खत्री 'नदी' | १०७ |


## गीत / कविता/ गजल

| | | |
|---|---|---|
| ♦ जीवन | ✍ डा बम बहादुर थापा 'जिताली ' | १२ |
| ♦ मुक्तक | ✍ बबिता भुजेल | १६ |
| ♦ गजल | ✍ प्र ह मान बहादुर बोहरा | ३२ |
| ♦ मुक्तक | ✍ सरस्वती श्रेष्ठ 'सरु' | ४७ |
| ♦ तिम्रो कविता यस्तो होस् | ✍ शशी श्रेष्ठ | ५६ |
| ♦ समयसंगै हराएको प्रेम | ✍ सिन्धिया श्रेष्ठ | ५८ |
| ♦ आमा | ✍ एच के घिताल | ६६ |
| ♦ लेख्यौ किन ? | ✍ सूर्यदीप थापा | ७० |
| ♦ चेतनाको सन्देश | ✍ भुवन सिवाकोटी 'चौघरे' | ७७ |
| ♦ गीत | ✍ दिपकराज विश्वकर्मा | ८० |
| ♦ 'म सोझोलाई' | ✍ हेमन्त प्रसाद दाहाल | ८७ |
| ♦ गीत | ✍ प्र स नि मनिष अर्याल | ९३ |
| ♦ अनुरोध | ✍ प्र ना नि घनश्याम नेपाल | ९७ |
| ♦ गजल | ✍ अर्जुनबाबु तिवारी | १०३ |
| ♦ प्रहरी हार्दैन | ✍ लक्ष्मी प्रसाद मिश्र | १०६ |
| ♦ हलोले जोत्न सक्दैन आमा | ✍ प्र ह शिवलाल सुवेदी | १०९ |
| ♦ गीत | ✍ होम थापा | ११२ |


## स्थायी स्तम्भ

| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ रसबस | सङ्कलन : प्र ह शरणजंग भण्डारी | १११ |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी | सङ्कलन : प्र ना नि संगिता कार्की | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | सङ्कलनः प्र स नि जनक आचार्य | ११२ |


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# फौजदारी अपराधको अनुसन्धान र शंकितका अधिकार बीचको सम्बन्ध



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी

## १. परिचयः

कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताको हक प्राप्त हुन्छ, यो मुल कानूनले नै प्रत्याभूत गर्दछ । तर यो हक असिमित हुंदैन । न्यायोचित आधारमा कानूनद्वारा वैयक्तिक हकमा सिमा लगाउन सकिन्छ । सार्वजनिक शान्ति, फौजदारी अपराध, नैतिकता, राष्ट्रियता, जात जाति तथा समुदाय बीचको सम्बन्धमा प्रतिकूल असर पार्ने कार्यमा कानूनद्वारा यस्तो स्वतन्त्रतालाई रोक लगाउने अभ्यास रहेको छ । नेपालको संविधानले पनि यस्तै विभिन्न आधारमा कानून बनाई स्वतन्त्रतामा रोक लगाउन सकिने व्यवस्था गरेको छ । सोही आधारमा अपराध संहिता लगायतका फौजदारी कानूनले अपराधको अनुसन्धानमा वैयक्तिक हक नियन्त्रण गर्न सक्ने व्यवस्था गरेको छ । कानून निर्माण गरी अपराधको घोषणा गर्न र सो कसूरमा संलग्न व्यक्तिलाई सजाय दिन राज्य सक्षम मानिन्छ । यस अन्तर्गत अपराधमा संलग्न व्यक्तिलाई पक्राउ गर्ने, हिरासतमा राख्ने, कसूरसँग सम्बन्धित सबुद प्रमाण संकलन गर्न र अभियोग लगाउन सकिन्छ । फौजदारी मुद्धाको अनुसन्धानका क्रममा मनासिब शंकाको घेरामा परेका व्यक्तिलाई नियन्त्रणमा लिई अनुसन्धान प्रक्रियालाई सहज बनाउन सकिने व्याख्या सर्वोच्च अदालतले गरेको छ । (ने.का.प. २०६६, अंक १२, नि.नं. ८२७५) तर यस्ता हकको नियन्त्रणमा राज्यका अधिकारीलाई स्वेच्छाचारी हुन नदिन र त्यस्ता हकको सम्मान गर्नुपर्ने गरी कानूनी व्यवस्थाहरू गरिन्छ । अपराधको अनुसन्धान गर्दा स्वेच्छाचारी र जथाभावी रूपमा शंकित व्यक्तिलाई पक्राउ गर्न पाईदैन । कसूरको अनुसन्धानको सिलसिलामा कानूनी प्रक्रिया अवलम्बन गरेर मात्र शंकित

उपर अनुसन्धान गर्न र पक्राउ गर्न सकिन्छ । अभियुक्त वा शंकित भएपनि उसका अधिकारको सम्मान र संरक्षण गर्नुपर्ने जिम्मेवारी राज्यको हुन्छ । यसको अर्थ वैयक्तिक हक र अपराध अनुसन्धान बीच सन्तुलन कायम गर्नु हो ।

**२. संविधानले व्यवस्था गरेका वैयक्तिक हक अधिकार**

कुनै पनि व्यक्तिलाई कानूनले कसूर मानेको कार्यमा मात्र सजाय भागी बनाउन सकिन्छ । यसको अर्थ कानूनद्वारा निषेध गरिएको कार्यका लागि मात्र कुनै व्यक्ति उपर अनुसन्धान गर्न र आवश्यक देखिएमा नियन्त्रणमा लिन सकिन्छ । अपराधको अनुसन्धानमा यो अत्यन्तै महत्वपूर्ण विषय हो र कानून कार्यान्वयन गर्ने अधिकारीले यसमा विशेष रूपमा हेक्का राख्नुपर्ने हुन्छ । नेपालको संविधानले फौजदारी न्याय सम्बन्धी हकको रूपमा निम्न हक प्राप्त हुने व्यवस्था गरेको हुँदा कसूरको अनुसन्धानसँग यी हक सम्बन्धित रहेका छन्ः

- पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने,
- पक्राउ परेको समयदेखि रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने, कानून व्यवसायीद्वारा पूर्पक्ष गर्ने हक हुने, कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने,
- पक्राउ परेकोमा २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित हुन पाउने र मुद्दा हेर्ने अधिकारीबाट आदेश भएमा बाहेक थुनामा नराखिने,
- अभियोग लागेको व्यक्तिलाई कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने,
- एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय नगरिने,
- अभियोग लागेको व्यक्ति आफ्नो विरूद्ध साक्षी हुन बाध्य नहुने,
- प्रत्येक व्यक्तिलाई निज विरूद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुने,
- स्वतन्त्र, निष्पक्ष र सक्षम अदालतबाट स्वच्छ सुनुवाइको हक हुने,
- असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुने,
- पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने,
- व्यक्तिको जीउ, आवास, सम्पत्ति, पत्राचार कानून बमोजिम बाहेक

गोप्य रहने,

### ३. शंकितका अधिकार सम्बन्धमा संहितामा गरिएका व्यवस्थाहरू

मुलुकी अपराध संहिता, २०७४ मा शंकित व्यक्तिका अधिकार सम्बन्धमा निम्न अनुसारका हकको व्यवस्था गरिएको छ । यी अधिकारहरू कसूरको अनुसन्धानसँग सम्बन्धित रहेका छन् ।

- ♦ कानून बमोजिम गर्नु पर्ने काम र कानूनले क्षम्य मानेको कार्य कसूर नमानिने,
- ♦ कानूनले सजाय नहुने कुनै काम वापत सजायभागी नहुने,
- ♦ कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय नहुने,
- ♦ कार्य हुँदाका बखत अपराध नमानिएको कार्यलाई पछि अपराध घोषणा गरी सजाय गर्न नहुने,
- ♦ असल नियतले गरेको कुनै काम कसूर नमानिने,
- ♦ कानूनको अनभिज्ञतामा गरेको काम क्षम्य नहुने,
- ♦ एउटै कसूरमा एक पटक भन्दा बढी मुद्दा नचलाईने,
- ♦ अभियोगको कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने,
- ♦ आफू विरूद्ध प्रमाण लाग्ने गरी कसूर स्वीकार गर्न बाध्य गर्न नहुने
- ♦ दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको काम कसूर नमानिने,
- ♦ काम गर्दाका बखत मानसिक अस्वस्थताका कारण कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न नसक्ने गरी होस ठेगानामा नरहेको व्यक्तिले गरेको काम कसूर नहुने,
- ♦ कसैले कुनै व्यक्तिलाई निजको भलाईको लागि असल नियतले दिएको कुनै कुराको सूचना वा जानकारीबाट त्यस्तो व्यक्तिलाई कुनै क्षति पुग्न गएमा सो काम कसूर नमानिने,
- ♦ डर,त्रासमा परी गरेको काम कसूर नहुने,
- ♦ निजी रक्षाका लागि गरेको कार्य कसूर नहुने,

### ४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा गरिएका व्यवस्थाहरू

फौजदारी कसूरको अनुसन्धान, अभियोजन तथा न्यायिक कारबाहीका क्रममा अपनाउनुपर्ने विधि र प्रक्रिया निर्धारण गर्ने यो कानूनले मूलत कसूरको अनुसन्धानमा शंकित व्यक्तिलाई प्राप्त हुने अधिकारको सम्मानका लागि अपनाउनुपर्ने प्रक्रिया उल्लेख गरेको छ । कसूरको अनुसन्धान सम्बन्धी कार्यविधिको पालना गर्ने कुरामा अनुसन्धानकर्ताको महत्वपूर्ण जिम्मेवारी रहन्छ ।

- कसूर भएको वा हुन लागेको भन्ने अवस्थाको सूचना वा जाहेरीका आधारमा कसूरसँग सम्बन्धित अभियुक्तको हकमा अनुसन्धान कारबाही प्रारम्भ गर्ने,
- मुद्दा हेर्ने अधिकारीबाट जारी गरिएको पक्राउ पूर्जीका आधारमा मात्र शंकितलाई पक्राउ गर्ने, तर कसूर गर्ने व्यक्ति भाग्ने वा प्रमाण नष्ट गर्ने आधार भएमा जरूरी पक्राउ पूर्जी जारी गरी पक्राउ गर्न सकिने । जरूरी पक्राउ पूर्जीका आधारमा शंकित व्यक्तिलाई पक्राउ गरिएकोमा मुद्दा हेर्ने अधिकारीबाट सो को समर्थन तत्काल गराउनुपर्ने,
- शंकितलाई पक्राउ गर्दा पक्राउ गर्नुपर्ने कारण खुलाई आत्मसमर्पण गर्न लगाउने र सामान्य बल प्रयोग गर्न सकिने,
- महिला अभियुक्तलाई पक्राउ गर्दा सम्भव भएसम्म महिला प्रहरीद्वारा मात्र गर्नुपर्ने,
- पक्राउ गरिएको व्यक्तिलाई हिरासतमा राख्दा कारण सहितको थुनुवा पुर्जी दिई मात्र हिरासतमा राख्ने, मुद्दा हेर्ने अधिकारीको अनुमतिमा २५ दिनसम्म हिरासतमा राख्न सकिने, (केही कसूरको हकमा १५ दिन थप हुन सक्ने)
- पक्राउ गरिएको व्यक्तिको वास्तविक परिचय खुल्ने विवरण सहित अभिलेख तयार गर्ने र अभिलेखका आधारमा हिरासतमा रहेको जानकारी शंकितका सम्बन्धित आफन्तलाई दिने,
- पक्राउ परेको शंकित व्यक्तिलाई निजले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा सल्लाह लिन दिने,
- पक्राउ परेको व्यक्तिले शारीरिक जाँचको लागि निवेदन गर्न सक्ने र यसरी निवेदन गरेमा जाँच गराई सो को रिर्पोट मिसिलमा संलग्न गर्ने,
- हिरासतमा राख्नु नपर्ने अवस्थामा धरौट वा तारिख वा हाजिर जमानीमा छुट्न पाउने,
- कसूरको अभियोग लाग्न सक्ने कुरामा शंकित व्यक्तिलाई जवाफ दिन कर नलाग्ने, भौतिक परीक्षण गर्दा कसूरसँग सम्बन्धित प्रमाण प्राप्त हुने मनासिव अवस्था भएमा त्यस्तो वस्तुको नमुना शंकित व्यक्तिले दिनुपर्ने,
- कसूरको सम्बन्धमा मुचुल्का तयार गर्दा २ जना स्थानीय व्यक्ति र स्थानीय तहका १ जना सदस्य, अभियुक्त, सूचना दिने व्यक्ति रोहवरमा राख्नुपर्ने,
- अनुसन्धान गर्दा त्यस्तो वारदातबाट चल्न सक्ने सबै मुद्दाको एकै पटक

अनुसन्धान गर्नुपर्ने,

- अनुसन्धान अधिकारीले मात्र कसूरको अनुसन्धान गर्नुपर्ने,

**५. अपराध अनुसन्धान र शंकितका अधिकारको सन्तुलनमा अनुसन्धानकर्ताको भूमिका**

अनुसन्धानकर्ताले कसूरको अनुसन्धानको हरेक चरणमा शंकितका वैयक्तिक अधिकारको संरक्षण र पालनामा तथा अनुसन्धानमा नियन्त्रण वा पक्राउ गरी हिरासतमा राख्ने कुराका बीचमा सन्तुलन कायम गर्नुपर्ने हुन्छ । यसका लागि निम्न कार्य महत्वपूर्ण रहेका छन् :

- अनुसन्धानका प्रत्येक चरणमा अर्थात प्रक्राउ देखि प्रमाण संकलन, बयान लिने लगायत अनुसन्धान प्रतिवेदन पेश गर्दाको अवस्थासम्म संविधान तथा संहिता कानूनले निर्धारण गरेको विधि र प्रक्रियाको अनिवार्य रूपमा पालना गर्ने,
- अभियोग प्रमाणित नभएसम्म शंकित व्यक्ति निर्दोष मानिने हुँदा अदालतलबाट कसूरदार प्रमाणित नभएसम्म निर्दोष सरह व्यवहार गर्ने,
- अनुसन्धानका क्रममा कुनै पनि प्रकारको दबाब, यातना वा अमानवीय व्यवहार हुन नदिने,
- अभियुक्त उपरको अभियोग शंका रहित तबरबाट पुष्टि गर्नुपर्ने जिम्मेवारी अनुसन्धानकर्ता र अभियोजनकर्तामा रहने हुँदा कसूर भएको कुरा र सो कसूरमा अभियुक्तको आरोप पुष्टि गर्ने कसूरसँग सम्बन्धित पर्याप्त दशी प्रमाण संकलन गर्ने,
- पीडितको अधिकार र अभियुक्तको अधिकार बीच सन्तुलन कायम गर्ने,
- अनुसन्धानका क्रममा अवलम्बन गर्नुपर्ने कार्य विधिको अनिवार्य रूपमा पालनामा गर्ने,
- कसूरसँग सम्बन्धित प्रमाण प्राप्त हुने मनासिव अवस्थामा मात्र शंकितको रगत वा अन्य चीजको नमुना लिन र परीक्षण गर्न सकिने हुँदा त्यस कुरामा विशेष ध्यान दिने,
- पक्राउ पश्चात आफन्त वा कानून व्यवसायीसँग शंकितले भेटघाट गर्न पाउने हुँदा सो अधिकारको सुनिश्चितताका लागि व्यवस्थापन गर्ने,
- आरोपित व्यक्ति बालबालिका भएमा बालबालिका सम्बन्धी कानूनले प्रत्याभूत गरेको अधिकारको पालना र प्रयोग गर्ने,
- शंकितलाई अनुसन्धानका क्रममा पक्राउ गर्दा, हिरासतमा राख्न म्याद थप लिंदा सो सम्बन्धी आधार र कारण

उल्लेख गरी मुद्धा हेर्ने अधिकारी समक्ष अनुरोध गर्ने,

- जरिवाना मात्र हुने कसूरको अनुसन्धानका क्रममा शंकित व्यक्तिलाई पक्राउ नगरी वा हिरासतमा नराखी अनुसन्धान गर्ने,
- कसूरको अनुसन्धान सम्बन्धी डायरी खडा गर्ने, सो डायरीमा कसूरको सूचना पाएको विवरण देखि अनुसन्धानको सिलसिलामा गरेको काम कारबाही सम्बन्धी विवरण उल्लेख गर्ने,
- पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्दा जाहेरी वा अपराधको सूचनाको सरकारी वकिल मार्फत एक प्रति अदालतमा पेश गर्ने,
- अनुसन्धानबाट देखिएको तथ्यका आधारमा कसूर गरेको शंका गरिएको व्यक्ति उपर मुद्धा चल्न सक्ने नसक्ने राय सहित अनुसन्धान प्रतिवेदन सरकारी वकिल समक्ष पेश गर्ने । यसको अर्थ प्रमाणका आधारमा कसूर भएको वा नभएको र शंकितको संलग्नता रहे नरहेको आधारमा ठोस राय पेश गर्ने भन्ने हो ।

## ६. निष्कर्षः

फौजदारी अपराधको अनुसन्धान आफैमा जटिल कार्य हो । यसले पर्याप्त सीप, ज्ञान र दक्षता खोज्दछ । यसका अलावा कानूनको पालना र प्रयोग पनि महत्वपूर्ण रहन्छ । अभियुक्तका अधिकारको सम्मान र प्रयोग गर्न सक्ने वातावरण निर्माण गर्ने कुरा पनि उत्तिकै आवश्यक रहन्छ । संविधान तथा कानूनले कसूरको अनुसन्धानका क्रममा कुनै पनि व्यक्तिका अधिकार कटौती गर्न सकिने व्यवस्था गरेका छन् । तर ती अधिकारको कटौती जथाभावी वा स्वेच्छाचारी रूपमा हुन नदिन अनुसन्धान अधिकारीलाई कानूनी जिम्मेवारी र दायित्व सुम्पेको पाईन्छ । एकातिर शंकितलाई अधिकार प्रदान गरिएको छ भने ती अधिकारको पालना र सम्मान अनुसन्धानकर्ताले गर्नुपर्ने अनिवार्य दायित्व सँगसगै राखिएको छ ।

शंकितलाई नियन्त्रण गर्ने कुरा, निज विरूद्ध प्रमाण संकलन गरी दोषी पुष्टि गर्ने कुरामा बिना कुनै पूर्वाग्रह कार्य गर्नपुर्ने हुन्छ । कानूनले दिएको जिम्मेवारी र अधिकारको प्रयोगमा शंकितका अधिकारको संरक्षण र कार्यविधिको अक्षरस पालना र प्रयोग गर्न सकेमा सन्तुलन कायम हुन सक्छ ।

♦♦♦

# अपहरण गर्ने वा शरीर बन्धक लिने सम्बन्धी अपराध



✍ उपन्यायाधिवक्ता
सोमकान्त भण्डारी °

## १. भूमिका

अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर व्यक्ति विरूद्ध गरिने एक गम्भीर प्रकृतिको अपराध हो। यो अपराध आफैंमा साध्य नभई अन्य कुनै निषेधित गैरकानूनी उद्धेश्य हासिल गर्नको लागि माध्यमको रूपमा गरिने आपराधिक कार्य हो र अधिकांश अवस्थामा यो कसूर संगठित रूपमा वा संगठित आपराधिक समूहद्वारा[1] गर्ने गरेको पाइन्छ। त्यसैले यसलाई संगठित अपराधको एउटा स्वरूपको रूपमा पनि लिने गरिन्छ।[2] व्यक्तिलाई अपहरण गरी वा शरीर बन्धक लिई फिरौतीको रकम (मुक्ति शुल्क) असुल उपर गर्ने, कतिपय अवस्थामा राजनीतिक स्वार्थ पूरा गर्न बाध्य पार्ने, हत्या लगायतका अन्य आपराधिक कार्य गर्ने गराउने, जबरजस्ती करणी, यौन दुराचार, जीउ मास्ने बेच्ने जस्ता अन्य आपराधिक कार्य गर्ने गराउने प्रयोजनको लागि पनि अपहरण गर्ने तथा शरीर बन्धक लिने कसूरहरू हुने गरेको पाइन्छ।[3] यो कसूर संगठित समूहद्वारा गरिने आपराधिक कार्य भएको र यस्तो अपराध गर्ने संगठित समूहको आपराधिक संगठनको सञ्जाल अन्तर्राष्ट्रिय रूपमा फैलिएको हुन सक्ने भएकोले यसलाई निषेध र नियन्त्रण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्र संघको महासभाले १५ नोभेम्बर, २००० मा बहुराष्ट्रिय संगठित अपराध

° एलएल.एम. (फौजदारी कानून र संवैधानिक कानून), उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

१. संगठित अपराध निवारण ऐन, २०७० को दफा २ (घ)।

२. प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी -२०७७), फौजदी कानूनको परिचय, (चौ.स.) लुम्बिनी प्रकाशन, काठमाडौं, पृ. ४५७।

३. फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७, दफाबार व्याख्यात्मक टिप्पणी, ललितपुर राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०७० ७, पृ. ३४१।

विरूद्धको महासन्धि (Convention against Transnational Organized Crime) पारित गरी यस्ता बहुराष्ट्रिय आपराधिक कार्यलाई सम्बद्ध राष्ट्रहरूले आपसी सहयोग र सहकार्यबाट नियन्त्रण गर्नुपर्ने र यसका लागि उक्त महासन्धिले गरेको कानूनी संरचना बमोजिम राष्ट्रिय कानूनलाई अनकूलन गर्नुपर्ने अपेक्षा गरेको छ ।[४]

अपहरण गर्ने तथा शरीर बन्धक लिने अपराधको प्रकृति र उद्धेश्य अन्य परम्परागत अपराधको भन्दा सारतः भिन्न हुन्छ । वि.सं. २०६४ सालमा मुलुकी ऐनमा बाह्रौं संशोधन गरी भाग चार अन्तर्गत महल ८ क थप गरी "अपहरण गर्ने तथा शरीर बन्धक लिनेको" छुट्टै महल अन्तर्गत कानूनी व्यवस्था गरिएको थियो । यस महलमा अपहरण गर्ने तथा शरीर बन्धक लिने कार्यलाई कसूर कायम गर्दै कसूरदारलाई सजाय गर्ने व्यवस्था गरिएको थियो । यस्ता कसूर सम्बन्धी कानूनको अभाव हुँदा धेरै अपराध बढी रहेको स्थितिमा व्यवस्थापिका-संसद्ले यो ऐन पारित गरेर नेपालको कानूनी इतिहासमा नयाँ आयम थपेको हो ।[५] मुलुकी अपराध संहिताको भाग दुई अन्तर्गत परिच्छेद-१७ मा "अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर" को व्यवस्था गरिएको छ ।

## २. अपहरण गर्ने अपराधको परिभाषा

'अपहरण' भन्नाले कुनै स्वार्थ साध्ने वा पैसा कमाउने उद्धेश्यले कुनै व्यक्तिलाई जबरजस्ती उठाएर लैजाने काम हो ।[६] 'अपहरण' भन्नाले जोरजुलुम वा जालसाज गरी कुनै स्त्रीलाई निजको इच्छा विरूद्ध लैजाने काम, फौजदारी कानूनमा कसैको पत्नी, बच्चा वा आश्रितलाई जालसाज गरी, ललाई फकाई वा खुला हिंसाबाट लगिने कसूर तथा कुनै स्त्रीलाई विवाह गर्ने र रखौटी बनाउने वा वेश्यावृत्ति गराउने उद्धेश्यका लागि गैरकानूनी रूपमा बन्दी बनाउनु वा भगाउनु हो ।[७] कुनै व्यक्तिलाई निजको इच्छा र सहमति बेगर डर, धाक र धम्की दिई वा बल प्रयोग गरी कुनै एक स्थानबाट अर्को स्थानमा जान बाध्य पार्ने वा निजलाई लैजाने कार्य यस सम्बन्धी कसूर हो ।[८]

४. ऐजन ।

५. ज्ञाइन्द्रबहादुर श्रेष्ठ, (२०७२), मुलुकी ऐन मूल दफा सहित टिप्पणी पूर्णरूपमा संशोधित तथा परिमार्जित संस्करण), काठमाडौं : पैरवी प्रकाशन, पृ. ८४४ ।

६. ने.प्र.प्र. (२०६७), नेपाली बृहत् शब्दकोश (पुनमुद्रित, संशोधित र परिवर्धित सातौं संस्करण), कमलादी, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ५६ ।

७. टोपबहादुर सिंह (२०७२), कानूनी शब्दकोश (संशोधित तथा परिवर्धित चौथो संस्करण), काठमाडौं : पैरवी प्रकाशन, पृ. ३९ ।

८. पूर्वपाद टिप्पणी नं. २, पृ. ४५७ ।

मुलुकी अपराध संहिताको दफा २११ को उफदपा (१) ले "कसैले कुनै व्यक्तिलाई अपहरण गर्न गराउन हुदैन" भन्ने व्यवस्था गरी अपहरण गर्नु (Commit) वा गराउनु (Cause to Commit) लाई निषेध वा अपराधीकरण (Criminalization) गरेको छ । संहिताको दफा २११ को उपधारा (२) ले "कसैले देहायको कुनै काम गरेमा निजले अपहरण गरेको मानिनेछ" भन्ने व्यवस्था गरेको छ :

**(क)** कुनै व्यक्तिलाई बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई, छलकपट गरी वा डरत्रासमा पारी, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई वा झुक्यानमा पारी वा नशालु पदार्थ वा मादक पदार्थ सेवन गराई वा कुनै व्यक्ति यात्रा गरी रहेको सवारी साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई वा त्यस उपर कुनै किसिमले नियन्त्रण गरी निजलाई कुनै ठाउँमा लगेमा वा जान बाध्य गराएमा वा,

**(ख)** कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा बालबालिका वा शारीरिक अशक्तताको कारणले अरूको आश्रयमा बसेको वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिलाई निजको बाबु आमा वा संरक्षकको मञ्जुरी विना वा झुक्यानमा पारी जबरजस्ती कुनै ठाउँमा लगेमा ।

'Kidnapping' को पर्यायवाची शब्दको रूपमा 'Abduction' लाई लिइन्छ ।

**३. शरीर बन्धकको परिभाषा (Definition of Taking of Hostage)**

'बन्धक' भन्नाले पैसा असुल्ने दृष्टिले कसैलाई थुनी राख्ने काम भन्ने बुझिन्छ । मुलुकी अपराध संहिताको दफा २१२ (१) मा "कसैले कसैको शरीर बन्धक लिन हुदैन" भन्ने व्यवस्था गरी शरीर बन्धक लिने (Hostage Taking) कार्यलाई निषेध वा अपराधीकरण गरिएको छ । संहिताको दफा २१२ (२) ले कसैले कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा बालबालिका र होस ठेगान नभएको व्यक्ति भए निजको आमा बाबु वा संरक्षकको मञ्जुरी विना बल प्रयोग गरी वा सो को धम्की दिई, डर त्रास देखाई, जोर जुलुम गरी, हातहतियार देखाई वा नदेखाई छलकपट गरी, झुक्यानमा पारी, नशालु वा मादक पदार्थ सेवन गराई, यातायातको साधन वा रहे बसेको ठाउँ कब्जा गरी वा नियन्त्रणमा लिई थुनामा वा नियन्त्रणमा राखेमा शरीर बन्धक लिएको मानिनेछ ।

मुलुकी अपराध संहिताको दफा २१३ (३) ले "मानसिक रूपमा अस्वस्थ

व्यक्तिलाई निजको बाबु, आमा वा संरक्षकको मञ्जुरी लिई असल नियतबाट सम्बन्धित व्यक्तिको हितको लागि उपचार गर्ने क्रममा वा अन्य कुनै प्रयोजनको लागि कसैको निगरानी वा नियन्त्रणमा राखिएकोमा शरीर बन्धक लिएको मानिने छैन" भन्ने व्यवस्था गरेको छ ।

**४. अपहरण गरी शरीर बन्धक लिने कसूर**

मुलुकी अपराध संहिता, २०७४ ले अपहरण वा शरीर बन्धक लिने अपराध छुट्टाछुट्टै पनि गर्न सक्ने र अपहरण गरी शरीर बन्धकमा पनि लिन सक्ने गरी यो अपराधको छुट्टै व्यवस्था गरिएको छ । संहिताले अपहरण र शरीर बन्धक अपराध अलग अलग हो । साथै अपहरण गरी शरीर बन्धक गरेको पनि हुन सक्ने परिकल्पना गरेको छ । यदि अपहरण गरी शरीर बन्धक लिएको अवस्थामा सो अपराधलाई व्यक्ति विरूद्धका अपराधमा कर्तव्य ज्यान र निश्चित उमेरका पीडित उपर हुने जबरजस्ती करणीमा हुने अपराध पछि गम्भीर अपराधको रूपमा लिएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ को उपदफा (१) ले अपहरण गरी शरीर बन्धक लिने अपराधलाई कसूर कायम गरी सजायको व्यवस्था गरेको छ । सो दफा अनुसार "दफा २११ बमोजिम अपहरण गरी दफा २१२ बमोजिम शरीर बन्धक लिने व्यक्तिलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाखदेखि एक लाख पचास हजार रूपैयाँसम्म जरिवाना हुनेछ" भनी व्यवस्था गरी अपहरण गरी शरीर बन्धक लिएकोमा सबैभन्दा बढी सजाय हुने व्यवस्था गरेको छ । यसर्थ, अपहरण वा शरीर बन्धकको कसूर अन्तर्गत यो तेस्रो किसिमका वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

**५. अपहरण वा शरीर बन्धक लिने कसूरमा समानता र भिन्नता**

| समानता | भिन्नता | |
|---|---|---|
| व्यक्ति विरूद्धको अपराध | **अपहरण** | **शरीर बन्धक** |
| स्वतन्त्रता विरूद्धको अपराध | एक ठाउँबाट अर्को ठाउँमा लगिन्छ | अर्को ठाउँमा जान बाध्य पारिन्छ |
| पीडितको सहमति हुँदैन | अर्को ठाउँमा जान बाध्य पारिन्छ | थुना वा नियन्त्रणमा राखिन्छ |
| कब्जामा हुन्छ | कमजोर वर्ग उपर | |

| समानता | भिन्नता | |
|---|---|---|
| | अपहरण | शरीर बन्धक |
| डर, त्रास, बल प्रयोग, छलकपट नशालु पदार्थ खुवाउने आदि | निजको, संरक्षकको वा अभिभावकको मञ्जुरी विना वा भुक्यानमा पारी वा नशालु पदार्थ खुवाइ कुनै ठाउँमा जबरजस्ती लगेमा वा जान बाध्य पारेमा कसूर हुन्छ | निजको, संरक्षकको वा अभिभावकको मञ्जुरी विना वा भुक्यानमा पारी नशालु पदार्थ खुवाई कब्जा वा नियन्त्रणमा राखेमा कसूर हुन्छ |
| सजाय बढाउने आधार हुन्छ | अपवाद छैन | अस्वस्थ व्यक्तिलाई अभिभावक वा संरक्षकको मञ्जुरी लिई असल नियतले उपचार गरेको कार्य कसूर हुँदैन |

**६. अपहरण गर्ने वा शरीर बन्धक लिनेमा सजाय**

मुलुकी अपराध संहिताको दफा २१३ ले "कसैले ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, मानिस बिक्री गर्ने वा दास बनाउने वा इच्छा विरूद्ध जबरजस्ती काममा लगाउने, वेश्यावृत्तिमा लगाउने, यातना दिने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, मुक्ति रकम लिने वा प्रचलित कानून बमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाउने उद्धेश्यले दफा २११ वा २१२ बमोजिमको काम गरे वा गराएको भए सात वर्षदेखि दस वर्षसम्म कैद र सत्तरी हजारदेखि एक लाख रूपैँयासम्म जरिवाना र त्यस बाहेक अन्य उद्धेश्यले गरे वा गराएको भए तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तीस हजारदेखि पचास हजार रूपैयाँसम्म जरिवाना हुनेछ" भन्ने व्यवस्था गरेको छ ।

मुलुकी अपराध संहिताको दफा २१४ मा अपहरण वा शरीर बन्धक लिने कसूरमा थप सजाय हुने कानूनी व्यवस्था गरेको छ । सो दफाको उपदफा (१) मा "दफा २११ बमोजिम अपहरण गरी दफा २१२ बमोजिम शरीर बन्धक लिने व्यक्तिलाई दस

वर्षदेखि पन्ध्र वर्ष सम्म कैद र एक लाखदेखि एक लाख पचास हजार रूपैयाँसम्म जरिवाना हुने" व्यवस्था छ । सोही दफाको उपदफा (२) मा "कसैले अपहरण गरी वा शरीर बन्धक लिई यस ऐन वा कानून बमोजिम कसूर मानिने अन्य कुनै काम गरेको रहेछ भने निजलाई त्यस्तो कसूर बापतको सजायमा उपदफा (१) बमोजिमको सजाय थप हुने" व्यवस्था छ । यसैगरी उपदफा (३) मा "दफा २११ र २१२ को कसूर सङ्गठित रूपमा गरे गराएको रहेछ भने त्यस्तो गराउने व्यक्तिलाई थप दुई वर्ष कैद सजाय हुने" व्यवस्था छ । ♦

गीति कविता

## जीवन



✍ **डा. बमबहादुर थापा 'जिताली'**

चौतारीमा बास बस्न आँटेजस्तो जीवन
शिकारीले हान्न ला'को चराजस्तो जीवन ।
जलुकीको पातमाथि पानी थोपा जस्तो
खहरेको भेलजस्तो पनि छ यो जीवन ।।

धरालाई हराभरा पार्न सके जीवन
बसुन्धराजस्तो पनि हुन सक्छ जीवन ।
शिल्पकला, पौरखमा शिर उठाएमा
हिमालको शिखर झैं उठ्न सक्छ जीवन ।।

छातीभित्र राष्ट्रियता विश्वासिलो भए
आमालाई हँसाउने काव्यकला भए
बुद्धले झैं ज्ञानज्योति फैलाउन सके
चन्द्र-सूर्यजस्तो पनि जीवन छ सखे ।।

पौरखमा बाँचेको पो ! जीवन्त छ जीवन
आकाश झैं फराकिलो अनन्त छ जीवन ।
मर्यादा र उदारता अँगालेको जीवन
कालजयी गीतजस्तो पनि हुन्छ जीवन ।।

ख्यालख्यालै बितेछ जोबन
संसारमा भुलेछ यो मन ।।

# वेदहरूको निष्कर्ष



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

संसारलाई हामी एक पटक मात्र देख्न सक्छौ, दोस्रो पटक सक्दैनौ । किनकी संसार प्रतिक्षण परिवर्तनशील छ अर्थात एक क्षण पहिले वस्तु जस्तो थियो, दोस्रो क्षण त्यो उस्तै रहदैन। जस्तै, सिनेमा हेर्ने समय पर्दामा दृष्य स्थिर देखिन्छ तर वास्तवमा उसमा प्रतिक्षण परिवर्तन भइरहन्छ । मेसिनमा फिल्म (रिल) छिटो छिटो घुम्नुको कारण त्यो परिवर्तन यति छिटो हुन्छ कि, त्यसलाई हाम्रो आँखाले पक्डन सक्दैन । श्रीमद्भागवतमाको ११-२२-४२ श्लोकमा भनिएको छ, **"नित्यदा सङ्ग भतानि भवन्ति न भवन्ति च । कालैनालक्ष्यवेगेन सुक्ष्मत्वात्तन्न दृष्यते ।"** अर्थात प्रतिक्षण नै शरीरहरूको उत्पत्ति र नाश भईरहन्छ, तथापी कालको गति अत्यन्त सुक्ष्म हुनाको कारण त्यसमा प्रतिक्षण उत्पन्न र नष्ट भएको थाहा हुदैन । यस भन्दा पनि अझ अचम्मको कुरा यो छ कि वास्तवमा संसार एक चोटी पनि देखिदैन । किनकी शरीर इन्द्रियहरू मन, बुद्धि आदि जुनकारण (साधन) बाट हामी संसार देख्छौ अनुभव गर्दछौ, ती कारणहरू पनि संसारका नै हुन् । वास्तवमा संसारबाट नै संसार देखिन्छ । जो शरीर संसारबाट सर्वथा सम्बन्ध रहित छ त्यस स्वरूपबाट संसार कहिले देखिदै देखिन्न । यसको तात्पर्य यो हो कि स्वरूपमा संसारको प्रतीति छैन । संसारको सम्बन्धबाट नै संसारको प्रतीति हुन्छ । यसबाट सिद्ध भयो कि स्वरूपको संसारसँग कुनै सम्बन्ध छदै छैन । अर्को कुरा संसार (शरीर, इन्द्रियहरू, मन, बुद्धि) को सहायता विना चेतन स्वरूप केही पनि गर्न सक्दैन । यसबाट सिद्ध हुन्छ कि मात्र क्रिया संसारमा नै छ । स्वरूपमा छैन । स्वरूपको क्रियासँग कुनै सम्बन्ध छदै छैन । संसारको स्वरूप हो क्रिया र पदार्थ। जब स्वरूपको न त क्रियासँग र न पदार्थसँग कुनै सम्बन्ध छ । तब यो सिद्ध भयो कि शरीर, ईन्द्रियहरू मन, बुद्धि सहित सम्पूर्ण संसारको अभाव छ । केवल परमात्मा तत्वको मात्र भाव

(सत्ता) छ । जो निर्लिप्तरूपबाट सबैको प्रकाशक र आधार हो । **"उभयोरपि दृष्टी अन्तस्त्वनयोस्तत्वद र्शिभिः"(गिता-२-१६)** अर्थात यी दुवै सत् र असत् देही-देहको तत्वलाई जानेवाला महा पुरूषहरूले यी तत्वहरूलाई देखेका छन् । यिनीहरूको निचोड निकालेका छन् कि केवल एक सत्-तत्व नै विद्यमान छ ।

असत् वस्तुको तत्व पनि सत् हो र सत् वस्तुको तत्व पनि सत् हो अर्थात दुवैको तत्व एक "सत्" नै हो, दुवैको तत्व भावरूपबाट (सत्ताको रूपबाट) एउटै हो । अर्थात सत् र असत् यी दुवैको तत्वलाई ज्ञानवाला महापुरूषहरूद्वारा जानेमा आउनेवाला एक सत् तत्व नै हो । असत्को जो सत्ता प्रतीत हुन्छ, त्यो सत्ता पनि वास्तवमा सत्को नै हो । सत्को सत्ताबाट नै असत् सत्तावान प्रतीत हुन्छ । यसै सत्तालाई "परा प्रकृति" (गिता-७-५) क्षेत्रज्ञ "गीता-१३,१,२" "पुरूष" (गीता१३-१९) र "अक्षर" गीता-१५-१६) भनिएको हो । तथा असत्लाई "अपरा प्रकृति", "क्षेत्र" "प्रकृति" "क्षर" भनिएको हो ।

अर्जुन पनि शरीरहरूलाई लिएर शोक गरिरहेका थिए कि युद्ध गर्नाले यी सबै मर्ने छन् । यस विषयमा भगवान भन्नु हुन्छ, के युद्ध नभएमा यिनीहरू मर्ने छन् ? असत् मर्छ नै र निरन्तर मरी नै रहेको छ । तर यसमा जुन सत् रूप छ, उसको कहिले अभाव हुदैन । यसकारण शोक गर्नु तिम्रो लागि बेसमझी नै हो। गीताको-२-११ श्लोकमा भनिएको छ जो मरिसकेका छन् र जो बाचिरहेका छन् उनीहरू दुवैको लागि पण्डितजन शोक गर्दैन । गीतामा "पण्डित" "धिर" "तत्वदर्शी" पद दिनुको तात्पर्य हो कि, जो विवेकी हुन्छन् समझदार हुन्छन्, उनीहरूलाई शोक हुदैन। यदी शोक हुन्छ भने तिनीहरू विवेकी होइन, समझदार होईनन् ।

सत्तामात्र 'सत्' हो र सत्ता बाहेक सबै प्रकृति र प्रकृतिको कार्य (क्रिया र पदार्थ) छन् ति "असत्" अर्थात परिवर्तनशिल छन् ।जुन महापुरूषहरूले सत् र असत् दुवैको तत्व देखेका छन् । अर्थात जसलाई सत्तामात्रमा आफ्नो स्वत; सिद्ध स्थितिको अनुभव भईसकेको छ । उनीहरूको दृष्टी (अनुभव) मा असत्को सत्ता विद्यमान छदै छैन र सत्को अभाव विद्यमान छदै छैन अर्थात सत्ता मात्र (सत्-तत्व) बाहेक केही पनि छैन । **"नासतो विद्यते भावो नभावो विद्यते सतः"** यी सोह्र अक्षरहरूमा सम्पूर्ण वेद, पुराण र शास्त्रहरूको तात्पर्य भरिएको छ । असत् र सत्, यी दुवैलाई प्रकृति र पुरूष, क्षर र अक्षर, शरीर र शरीरी, अनित्य र नित्य नाशवान र

अभिनाशी आदि अनेक नामबाट भनिएको हो । देखिने, सुनिने सम्भिने, चिन्तन गरिने निश्चय गरिने आदिमा जे कुराहरू अर्थात चिजहरू आउछन् ती सब "असत्" हुन । जसद्वारा देख्न, सुन्न, चिन्तन आदि गर्दछौ। तिनीहरू पनि 'असत्' हुन र देखिनेवाला पनि "असत्" हो ।

**"नासतो विद्यते भाव"** पदको अर्थ हो **"असतः भाव न विद्याते"** अर्थात असत्को सत्ता विद्यमान छैन । अर्थात असत्को अभाव नै विद्यमान छ । किनकी यसको निरन्तर अभाव (परिवर्तन) भइनै रहन्छ । असत् वर्तमान होइन । असत् उपस्थित छैन । असत् प्राप्त छैन । असत् पाएको छैन । असत् मौजुत (विद्यमान) छैन । असत् कायम छैन । जो वस्तु उत्पन्न हुन्छ त्यसको नाश पनि अवश्य हुन्छ । यो नियम हो । उत्पन्न हुने बित्तिकै तत्काल त्यस वस्तुको नाश सुरू भइहाल्छ । त्यसको नाश यति छिटो हुन्छ कि त्यसलाई दोस्रो पटक देख्न नै सकिन्छ अर्थात त्यसलाई एक चोटी देखेपछि फेरि दोस्रो पटक यसै स्थितिमा देख्न सकिदैन । यो सिद्धान्त हो कि जुन वस्तुको कुनै क्षण अभाव छ उसको सदैव अभाव नै छ अर्थात संसारको सदैव अभाव नै छ । संसारलाई जतिसुकै सत्ता दिए पनि जति महत्व दिए पनि वास्तवमा त्यो विद्यमान छदै छैन ।असत् प्राप्त छदै छैन । कहिले प्राप्त भएको नै छैन । कहिले प्राप्त हुँदा पनि हुदैन । असत् प्राप्त हुने सम्भावना छैन ।

**"नभावो विद्यते सतः" अर्थात "सतः अभावः न विद्यते"** सत्को अभाव विद्यमान छैन, प्रत्युत रातको भाव नै विद्यमान छ किनकी यसको कहिले अभाव (परिवर्तन) हुँदै हुदैन । जसको अभाव हुन्छ, त्यसलाई सत् भनिदैन । सत्को सत्ता निरन्तर विद्यमान छ । सत् निरन्तर वर्तमान हो । सत् निरन्तर उपस्थित छ । सत् निरन्तर प्राप्त छ । सत् निरन्तर मौजुद (उपस्थित) छ । सत् निरन्तर कायम छ । कुनै पनि देश, काल वस्तु व्यक्ति क्रिया घटना परिस्थिति, अवस्था आदिमा सत्को अभाव हुदैन । किनकी देश काल वस्तु आदि त असत् (अभावरूप अर्थात निरन्तर परिवर्तनशील) छन् । तर सत् सदा ज्यो का त्यो रहन्छ । उसमा कहिले पनि कति पनि कुनै परिवर्तन हुदैन । अर्थात सत्को सदा (सधैं) भाव छ । परमात्मातत्वलाई जति अस्विकार गरून जति पनि उसको उपेक्षा गरौं उसबाट जति विमुख भइहालौं, उसलाई जति तिरस्कार गरौं, उसलाई जुन तरिकाबाट खण्डन गरौं तर वास्तवमा उसको अभाव विद्यमान छदै छैन । सत्को अभाव कहिले केही गर्न सक्दैन । (गीत-२-१७) ।

**"उभयोरपि दृष्टः"** तत्वदर्शी

महापुरूषहरूले सत्-तत्वलाई उत्पन्न गरेका होईनन्, प्रत्युत देखेका हुन अर्थात अनुभव गरेका हुन् । यसको तात्पर्य यो हो कि असत्को अभाव र सत्को भाव, दुवैको तत्व (निष्कर्ष) लाई जानेवाला जीवनमुक्त तत्वज्ञ महापुरूष एउटा सत् तत्वलाई सही नै देख्दछन् अर्थात स्वतः स्वभाविक एक "छ" को नै अनुभव गर्दछन् । असत्को तत्व पनि सतः हो र सत्को तत्व पनि सत् हो । यस्तो जानी सकेपछि ती महा पुरूषहरूको दृष्टिमा एक सत्-तत्व "छ" भन्ने बाहेक अरू कसैको स्वतन्त्र सत्ता रहँदै रहन्न । असत्को सत्ता विद्यमान नरहनाले उसको अभाव र सत्को अभाव विद्यमान नरहनाले उसको भाव सिद्ध भयो । निष्कर्ष यो निकालियो कि असत् छदै छैन । प्रत्युत सत् नै सत् छ । त्यस सत् तत्वमा देह र देहीको विभाग (विभाजन) छैन । जबतक असत्को सत्ता छ । तबसम्म विवेक छ । असत्को सत्ता मेटिएपछि विवेक नै तत्व ज्ञानमा परिणत भइहाल्दछ, गीता -२-१६ श्लोक **"उभयोरापि दष्टो अन्तस्वन योस्तत्वदर्शिभि।"** यसमा "उभयोरापि" मा विवेक छ "अन्तः" मा तत्वज्ञान छ र "दृष्टः" मा अनुभव छ अर्थात विवेक तत्वज्ञानमा परिणत भयो र सत्तामात्र नै शेष रह्यो ।

एक सत्ता, सत्ता बाहेक केही पनि छैन, यो नै ज्ञान मार्गको सर्वोपरी कुरा हो । असत्को सत्ता छैन, यो सत्य हो र सत्को अभाव छैन, त्यो पनि सत्य हो । सत्यलाई स्विकार गर्न साधकको (बुद्धिमान मानिस) को काम हो । साधकलाई अनुभव होस् या नहोस् उसले सत्यलाई स्वीकार गर्नु नै छ । "छ" त्यसलाई स्विकार गर्नु पर्छ र "छैन" लाई अस्विकार गर्नु पर्छ । यो नै वेदान्त हो, वेदहरूको खास निष्कर्ष हो ।

संसारमा भाव र अभाव दुवै देखिए पनि "अभाव" मुख्य रहन्छ । परमात्मामा भाव र अभाव दुवै देखिए पनि "भाव" मुख्य रहन्छ । संसारमा "अभाव" को अन्तर्गत भाव-अभाव छ र परमात्मामा "भाव" को अन्तर्गत भाव-अभाव छ । अर्को शब्दमा संसारमा "नित्य-वियोग" को अन्तर्गत संयोग-वियोग छ र परमात्मा "नित्ययोग" अन्तर्गत योग-वियोग (मिलन-विरह) छ । अर्थात संसारमा अभाव नै रह्यो र परमात्मामा भाव नै रह्यो । ♦♦

**मुक्तक**

✍ **बबिता भुजेल**

सही होकि गलत काम सोच्दै सोचेन
हुन्छ हुन्न ज्यान आराम सोच्दै सोचेन
घनसँग पत्थरले दुस्मनी गर्नुअघि
कस्तो आउला परिणाम सोच्दै सोचेन

नियात्रा

# यांगरका सन्तान यताउति



✍ युवराज नयाँघरे

पुगौं-पुगौं भो मन !

थकाइ भुल्न पसारिएथ्यौं । तर यांगर पुग्ने रहरमा सुतिरहन मन मानेन । फेरि थकाइ, हैरानी र दिग्दारी सम्झिनै भएको छैन मैले ।

यांगर हिमालसँग आँखा जुधाउन पुगेथ्यो घाम । बादल धुम्मिएर हिमालका कुनातिर पसेर कानेखुसी गर्न लाग्दै थियो ।

'बेलैमा जाऊँ, बेलैमा फर्कौं !'

मेरा कुरा माने कन्जोकले ।

त्यसपछि हामी आधारबाट बाहिरियौं । घाम र बादलले अँगालिरहेको यालबाङसँग हावा पनि सिर्सिराइरहेथ्यो । दक्षिणतिरका डाँडाहरूमा हिउँ परूँ-परूँ भइरहेको लाग्थ्यो । तल कर्णालीका छाल उर्लिरहेको खबर हावाको फिर्फिराइमा देखिन्थ्यो ।

३२ जेठको डुब्दो घाम ।

महाबौद्ध विद्यालयबाट स-सानो झाडी भएर मूलबाटो पुग्यौं हामी । उत्तर र पूर्वी कुनाको गुम्बाका लुङ्ता हावामा फिर्फिराइरहेथे ।

बाटोमुनि सरकारी विद्यालय । बाटो मास्तिर भव्य गुम्बा ।

यी दुवैमा पठन-पाठन हुन्थ्यो । दुवैको शैलीमा थियो अलग पारा । तर पुग्ने निश्चित बिन्दु एकै थियो । हिँडाइ र सिकाइको ढङ्ग भने भिन्न-भिन्न ।

स्कुलमा थुप्रै केटाकेटी थिए । गुम्बा नि उत्ति नै देखेथैं ।

'हरेक घरबाट गुम्बामा गएकै हुन्छन् !'

कन्जोकले भने ।

परम्परागत शिक्षा भएकाले यसको छुट्टै महत्व र छाप लामा समुदायमा रहेछ । प्रचार धर्मको भए पनि नीति, सिद्धान्त र व्यवहारका सरल रूप पनि गुम्बाले सिकाउने गर्छ नै ।

यांगर गइरहेका छौं ।

हावा बेस्सरी चलेको छ । बाटोको धुलोले भन्दा पनि हावाको तिखो लहरले अनुहार छेडिरहेको छ, ताछिरहेको छ, पखालिइरहेको छ । काने टोपी तानेको तानेकै छु म ।

काँडे पोथ्रा छन् । पश्चिम बेगिएको बाटोको उत्तरतिर हिउँले कन्याककुरूक पारेको पहाड छ । ढुङ्गाको थाक छ भने नि हुने । अनौठा रूपका चट्टानमा अनौठा रङको चमक थुप्रिएको देख्छु ।

पहिला-पहिला यताका मान्छे ज्ञानगुन सिक्न तिब्बत जान्थे । गाउँतिर गुम्बाको चलनै रहेनछ ।

दलाई लामा भागेर यता आएपछि दलाईका अनुयायीहरू नि हुम्लातिरै पसेर ज्ञानगुन सिकाउन थालेछन् । अवतारी लामा र रेखी लामा गरी दुई खालका लामाले हुम्लाको लामा समाजमा गहिरो योगदान पुगेको रहेछ ।

सामाजिक काम, प्रवचन, नीति, कर्मको मूल्य आदि बारे अवतारी लामाले सिकाउने प्रचलन रहेछ । त्यस्तै जन्म, मृत्यु, विवाह र अन्य लोक मान्यताको सिकाइमा अवतारी लामाले ज्ञान दिँदा रहेछन् ।

रेखी लामाले गाउँमा चाडपर्व, मूल्य र महत्वबारे प्रकाश पारी जीवन सहज र सरलीकरण गराउँदा रहेछन् । गुफामा बसेर अथाह ज्ञान बटुलेका रेखी लामाको चिन्तन पनि अपार हुँदोरहेछ ।

दलाई लामाले तिब्बत छोडेसँगै धेरै लामाहरू भारत पसे । कतिले हुम्लामै बसेर आफूलाई ज्ञान, चिन्तनमा डुबाए । कति खम्पाहरू यतै बसेर चीनसँग लडिरहे ।

त्यो बेला नेपाली र खम्पा बीच पनि पटक-पटक द्वन्द्व भएछ । त्यसका धेरै अवशेष म यालबाङतिर नि देखिरहेको थिएँ ।

बाटो कटनीसँग तिब्बत, दलाई र खम्पाबारे कुरामा कुरा गाँसिएर आए । यालबाङको गुम्बा देखिउन्जेलमा निकै कुरा भए कन्जोक र मेरा ।

बाटोमा भेटिएको छोर्तेन नाघेर हामीले निकै तेर्छो पार गर्‍यौं । झरूँ-झरूँ भएका डरलाग्दा चट्टान थिए । खसेर हामीलाई धुलोपीठो पारूँला भएका देखिन्थे । खस्नै आँटेका अरिमट्ठे र जर्खरिएका ढुङ्गाका थाक हेर्दै गइरहेको छु म ।

चिनियाँ सहयोगमा यतातिर गुम्बा, छात्रावास, विद्यालय बनेका रहेछन् निकै नै । बाटो उत्तर एउटा छात्रावास देखियो-चीनकै सहयोगको ।

'हाम्रा गाउँमा चौरूरी बाँडे ताक्लाकोटेले !'

हिजो बुरामसेलीका छिरिङ लामा र मुचुका कुन्दुई लामाले भनेथे । यारीकै वाङ्ग्याल, गथोक र ताक्पार लामाले नि थपेथे- 'चिनियाँहरू यता चौंरी, जोप्क्यो किनिदिएर धर्म गर्छन् !'

खासगरी चिनियाँ सरकारले कृषि, पशुपालनमा राम्रै लगानी गरेको रहेछ-तिब्बती समुदायमा । निश्चित

चौंरी पाल्नुपर्ने भएकाले बढी भएका चौंरी हुम्लाका गाउँ-गाउँमा दिएको अनुमान नि मैले यालबाङतिरै सुनेथैं । 'चौंरी दान निकै हुने गरेको छ चिनियाँबाट !'

कन्जोकले भनेको सुनिरहेको छु । तेर्पे मोडिएर गयो हिल्सातिरै । मैले अब त्यो बाटोलाई हात हल्लाएर विदा गरें ।

'यता झरौं यता !'

छात्रावास कटे लगत्तै घुम्ती पछिको सानो गोरेटोतिर कन्जोक लागे ।

म पनि उनलाई पछ्याउन लागें । बाटो ओरालो, भिरालो र गिर्खे ढुङ्गाको छापोले भरिएथ्यो । जिउ थेग्यो, खुट्टा नअडिने । खुट्टातिर हेर्न थाल्यो-ज्यान हुत्तिने । यस्तै तिरिमिरी झ्याइँमा ओर्लिरहें म ।

समात्ने बुटा परें काँडैकाँडा । सुलुत्त-सुलुत्त चिप्लिने गिर्खे भीर । सुलुलु पुगुँ-पुगुँ भइरहेको छु ।

अलिक तल पुगेपछि कन्जोक आफैं आए, डोऱ्याउन मलाई ।

यस्तो अत्यास लाग्दो बाटोमा नि म उत्तर र दक्षिणका सेता हिउँचुली हेरेर थाकेको छैन, गलेको छैन, सुस्ताएको छैन । जीवनमा उज्यालो र अँध्यारो एकैचोटी आए पनि उज्यालोले धुकधुकीलाई एक सर्को हेरिदिँदा नि लाख हुँदो रैछ । यस्तै सम्झिन्छु म यतिबेला ।

सेता बादलको उज्यालोले अकास खुलेको छ ।

'किन कर्णाली यति धमिलो ?'

'हिउँ पग्लेर बग्यो होला नि !'

कन्जोक बोले ।

हामी तलै झरेछौं ।

'ओहो, गजब देखियो- यांगर !'

'अब पुगियो !'

कर्णालीसँग टाँसिएर बसेको यांगर गाउँ हेरेर मग्न छु म । गाउँ पश्चिमको पहाडी भित्तामा थियो-आनी गुम्बा । पेमा रिक्साल लामाकै पसिनाले बनेको रहेछ-यो गुम्बा पनि ।

ओरालोमा थिग्री-थिग्री तल सजिलो बाटोमा पुगियो । मेरा पाखुरामा थपक्क समातेका छन्-लामाले । कुइनेटाबाट मज्जैले देखियो यांगर ।

उत्तरी कुनाबाट छहरे खोला छङछङाएर बगिरहेथ्यो । पूर्वतिर हरियालीले छपक्कै ढाकेथ्यो-आलु, केराउ, उवा, गहुँको हरियै लहलह ।

तल्तिर गाउँ, माथि गुम्बा थियो । अझ मास्तिर थिए गुफा ।

यांगर-जति गइरहेको छु नजिकै । सुन्दर, झुरूप्प र अँगालोमा कसिएको गाउँ लागिरहेको छ । लुङ्ताको फरफर छ हरेक घरका छाना र आँगनमा ।

२८ घरधुरी रहेछन्- यांगरमा ।

'यो गाउँमा अन्तका केटी

आएका छन् ?'

मैले सोधें ।

'अँहं, छैनन् । माथिका केटी तल जानु हुँदैन भन्ने विश्वास छ ।'

'त्यै भएर यांगरका केटी सिमिकोटतिर बढी बिहे भएका छन् । सिमिकोटका केटी यांगरमा आएका छैनन् ।'

कन्जोकले बताए ।

'सकेसम्म लामा गाउँमा आफ्नै गाउँका केटी भित्र्याउने चलन छ ।'

गाउँकै केटी ल्याउँदा धेरै बलियो नाता जोडिने विश्वास लामा समाजको हुँदोरहेछ । खर्क जान, घर चलाउन, गाउँकै केटी भित्र्याउने गरिँदो रहेछ । सकेसम्म गाउँ बाहिरको केटी बिहे गरी नल्याउने परम्परा अहिलेसम्म यालबाङ, यांगर लगायतका गाउँमा रहेछ ।

आमापट्टि रगत नाता र बुबातिर हाडनाताको चलन रहेछ यता पनि । कुल नाता चैं खलकलाई मानिन्छ । आफ्नै गाउँका केटीसँग बिहे हुँदा व्यवहार, विधि र संगतमा सघाउ पुग्ने मान्यता रहेछ यांगरमा ।

घर-ज्वाइं ल्याउँदा उसको घरपूजा छोरीकै हुँदोरहेछ-तर वंश र हाडनाता चैं ज्वाइंकै मानिने चलन रहेछ यांगरमा ।

२२ घर ढुङ्गा माटो र काठका टाँडे घर थिए । सबै घरका अगाडि ह्वाङ्ग मटान थियो । ६ वटा घरमा छाना थिए नीला-जस्ताका ।

'पुरानोलाई जित्दै गएको हो कि ?'

मैले सोधें ।

'जस्तापाता ल्याउन नि सजिलो । छिटोछरितो । हुनेले पुरानोभन्दा नि नयाँतिर ढल्कन थाले ।'

कन्जोग बोले ।

खोल्सो तरेर गाउँ छिर्‍यौं हामी ।

एकसय साठीको वरपरमा जनसंख्या रहेछ यांगरमा । झुरूप्प थिए घरहरू । सानो गोरेटो भएर गाउँ पस्दा मान्छेहरू फाट्टफुट्ट हँसिँया जस्तो धार नभएको हतियार बोकेर घर हिँडिरहेथे ।

'कँमा हो यो !'

'खन्ने र खोस्रिन सजिलो हुने रहेछ ।'

कन्जोगले नाम चिनाएपछि मैले हँसिया जस्तो हतियार यसो चलाएँ ।

हरेक घरका आँगनमा दाउराका चाङ थिए । बाटैभरि घोडा, खच्चड, झोपा, जुमाको मलले भरिभराउ थियो । आराले चिरेका काठको रास घरभरि थियो ।

नाक फुट्ला जस्तो भयो मलाई त । लिदी गनाएर अत्तालिएँ म ।

'के खान्छन् त यहाँकाले ?'

'फलेको केही नि म देख्दिनँ ?'

मैले रोकिई-रोकिई खसखस पोखें ।

'जडीबुटी खोज्छन् । कामका लागि वर्षको एकचोटि ताक्लाकोट जान्छन् ।'

हामी बस्ती पसेर यताउता हेर्न थाल्यौं । रित्ता थिए घरहरू । चकमन्न घरमा बेला-बेला लुङ्ता हल्लिएर सुनसान भत्काउँछ फरफर... फरफर... ।

पूर्वपट्टि खेतमा गरैगरा छन् । कर्णालीको सेता लहरसँग यांगरका आइमाई, केटाकेटी सबै नङ्ग्रा खियाइरहेका छन् ।

हरियो सागको भारी अँगालोभरि टिपेर आएकी थिइन्- छेलिङ लामा ।

'बोर्डिङमा नि हालें । गुम्बा र सरकारी स्कुलमा नि हालें ।'

छोराछोरी सबैतिर हालेको अनुभव छेलिङले सुनाइन् ।

म हाँसें ।

'सबैलाई भाग पुऱ्याएकी रे छरछार गरेर !'

कन्जोगले भनेपछि अरू नि हाँसे ।

छेउमा थिइन्- छपाल लामा ।

गाउँ छोडेर कतै नगएकाहरू निकै भेटिए यांगरमा ।

'खोलापारि वनमा । कि त वारि गाउँमै !'

छिरिङ डोमाले भनेकी थिइन् ।

'मैले दुई आँगन टेकें । तीन घर पर म जन्मेको आँगन छ, तीन घर यता मैले छोरी जन्माएको आँगन ।'

लोप्साङ छिमीले भन्दा मभित्र हजार खुल्दुली उम्रिए । मैले धारामा पानी थापिरहेकाहरूसँग निकै कुरा गरें । दुःख, अभाव र गरीबीका कहालीलाग्दा भड्खारा यांगरमा थिए ।

ती भड्खारामा भासिएर बाहिरिन खोज्नेहरूका आँखासँग आँखा जुधाउन मलाई गाह्रो परिरहेथ्यो ।

'एक पटक पुगेको म । सुर्खेत कि सिमिकोट । थाहा छैन ।'

छेलिङले पनि थपिन् ।

नसकी-नसकी नि सुनें मैले ।

'ह-ह !'

लामाले यसो भन्दै अगाडि बाटो तताए ।

'हुन्छ, छुटौं त !'

संकेत यही रहेछ कन्जोगको भनाइको ।

गएकै गोरेटो भएर हामी खोल्सोमा आयौं । लिदीले गाउँ गनाएको थियो ।

त्यही गन्धपुरीमा यांगरको संसार बिहान, दिउँसो र रात भएर कटिरहेथ्यो ।

एक जना वृद्ध भेटिए ।

घरका छतमा ३-४ जना केटाकेटी हेरिरहेथे उनी । ती केटाकेटी सबै झिँगाले छोपिएका थिए । मौरीका

बथान जस्तो झिँगाले केटाकेटीका मुख, नाक, आँखा र ओठका कुनाकाप्चा छोपिएथे छपक्कै । वृद्धले सिँगान पुछेका औंलामा नि झिँगाले पुरै निलिसकेथे ।

पाल दोर्जेबाट हामी पूर्व लाग्यौं ।

अघि झरेको ओरालीले बोलाइरहेथ्यो । तर हामीले उसलाई नै विदा गर्‍यौं ।

'नयाँ बस्ती भएर जाऊँ ।'

कन्जोग लागे बाटो ।

बाटोमा ३ वटा छोर्तेन थिए । त्यसलाई मनैले फन्को मार्‍यौं । खुट्टाभन्दा नि मन नै पवित्र हुन्छ । त्यै भएर हामीले वरैबाट श्रद्धा बोलेका थियौं ।

यांगरमा अघि-अघि बहुपति प्रथा थियो । हिजोआज हरायो रे ।

'कम भयो । भित्रभित्रै भए नि, कम बाहिरिन्छन् ।'

कन्जोगले भने ।

'धेरैले भन्दैनन् ।'

उनले थपे ।

बस्तीतिर छिरिरहेका छौं । टुप्लुकिइरहेका छन् सुकिला घर ।

दक्षिणतिरको फाँट र खेतबाट आइमाईहरू कँमा लिएर आइरहेका छन् । अनुहारमा दुःखभन्दा नि आशाको रेखा भेटिन्छ ।

'गोडेर आएका छौं । फल लाग्ला नि त ।'

डोमाले भनिन् ।

अलिक अगाडि पुग्दा घरबाट धुवाँ पुत्पुताइरहेको देखियो । घरभित्र चिहाए कन्जोगले ।

'पसौं न !'

भित्रबाट बोलाइरहेपछि हामी छिर्‍यौं घरमा ।

खच्चड खेदेर अहिले झिँगा धपाउँदै लर्बरिइरहेका भेटिए- जगबीर र हिरालाल सार्की ।

'खच्चड किन्न आएको । भाउ मिलेन बड्डा ।'

हिरालालले भने ।

सार्कीहरूसँग अरू कुरा नि भए । किताबभन्दा खच्चड खेद्न रमाइलो भएको उनीहरूले भनिरहे । मैले किताब अझै खेदे नि हुन्छ भनिरहें ।

घोडामर्चा चिया पाकिसकेछ । खायौं दुईटैले ।

हिँड्ने बेलामा चौरीको छुर्पी हातमा नि दिइन् । एक पोको नि पारिदिइन्-कुन्साङ लामाले ।

मैले कुटुक्क टोक्दै २-४ पैसा दिन खोजें ।

'हुँदैन, नाइँ ।'

'एक्लै आया भए लिन्थें । आफन्तीसँग आयाका छौ ।'

कुन्साङले मानिनन् ।

साँझ घर्किन थाल्यो । अनि यालबाङ लाग्दा माथिबाट तल हुम्ला

कर्णालीको मलिलो तीर देखिन्थ्यो-हरियो, पहेंलो, कालो, नीलो ।

औधी रमाइलो लागिरहेथ्यो । पहाड, हिउँ, खेत र खोलाको तह-तहमा आँखा ओछ्याइएर म पाइला घिसारिरहेथें ।

हिल्सा जाने बाटो बटारिँदै-बटारिँदै गइरहेथ्यो । त्यसलाई पछाडि पारेर हामी पूर्व हानिइरहेथ्यौं ।

यांगर-कति सुन्दर । यांगर-कति लोभलाग्दो । यांगर-कति मोहक । यांगर-कति शान्त ।

पहाडको चेपमा बसेको सौम्य बस्ती-यांगर ।

शान्त र चकमन्नको संसारले घेरेको छ यांगरलाई । वन, पहाड र हरियालीले अँगालेको छ यांगरलाई ।

मैले झम्टी-झम्टी हेरें यांगरलाई । मैले घोरिँदै-घोरिँदै हेरें-यांगरलाई । मैले घरी-घरी हेरें यांगरलाई । मैले फर्की-फर्की हेरें-यांगरलाई ।

यांगरका सबै मान्छे तल फाँटमा थिए । खेत र गरामा थिए । आली र बालीमा थिए ।

बाटोमा फाट्टफुट्ट भेटिन्थे कँमा बोकेर फर्किरहेका । बूढाबूढी थिए ती सबै । धेरै चाउरी परेका बूढीहरू थिए ।

मैले बाटो काटिरहँदा यांगर हिमाल, हुम्ला कर्णाली र यालबाङको चौरसँग मन गाँसिरहेको थिएँ । पुया खोलाको गोरेटो र याला जाने ठाडै उकाली नि निहालिरहेकै थिएँ ।

जीवनसँग यी सबै गाँसिएका छन् ।

माथि-माथिका खर्कहरू हेरिरहेको छु । बुकी फुल्ने पाटनहरू नि निहालिरहेकै छु । कर्णालीले पखालेका सुकिला ढुङ्गामा लहलहाएका लहरामा जीवनका खँदिला शब्दहरू जोरजाम गरिरहेको छु ।

त्यतातिर एउटा विश्वास रहेछ्-धर्तीबारे ।

'सबसे माथि आकाश । आकाशमुनि हिमाल । हिमालमुनि बुकी फूल । बुकी फूलमुनि चट्टान । चट्टान मुन्तिर जङ्गल । जङ्गलमुनि बस्ती । बस्तीमुनि नदी ।'

यो विश्वासलाई जोडेर हुम्लीहरू गीत पनि गाउँदा रहेछन् ।

यसरी नै प्रकृति मिलेमा राम्रो मानिन्छ । यो राम्रोभित्र धर्तीको सबै कुरा उत्तम हुन्छ । त्यो उत्तमले जीवनको हरेक क्षण सत्यम् पार्छ, शिवम् तुल्याउँछ र सुन्दरम् बनाउँछ ।

यालबाङ पुग्दा नाङ्ले जून टहटहाइरहेथ्यो पूर्वतिर । छातीमा त्योभन्दा ठूलो चन्द्रमा हाँसिरहेथ्यो खित्काएर-यांगरको जून ।

कहिले लेखिएका यांगरको साँचो कथा ? ♦♦♦

# नेपालमा सम्पत्ति शुद्धीकरणको आवश्यकता तथा महत्व-समस्या र सुझाव



✍ गम्भीरबहादुर हाडा

गैरकानूनी रूपमा आर्जित आयलाई रूपान्तरण गर्दै वैध बनाउने प्रयासलाई सामान्य अर्थमा सम्पत्ति शुद्धीकरण भनिन्छ । यो वित्तिय कारोबारको त्यस्तो पाटो हो जसमा सामान्यतया कुनै कसूर वा आपराधिक कार्यबाट आर्जित आम्दानीलाई वैध सम्पत्तिमा बदलेर विभिन्न ढंगले कानूनी स्वरूप दिने प्रयास गरिन्छ । अर्को शब्दमा भन्नु पर्दा सम्पत्ति शुद्धीकरण वित्तीय कारोबारको त्यस्तो पक्ष हो जसमा आफूले अवैध वा कसूर गरी कमाएको सम्पत्तिको वास्तविक उत्पत्ति र स्रोत लुकाउने एवं छिपाउने र विभिन्न वित्तीय कारोबारको माध्यमबाट नयाँ कानूनी स्रोत सिर्जना गर्ने प्रयास गरी त्यस्तो सम्पत्तिलाई शुद्ध बनाउने प्रयत्न भएको हुन्छ । सम्पत्ति शुद्धीकरण सम्बन्धी अन्तर्राष्ट्रिय संस्था वित्तिय कारबाही कार्यदल (फइनान्सिल एक्सन टास्कफोर्स, एफ. ए. टी.एफ) ले सम्पत्ति शुद्धीकरणलाई अपराधजस्तो नराम्रो स्रोतबाट प्राप्त आम्दानीलाई छिपाउन गरिने प्रक्रिया भनी परिभाषित गरेको छ । त्यस्तै सम्पत्ति शुद्धीकरणलाई वित्तीय कारोबारलाई गैरकानूनी आर्जनको परिचय, स्रोत वा गन्तव्यलाई छिपाउने व्यवहार भनी व्याख्या गरेको छ ।

उपरोक्त परिभाषा र भनाईका आधारमा संक्षेपमा भन्नु पर्दा गैरकानूनी वा आपराधिक धन्धाबाट प्राप्त आयलाई कानूनसम्मत सम्पत्तिमा रूपान्तरण गरी वैधानिक गर्ने क्रियाकलाप नै सम्पत्ति शुद्धीकरण हो । सम्पत्ति शुद्धीकरणमा त्यस्तो आयको उत्पत्ति, वास्तविक स्रोत र प्राप्तिको स्थान लुकाएको एवं छिपाएको र कृत्रिम तर कानूनी स्रोत सिर्जना गरिएको अवस्था रहन्छ । कुनै पनि व्यत्तिले गैरकानूनी आयलाई सम्पत्तिमा रूपान्तरण गरी सम्भाव्य कारबाहीबाट बच्न र त्यस्तो सम्पत्ति शुद्ध बनाई सो को मालिक बन्न गरिने प्रयासलाई नै अर्को शब्दमा सम्पत्ति

शुद्धीकरण भनिन्छ । अतः गैर कानूनी एवं आपराधिक कार्यबाट कमाएको आयलाई समयको अन्तरालमा वैध सम्पत्ति वा "सेतो धन" मा रूपान्तरण गरी कानूनी एवं वैधानिक बनाई समाजमा सभ्य नागरिको रूपमा स्थापित हुने प्रयासलाई नै सम्पत्ति शुद्धीकरण हो भन्न सकिन्छ ।

नेपालमा पनि अन्तर्राष्ट्रिय परिस्थीतिको कारण नै भन्नु पऱ्यो अपराध जन्य कार्यहरूबाट प्राप्त सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्ने उद्धेश्यले सम्पत्ति शुद्धीकरण ऐन २०६४ माघ १४ देखि प्रारम्भ भएको हो । ऐनमा जुनसुकै अवैध स्रोतबाट अर्जित आयलाई सम्पत्ति शुद्धीकरणको अपराध मानेको छ । ऐनको दफा ४ मा के-के कार्य सम्पत्ति शुद्धीकरण भित्र पर्ने भनी प्रष्ट पारेको छ भने सरकारले राजपत्रमा २०६५ चैत्र २७ मा १३ र २०६६ चैत्र २३ मा अरू ४ बुँदा समेत थपेर सम्पत्ति शुद्धीकरणको अपराध भित्र पारेको छ । यस ऐनको प्रावधान अनुसार कुनै पनि अवैध स्रोतबाट कमाएको सम्पत्ति यो ऐनको दृष्टिमा अपराध बन्न जान्छ । यस्ता अपराध कायम भएमा सम्पत्ति जफत भई कैद सजाय समेत हुने व्यवस्था छ । नेपालमा मुद्धा हेर्ने जिम्मेवारी विशेष अदालतलाई सुम्पेको छ । ऐन लागू भएपछि केही मुद्धा दायर भई फैसला भएका छन् भने केही विचाराधीन र केही अनुसन्धानमा छन् । पक्राउ भएका र मुद्धा चलेका विवादमा कुनै पनि राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग, नेपाल राष्ट्र बैंक, वित्तीय जानाकारी एकाईका सुराकिको सुराकबाट कारबाही सुरू भएको देखिदैन । यो विभागको संगठनलाई सुदृढ बनाईनु पदर्छ । उसकै आफ्नो अनुसन्धान तहकिकात क्षमता बलियो हुनुपर्दछ । सूचनाको स्रोत भरपर्दो हुनुपर्दछ । सम्पत्तिको स्रोतको सम्बन्धमा विस्तृत र गहिरो अनुसन्धान भएको पाईदैन । विद्यमान संगठनका कमजोरी निराकरण गर्नेमा राज्य लाग्नु पर्दछ । विभागको संरचनात्मक ढाँचा र जनशक्तिको स्थिती हेर्दा पनि अर्काले पक्राउ गरेर ल्याईदिएपछि अनुसन्धान गर्नुभन्दा अभियोग लगाउन मात्र सक्षम रहेको भन्ने जनमानसमा भ्रम परेको छ । अनुसन्धानका पक्षमा पनि यो नयाँ विषय भएकोले अनुभवको कमी देखिन्छ । विभागको बनावट हेर्दा राजस्व सेवाका कर्मचारीहरूको बाहुल्यता रहेको पाईन्छ । जसले कर भन्सार, अन्तशुल्क लगायतका क्षेत्रमा पनि काम गरेका हुन्छन् । सम्पत्ति शुद्धिकरण अपराध अनुसन्धानमा पर्ने अभियुक्तसँग तिनीहरूको धेर थोर

नजिक सम्बन्ध हुन्छ। जसले अनुसन्धानमा प्रभाव पार्ने हुनाले यी विभागहरू स्वतन्त्र सम्वैधानिक निकायको रूपमा राख्नुपर्दछ ।

सम्पत्ति शुद्धिकरणसम्बन्धी कानूनको रूपमा तीन वटा विधेयक वा ऐनको चर्चा भईरहेको छ । तर ती तीनै वटा ऐनहरूको नाममा सम्पत्ति शुद्धीकरण भन्ने वाक्यांश चाहीं परेको छैन् । संयुक्त रूपमा सम्पत्ति शुद्धीकरणसम्बन्धी कानून वा ऐनको रूपमा चिनिने ती कानूनहरू संगठित अपराध निवारण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, सुपुर्दगीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन र पारस्परिक कानून सहायता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन हुन्। संगठित अपराध निवारण गर्ने सम्बन्धमा व्यवस्था गर्ने कानून नबनाउदा सम्म नेपाललाई कालो सूचिमा राख्ने कुरा टरिसकेको हुने छैन् । ऐनको यो व्यवस्था सम्बन्धमा नेपालको निजी क्षेत्रले निकै चर्को प्रतिक्रिया व्यक्त गरिसकेको छ । वास्तवमा ऐनको यो व्यवस्था लागु हुने हो भने नेपालमा आज सम्मका क्रान्ति वा राजनैतिक परिवर्तनले गरेका परिवर्तन भन्दा पनि ठूलो प्रभाव पार्ने भएको हुनाले यो व्यवस्था सहज रूपमा लागु हुन नसक्ने पनि सम्भावना छ । नेपालको व्यापार व्यवसाय अधिकांश अनौपचारिक रूपमा गरिने, औपचारिक रूपमा गरिने व्यापार व्यवसायको पनि उचित हिसाब किताब नराख्ने प्रचलन भएको हुनाले ऐनको यो व्यवस्था कार्यान्वयन गर्न निकै ठूलो चुनौती आईपर्ने छ । समाजमा रहेको एउटा वर्ग जसले अदृश्य तथा अनौपचारिक आम्दानीमा रमाई रहेको हुन्छ, ठूलो मात्रामा बैंक मौज्दात राखेको हुन्छ त्यस्तो व्यक्तिको लागि पनि ऐनको यो व्यवस्था गल पासो सरह नै साबित हुने छ ।

नेपाल राष्ट्र बैंकमा वित्तीय जानकारी इकाई (वि.जा.इ वा एफ.आई.यू.) खडा गरिएको छ । वि.जा.इ.मा जानकारी दिने सूचक संस्थाहरूमा बैंक वित्तीय संस्था, सहकारी, मुद्रा सटही र विप्रेषण, बीमा, धितोपत्र, क्यासिनो, मालपोत, कम्पनि रजिष्ट्रार, भन्सार, कर लगायतका विभिन्न १२ वटा सरकारी निकाय, सुन चाँदी तथा बहुमूल्य धातु र पत्थर व्यवसाय, लेखा परीक्षक, कानून व्यवसायीका तथा पेशागत क्षेत्रहरू पर्दछ । वित्तीय जानकारी इकाइले समन्वय समितिको समेत निर्णय गराई विभिन्न नियामनकारी निकायहरूमा सुपरीवेक्षण मार्गदर्शन बनाई पठाएको छ। गृहमन्त्रालय अन्तर्गत नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले लागुऔषध, आतङ्कारी कार्य, संगठित अपराध, सीमा तस्करी

तथा विदेशी विनिमय नियन्त्रण सम्बन्धी कार्य गर्ने गर्दछ । अन्य सम्बन्धित अपराध अनुसन्धान गर्ने निकाय समेत यसमा रहनुपर्ने कानून व्यवस्था छ । सम्पत्ति शुद्धीकरण निवारण अन्तर्गतका सबै मुद्दाहरू महान्यायधिवक्ताको कार्यालय मार्फत अभियोग सहित विशेष अदालतमा दायर गरिन्छ ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को दोस्रो संशोधन अनुरूप नियमावलीमा संशोधन गरी लागु गर्ने गराउने। सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी अनुसन्धान कार्यविधिलाई अद्यावधिक गरी लागु गर्ने गराउने । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियापलापमा वित्तिय लगानी निवारण रणनीति तथा कार्ययोजना २०६८-२०७३ को प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने । विभागको विद्यमान संगठन संरचनालाई अनुसन्धान प्रभावकारी हुने गरी कार्यमूलक बनाउने र सचेतनामूलक, प्रबर्द्धनात्मक लगायतका कार्यहरूमा समेत समुचित ध्यान दिने केन्द्रीयस्तरमा मात्र संगठन संरचना रहेको विभागले शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानीसँग सम्बन्धित एव प्रभावकारी अनुसन्धान गर्न सक्ने गर्ने । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका क्षेत्रमा कार्य गर्ने अन्तर्राष्ट्रिय समुदाय साझेदार निकाय एव संस्थासँग आवश्यक सम्वन्य गरी आपसी हित र सहयोगका विषयमा पारस्परिक समझदारी कायम गरी सहयोग आदानप्रदान गर्ने । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानीसम्बन्धी अपराधको क्षेत्रमा उपयोग गरिएका नवीनशैली एवम् पद्धतिलाई पत्ता लगाउन सक्ने किसिमले विभागको संस्थागत क्षमता अभिवृद्धि गर्ने । विभागमा कार्यरत कर्मचारीहरूको विषयसँग सम्बन्धित ज्ञान, सक्षमता सीप शैली कौशल दक्ष एवम् अनुसन्धान क्षमता भएका जनशक्ति विकास गर्ने । कर्मचारीहरूमा उच्च आत्मसम्मान एवम् मनोबल कायम राखी कामप्रति उत्प्रेरित गराउन कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने । कर्मचारीहरूलाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी निवारणसम्बन्धी क्षमता विकासका निम्ति स्वदेशी तथा विदेशी तालिम प्रशिक्षणको व्यवस्था गर्ने र ती अवसरहरूको न्यायोचित वितरणको व्यवस्था मिलाउने । स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरूको पदपूर्ति हुने व्यवस्था मिलाउने र सबै कर्मचारीहरूलाई सूचना प्रविधिमैत्री बनाउने । आर्थिक एवम्

वित्तिय अपराधका तौरतरिकाहरूमा आउने परिवर्तन र सो मा गरिने प्रविधिको उपभोगसमेतलाई सम्बोधन गर्न आवश्यक विशेष सेवा करारमा लिई अनुसन्धान कार्यलाई थप प्रभावकारी र नतिजामुखी बनाउने तर्फ ध्यान दिने । विभागले अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने किसिमको सूचना प्रणालीमार्फत सूचना संकलन र विश्लेषण प्रशोधन एंव उपयोग गर्ने र वित्तिय जानकारी इकाई अर्थ मन्त्रालयलगायत अन्य विभागहरू, गृह मन्त्रालयअर्न्तगतका अन्य विभागहरू र सरकारी निकाय निजी क्षेत्र सरोकारवाला निकायहरूबाट नियमित रूपमा सूचना प्राप्त गर्ने उपयुक्त सूचना सञ्जालको विकास गर्ने ।

सम्पत्ति शुद्धीकरणको प्रक्रिया वा कार्य विभिन्न तीन चरणमा सम्पन्न हुने गर्दछ । सम्पत्ति शुद्धीकरणको पहिलो चरणमा सम्पत्ति शुद्धीकरणकर्ताले गैरकानूनी रूपमा प्राप्त आयलाई कुनै बैंक तथा वित्तिय संस्थामा जम्मा गर्ने अथवा निक्षेपको रूपमा Money order switch means, Wire transfer वा अन्य उपयुक्त विधिबाट जम्मा गर्ने गर्दछ । यसो गर्दा शुद्धीकरणकर्ताले ठूलो रकमलाई खण्डीकरण गरी विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा जम्मा गर्ने गर्दछ । सम्पत्ति शुद्धीकरणको दोस्रो चरणमा शुद्धीकरण कर्ताले त्यस्तो गैरकानूनी रूपमा आर्जित रकमको सम्बन्धमा उत्पत्ति सम्बन्धमा थप दूरीकरण Distanccing गर्ने प्रयास गर्दछ । यसका लागि उसले जटिल एवम् बह वित्तीय कारोबार Multipal Financal Transection को साहारा लिन्छ । यसो गर्दा शुद्धीकरणकर्ताले Investment security को खरिद बिक्रि गर्ने देश भित्र वा बाहिरका विभिन्न देशमा आफ्ना नाममा रहेका खाताहरूमा wire मार्फत रकम Transfer गर्ने तथा अस्तितत्वमा नभएका वस्तु तथा सेवाको भुक्तानी गर्ने जस्ता क्रियाकलाप अपनाएर यस्तो रकमको तहीकरण गर्ने गर्दछ । सम्पत्ति शुद्धीकरणको तेस्रो चरणमा अनुसन्धानकर्ताले विभिन्न निकायमा भएको रकमलाई वैधानिक क्षेत्रको प्रवाह गर्दछ । यस क्रममा उनले खासगरी घर जग्गा कारोबार, व्यापार व्यवसाय, स्थायी सम्पत्ति आदिमा लगानी गर्ने कार्य गर्दछ । यसरी पटक पटकको स्थानान्तरण Transfer र वैध बनाउने प्रयास गरेर उनले गैरकानूनी आम्दानी Dirty Assets लाई शुद्धीकरण Clean Assects मा रूपान्तरण गर्दछ । विज्ञान र प्रविधिमा आएका व्यापक परिवर्तन तथा विद्युतीय माध्यमबाट हुने कारोबार एवम् आधुनिकीकरण तथा विश्व व्यापीकरणको प्रभावले सम्पत्ति

शुद्धीकरणका सम्भाव्य श्रोतहरूको एकिन गर्न सजिलो छैन् । तर पनि सम्पत्ति शुद्धीकरणको प्रमुख स्रोतहरूको बुँदागत रूपमा देखाइएको छ ।

आतंककारी कार्य र आतंकवाद, लागुऔषध कारोबार, भष्टाचार, अवैध हातहतियारको कारोबार, मानव तस्करी, अमूल्य वस्तु, जनावर र बोट विरूवाको तस्करी, सीमा तस्करी, चिठ्ठा ठगी क्रियाकलाप, माफिया सञ्चालन, हुन्डी व्यापार, क्यासिनो, अपहरण र फिरौती, डकैती र Piracy र कालो धन सेतो पार्ने जुनसुकै कार्य, गैरकानूनी रूपबाट सम्पत्ति आर्जन गर्ने कार्यलाई निरूत्साहित गर्ने खालका विविध कार्यक्रम तथा योजना ल्याउन आवश्यक छ र विभिन्न राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा आवश्यकता अनुसार सम्पर्क र समन्वय कार्यालयको व्यवस्था गरी सहयोग आदनप्रदान गर्ने वातावरण बनाउनु जरूरी छ । गैरकानूनी रूपबाट ऐनद्वारा वर्जित गरिएका क्षेत्रहरूमा लगानी गरिएको पुष्टी हुन आएमा सम्पूर्ण सम्पत्ति जफत गर्ने गराउने व्यवस्था गर्नुपर्दछ । यसको साथसाथै सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित अपराधको अनुसन्धान गर्ने निकायलाई आवश्यकता अनुसार विभिन्न अधिकारहरू दिई निश्पक्षरूपमा किटानसाथ काम गर्ने वातावरण बनाउनु आवश्यक छ । सम्पत्ति शुद्धीकरणलाई परिभाषा गर्दा कानूनले दिएको कुनै निश्चित स्रोतबाट नभई स्रोत र उत्पत्ति नै खुल्न नसकेको सम्पत्तिलाई कानून सम्वत् बनाउने कार्य र सोच नै सम्पत्ति शुद्धीकरण प्रक्रिया हो । कानूनद्धारा निषेधित कार्य गरी वा गैरकानूनी रूपमा गरिएको आय तथा सम्पत्तिलाई वैध बनाउने उद्धेश्यले गरिने कार्य वा प्रयासलाई सम्पत्ति शुद्धीकरण भनिन्छ ।

सम्पत्ति शुद्धीकरणको अभ्यासका श्रृङ्खला विशेषज्ञका लेखहरूमा फरक फरक रूपमा प्रस्तुत गरिएता पनि सम्पत्ति शुद्धीकरण शब्दको प्रयोग अमेरिकाबाट भएको पाइन्छ । जसमा अमेरिकामा रहेको gangsters हरूले त्यहाँ रहेका मानिसहरूलाई संरक्षण गरेर, वेश्यावृत्तिमा लगाई त्यसबाट आर्जन गरेको, जुवातासबाट प्राप्त सम्पत्तिलाई वैध बनाउन गरिएको प्रयासबाट यस कार्यको शुरूवात भएको पाइन्छ । पछि सम्पत्ति शुद्धीकरणबाट प्राप्त सम्पत्तिलाई आतंकवादी कार्यमा लगानी गरेको विभिन्न प्रमाणहरू प्राप्त भएपछि सम्पत्ति शुद्धीकरण र आतंकवादी गतिविधिलाई अपराधको रूपमा व्याख्या गरिएको छ । सन् २००१ मा भएको अमेरिका माथिको आक्रमणपछि सम्पत्ति शुद्धीकरणबाट प्राप्त सम्पत्ति आतंकवादी क्रियाकलापमा लगाउने गरिएको प्रमाणको रूपमा लिने

गरिन्छ । त्यसैले हाल सम्पत्ति शुद्धीकरण एक आर्थिक अपराध मात्र नभएर संगठित अपराध पनि हो ।

विश्वव्यापी रूपमा वित्तीय क्षेत्रमा खास गरी सन् २००८ को वित्तीय संकटपछि वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण, संस्थागत क्षमता अभिवृद्धि र पारदर्शिता प्रोत्साहन गर्ने विषयलाई प्रथामिकतापूर्वक अवलम्बन गरिदै आएको छ । नेपालमा पनि वित्तीय बजारमा स्वच्छ प्रतिस्पर्धा, विवेकशील नियमन वित्तीय प्रणालीको स्थायीत्व, वित्तीय समावेशीकरण जस्ता मार्गदर्शक सिद्धान्त अनुशरण गरी वित्तीय सेवामा पहुँच विस्तार हुनका साथै औपचारिक अर्थतन्त्रको विस्तार हुन गई पारदर्शी अर्थतन्त्र निर्माणमा योगदान पुग्ने देखिएको छ ।

सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने विषय सीमाविहीन वित्तिय अपराध हो । यसबाट सबैजसो मुलुक प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित हुन्छन् । कुनै पनि किसिमको अवैध कार्य गरी आर्जन गर्ने धन र त्यसलाई वैध बनाउन गरिने प्रयास सफल हुँदा अनौपचारिक अर्थतन्त्रको प्रभुत्व बढ्ने, समग्र अवस्थाको मूल्याङ्कन नै वास्तविक नहुने, वास्तविक मूल्याङ्कनको अभावमा बन्ने योजना र कार्यक्रमहरू निष्प्रभावी हुने, गलत तथ्यांकका कारण बन्ने योजनाहरू नै गलत हुने, विकास निर्माणका कार्य प्रभावित हुने, आपराधिक क्रियाकलापले प्रश्रय पाउने, विधिको शासनको प्रत्याभूति सम्भव नहुने, अशान्ति असुरक्षाको अवस्था सिर्जना भई सुशासन सम्भव नहुने जस्ता असर पर्छन् । यसैले यो साझा चिन्ता र चासोको विषय हो । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी निवारण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयास हुदैं आएका छन् । यसका लागि विभिन्न संगठनहरू गठन भएका र ती सक्रिय समेत छन् । त्यस्ता संगठनले सम्पत्ति शुद्धीकरण सम्बन्धी अपराधहरू नियन्त्रण गर्न विभिन्न मापदण्डहरूको विकास गरेका छन् ।

सम्पत्ति शुद्धीकरण निवारण ऐनको व्यवस्था कार्यान्वियनका क्रममा विभिन्न व्यवस्था गरिएका छन् । सोही व्यवस्था अन्तर्गत "ग्राहक पहिचान पद्धति" (KYC) लागु गरियो । जसमा बैंक वा वित्तिय संस्थासँग कुनै पनि कारोबार गर्नु वा व्यवसायिक सम्बन्ध स्थापित गर्नु अघि सम्बन्धित ग्राहकको विस्तृत पहिचान गर्नुपर्ने व्यवस्था गरियो । यसका लागि ग्राहकको कारोबारको प्रकृति हेरी विस्तृत र सरलीकृत पहिचान पद्धतिको व्यवस्था गरिनुको साथै यथाशक्य बढी सूचना र जानकारी लिएर

मात्र कारोबार गराउनु पर्ने व्यवस्था भयो । बैंक तथा वित्तिय संस्थाहरूमा कार्यान्वयन अधिकारी तोक्ने र सोही अधिकारी मार्फत निर्देशन परिपालनाको स्थितिबारे जानकारी गराउने व्यवस्था भयो। यसैगरी बैंक तथा वित्तिय संस्थामा हुने कारोबारहरूको सूक्ष्म निगरानी गरी निश्चित सीमा भन्दा माथिका कारोबार तथा कुनै किसिमको शंकास्पद कारोबार भएमा सो को विषयमा वित्तिय जानकारी एकाइलाई यथाशीघ्र जानकारी गराउने व्यवस्था गरियो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी निवारण एवं कर छली नियन्त्रणका लागि आ-आफ्नो कार्य सम्पादन गर्ने क्रममा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी एवं कर छली सम्बन्धी प्राप्त सूचना आदानप्रदान गर्ने सम्बन्धमा दुवै पक्ष बीच देहाय बमोजिम गर्ने गराउने गरी पारस्परिक समझदारी (MOU) भई सकेको छः-

सम्पत्ति शुद्धीकरण तथा आंतकवादी क्रियाकलापमा वित्तिय लगानी एवं कर छली सम्बन्धी अनुसन्धान गर्न प्रभावकारी समन्वय र सहकार्य गर्दै प्रचलित कानूनको परिधिभित्र रही आवश्यकतानुसार एक आपसमा सूचना आदान प्रदान गरिने, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी एवं कर छलीका जोखिमका क्षेत्रहरू पहिल्याई सो को निवारणका लागि संयुक्त वा अलग अलग रूपमा जोखिम व्यवस्थापन गरिने, आ-आफ्नो क्षेत्राधिकारका विषयहरू सूक्ष्म रूपमा अनुसन्धान तथा अन्वेषण गरी आवश्यकतानुसार निष्कर्ष आदानप्रदान गरिने । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी निवारण एवं कर छली नियन्त्रण सम्बन्धी कार्यमा संलग्न जनशक्तिहरूको क्षमता विकास गरिने। सम्पत्ति शुद्धीकरण सम्बद्ध कसूर अन्तर्गत कर सम्बन्धी विषय समेत समावेश भएकोले आन्तरिक राजस्व विभागले कार्य सम्पादन गर्ने क्रममा कर छलीको सूचना सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा पठाउन के कस्तो विवरण तयार गर्नुपर्ने हो सो यकिन गरी सूचना अभिलेख प्रणालीको विकास गर्नु पर्नेछ । यस प्रयोजनार्थ दुवै विभागले सूचना आदानप्रदानको ढाँचा निर्धारण गर्न जरूरी छ । त्यस्तै, आन्तरिक राजस्व विभाग वा अन्तर्गतका कार्यालयहरूले कर परीक्षण र अनुसन्धानको कार्य सम्पादन गर्ने क्रममा सम्पत्ति शुद्धीकरण नियन्त्रणको पक्षबाट पनि हेरिनु पर्ने भएकोले यसको लागि दुवै विभागको जनशक्तिलाई दक्ष बनाउन आवश्यक छ ।

सामाजिक र आर्थिक जनजीवन, बैंक तथा वित्तीय संस्थाहरू, निजी क्षेत्रका फर्म, व्यवसाय तथा कम्पनीहरू, वैदेशिक लगानी र विश्लेषण आय, मूलकको अर्थ व्यवस्था, शासन र शुसासन, राज्यको शान्ति, सुव्यवस्था र स्थिरता, राष्ट्रिय र अन्तर्राष्ट्रिय सुरक्षा व्यवस्था, सामाजिक न्याय र सुरक्षा र सद्भाव आदि यसका प्रमुख क्षेत्रहरू हुन् । सामाजिक, आर्थिक र सुरक्षा खतरा बढ्छ, भूमिगत अर्थतन्त्र र समानान्तर बैंकिग सञ्चालन हुने राजस्व र आम्दानीमा घाटा हुने, कालोधन थुपारेको बैंक डुब्ने वा समाप्त हुने, सेतो धन बैंकबाट झिक्ने, कालोधनले गलत मार्ग सिर्जना गर्ने र आर्थिक गतिविधि वा क्षेत्र एक्कासी लोप हुने, इमान्दार व्यापार व्यवसायमा गिरावट आउने र तीनिहरू सम्पत्ति शुद्धीकरणमा सहभागिसँग प्रतिस्पर्धा गर्न असक्षम हुने, सम्पत्ति शुद्धीकरणकर्ताको उद्धेश्य केवल कालोधनलाई सपार्ने र नाफा गर्ने नभएकोले कम मूल्यमा बिक्री गर्ने कार्य हुने र अन्त्यमा अर्थतन्त्र नै समाप्त हुने डर हुन्छ । अन्य फौजदारी मद्धाहरूको तुलनामा सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्धालाई कठोर रूपमा लिइएको छ । यो अन्य राजस्व सम्बन्धी मद्धाहरू झैं पीडित विहिन अपराध हो । यो अपराधमा व्यक्ति पीडित हुदैनन् तर राज्य र समग्रमा आम समाज नै पीडित बन्न पुग्छ । यो अपराधमा बहिक्षेत्रीय क्षेत्राधिकार प्राप्त हुन्छ । यस ऐन अन्तर्गत कसूर मानिने कार्य प्रचलित कानून बमोजिमसमेत दण्डनिय हुने रहेछ । भने त्यस्तो कानून बमोजिम समेत मुद्धा दायर हुन सक्छ । कुनै पनि मद्धाको हदम्याद नहुने र थाहा पाएको मितिबाट मुद्धा चल्ने अवस्था छ । ♦♦

## गजल

✍ **प्र.ह. मानबहादुर बोहरा**



अनायासै आज किन गाउँको याद आयो
बालापनको फेरि किन घाउको याद आयो।।

सबथोक त्यागी एकान्तमा भुलुभुलु भन्दा पनि
ब्याजको पनि स्याज खाने साहुको याद आयो।।

मरीमेटी गरे पनि पेट हुन्थ्यो खाली खाली,
दिनरात चुहिने पसिनाको भाउको याद आयो।।

सोधी हालें संगिनीलाई के छ भनी उनको खबर
तिमी र म भेट भाको त्यो ठाउँको याद आयो।।

पर्खि बस प्रिय सरू तिम्रो प्रेम फर्की आउँछ
जन्म दिने आमा अनि बाबुको याद आयो।।

# बुढ्यौली साहित्यको महत्व



✍ बद्रीप्रसाद ढकाल

बुढ्यौली साहित्यको उद्धेश्य वृद्धवृद्धालाई पुनः सुख खुसी दिनका लागि रचना गरिएको साहित्य हो । शरीर सक्रिय नभए पनि उनीहरूमा विभिन्न मानसिक संवेदना भइरहेका हुन्छन् । कल्पनाबाटै सुखद् अनुभूतिमा रमाउने चाहनालाई साहित्य सुधा अमृतले मन शान्त बनाउँछ । वृद्धवृद्धाहरूका मानसिक क्षुधा तुष्टिका निमित्त नवरसका सबै रसास्वादन गर्ने अभिलाषालाई यसले पूरा गराउँछ । साहित्यको नवरसका माध्यमबाट सुखी र खुसी दिलाउने काम बुढ्यौली साहित्यले गर्दछ । बुढ्यौली उमेर शरीर कम सक्रिय फुर्सद बढी भएकाले समय सापेक्ष साहित्यका कथा, कविता, संस्मरण, जीवनी आदि विधागत रचनाका लागि निकै महत्वपूर्ण छ । साहित्यबाट मानसिक यात्रा तथा रसास्वादन गर्दा मन प्रफुलित र मनमा आनन्दको अनुभूति हुन्छ त्यसै साहित्यलाई सुधा मानिएको हो । तन बुढो भए पनि मन अझै रमाउन चाहन्छ, मानसिक रूपमा रमाउन खुसी र सुखी हुन तथा सबै प्रकारका रसबाट आनन्द प्राप्त गर्ने आकाङ्क्षामा साहित्य पुनः संचरण गर्ने भएकाले विगतका घटना र संस्मरणद्वारा रसरङ्ग पाउन सकिन्छ । सबै रसयुक्त काव्यपानबाट समयको सदुपयोग र जीवनको असल उपयोगका निम्ति बुढ्यौली उमेरसँगै बुढ्यौली साहित्यको प्रचुर आवश्यकता छ । उमेर ढल्केपछि पढिने पुराण, प्राचीन कथा, महाभारत, रामायण, कृष्ण चरित्र जस्ता पुस्तक तथा तीर्थयात्रा भ्रमणभन्दा अन्य कुनै विकल्प नभएको आजको पूर्वीय सोच र त्यसप्रकारको समाजमा बुढ्यौली साहित्य आजको प्रमुख आवश्यकता हो । अझ सकारात्मक धारणा र जीवनप्रति हौसला दिएर लेखिएको बुढ्यौली साहित्यले वृद्धवृद्धामा आनन्द र उत्साह प्रदान गर्दछ । हाम्रो समाजमा वृद्धवृद्धाप्रतिको असल सम्मान र सोच विस्तारै घट्दो क्रममा देखिएको छ । विज्ञान र प्रविधिको विकास र वैज्ञानिक उपकरणको अधिक प्रयोगका कारण परिवार वृद्धवृद्धाबाट निकै

टाढिएका छन् । मानवका विलासिताका आवश्यक वस्तुको चाहका कारण र अधिक श्रमका कारण आफ्ना आमाबाबुलाई समय दिएर हेरचाहसमेत गर्न छोडिएको घटना हाम्रो अगाडि नै छ । पुस्तान्तरण र प्रविधि पनि वृद्धवृद्धालाई एक्लो पार्ने वस्तु बनेका छन् । जसका कारण उनीहरू एक्लोपनको आभाष गर्न पुग्दछन् । वृद्धवृद्धालाई समय बिताउन भजन, पुराण वा सामान्य मनोरञ्जनका स्रोत उपलब्ध भए पनि सोचे अनुरूपका विषयका लेखन तथा अध्ययनका सामग्री नभएकाले बुढ्यौली साहित्यका दर्शन, विचार वा मनोरञ्जन एक मात्र असल स्रोत हुन सक्दछ । बुढ्यौली अवस्थामा भएका र हुने एक्लोपनलाई साहित्यले साथी वा सहयात्रीका रूपमा रहेर खुसी र आनन्दित बनाउँछ ।

बुढ्यौली साहित्य बुढाबुढीका कथा मात्र होइनन् । विगतलाई आगतसँग जोड्ने सेतु पनि हो । रमाइला संस्मरण र विगतमा घटेका घटनाका रम्य पल पनि हो, जसद्वारा पुनः त्यही रमाइलो समयमा फर्कन सकिन्छ त्यसैले पनि बुढ्यौली साहित्यको आवश्यकता छ । बुढ्यौली उमेर र त्यसको परिवेशजन्य प्रभावलाई साहित्यका कथा, कविता, उपन्यास, संस्मरण, जीवनीका रूपमा लेखिने साहित्य नै बुढ्यौली साहित्य भएकाले यसमा जीवन जगत्का प्रचुर ज्ञान, अनुभव र अनुभूतिको भण्डार पाइन्छ । बुढ्यौली अवस्थाका विभिन्न विषय, अनुभव, अनुभूति तथा जीवनका भोगाइलाई प्रस्तुत गरिएका यस्ता साहित्य पछिल्ला सन्ततिका लागि मार्गदर्शन बन्दछन् । आजको वर्तमान अवस्थामा विगतको इतिहास जीवनशैली तथा अन्य कुरा बुझ्नका लागि बुढ्यौली साहित्य निकै उपयोगी सावित हुन्छ । बुढ्यौली अवस्थामा आफ्ना विगतका घटना, सङ्घर्ष तथा पूर्वस्मृतिका प्रसङ्गमा विभिन्न कुराहरूका संस्मरण हुन्छ । विगतलाई सम्झेर आगतसँग तुलनात्मक जीवनको सारभूत पक्ष र मीठो सम्झनाले खुसी प्राप्त हुन्छ त्यसैले बुढ्यौली साहित्यले लेखक, भावक तथा पाठकलाई पूर्ण मनोरञ्जन प्रदान गर्दछ ।

मानिसको जीवनमा धेरै भोगाइ हुन्छन् । भनिन्छ पढेरभन्दा परेर निकै कुराको बोध हुन्छ यसका साथै अध्ययन अध्यापनबाट प्राप्त दर्शन वा चिन्तनले मानिसलाई निरन्तर डोऱ्याइरहेको हुन्छ त्यसैलाई अवलम्बन गरिएका विविध बोधलाई बुढ्यौली साहित्यमा चित्रण गरिएको हुन्छ जसले गर्दा बुढ्यौली साहित्यमा दर्शन, चिन्तन तथा जीवन जगत्प्रतिको दृष्टिकोण समावेश गरिएकोले सांसारिक तथा भौतिक जीवनको सहज बोध गर्न सकिन्छ ।

बुढ्यौली साहित्य किन आवश्यक छ भने :

**क**) बुढ्यौली साहित्यले मनोरञ्जन प्रदान गर्छ ।

**ख**) बुढ्यौली साहित्यमा दर्शन वा चिन्तनको प्रचुर प्रयोगले जीवन र मृत्युका बारेमा बोध गर्न सकिन्छ ।

**ग**) यसले ज्ञानको पर्यावरण र क्षेत्रलाई, उजागर गर्दछ ।

**घ**) जीवन र जगत्को चेतना र सोचलाई परिवर्तन गराउँछ ।

**ङ**) जीवनको मार्गदर्शक भएर पथ प्रदर्शन गराउँछ ।

**च**) भाषा र इतिहासको ज्ञानद्वारा कुल वंश परम्परा र संस्कृतिको बोध गराउँछ ।

**छ**) नैतिक आचरण र चरित्र परिवर्तन गराउँछ ।

**ज**) लोककला, धर्म संस्कृतिको जगेर्ना गराउन मद्धत गर्छ ।

विश्व साहित्यमा खोज तथा अनुसन्धान नभइसकेको यस साहित्यलाई राम्ररी खोज अनुसन्धान गर्न सके यसको अध्ययनबाट निकै रोचक तथा महत्वपूर्ण सत्य तथ्य जान्न सकिन्छ । प्राचीनकालदेखि लेखिएको तर समय सीमाका आधारमा नजानिएका स्रोत भएकाले यसलाई छुट्याएर अध्ययन गर्नु र त्यसको पूर्ण उपयोग गर्न सके निकै लाभदायक हुन्छ । बुढ्यौली साहित्यको खोज, अनुसन्धान गरी मानव विकास र सभ्यतालाई सम्पन्न बनाउनु आजको आवश्यकता पनि हो । वास्तवमै अग्रज वा वृद्ध तथा जेष्ठ नागरिकले आफूले भोगेका जीवनका विविध पक्षलाई लिपिबद्ध रूपमा राखेमा विगतको समाजका बारेमा समेत जानकारी रहने हुँदा यसले समयबोध र समस्या समाधानका साथै विषयगत दक्षता अभिवृद्धिमा समेत उचित भूमिका निर्वाह गर्दछ । अर्को राम्रो पक्ष के हो भने बाल वा अल्लारे साहित्यजस्तो बुढ्यौली साहित्य सामान्य, सस्तो लोकप्रियताका लागि नलेखिने हुनाले यसभित्रको भाव, वैचारिक चिन्तन, दार्शनिक विचार, विषवस्तुको गहनताजस्ता वैशिष्ठ्यले निकै उपयोगी समेत देखिन्छ । जीवनको सुखद् उत्तरार्द्ध र समयको बलियो खुराक समेत हुने हुनाले बुढ्यौली साहित्य आजको आवश्यकता हो । बुढ्यौली साहित्य देश, काल र इतिहासका लागि महत्वपूर्ण र भावी पुस्ताका लागि अत्यन्तै उपयोगी सिद्ध हुनेछ । बुढ्यौली साहित्यमा यस्ता विशेष कुराहरू हुन्छन् :

- ♦ उमेरगत गहन चिन्तनको प्रस्तुति हुन्छ ।
- ♦ सरल, सुबोध भाषाशैलीको माध्यमबाट ज्ञान प्रवाहित हुन्छ ।
- ♦ रोचक तथा जीवन्त प्रस्तुति र शैलीले रोचक बनाएको हुन्छ ।
- ♦ मनोरञ्जनका माध्यमबाट सम्यक ज्ञान र अनुभव बाँडिन्छ ।

सिर्जनात्मक प्रेरणा र प्रेरक प्रसङ्गको चर्चाजस्ता महत्वपूर्ण कुरा समेटिएको हुनाले यो निकै उपयोगी छ । ♦♦♦

लघुनिबन्ध

# साझा सफलता



✍ छायादत्त न्यौपाने 'बगर'

साइनो जनप्रिय कविता हो । यसको नवीन शिल्प शैलीले धेरै स्रष्टा हृदय छोएको छ । यसले मन जितेपछि थप नयाँ प्रयोगले सामाजिक सञ्जाल ढाकेको देखिन्छ । यो नेपाली वाङमयका लागि राम्रो अवसर बनेको छ । साइनो नेपाली बौद्धिक जगतका लागि चासोको विषय बनेको छ । कति स्रष्टा खुलेर यसलाई पछ्याउँदै छन् । साहित्यिक पत्रपत्रिकाले ठाउँ दिएर पाठकहरूको नयाँ स्वाद लिने रहरको कदर गरिरहेका छन् । केही समालोचक मौन समर्थनमा छन् भने केहीलाई असजिलो पनि लागेको हुन सक्छ । जे होस् साइनो अपेक्षाकृत तीव्र गतिमा दौडिरहेको छ । यो नै नेपाली वाङमय सम्पदा प्रेमीका लागि सुखद पक्ष हो । साइनो नेपाली भाषामा २०७६/४/१६ देखि सुरू भएको हो । आजसम्ममा यसका साइनो, निरूको साइनो, ब्रह्माण्ड साइनो, साइनो सारथि, बिरौटो, पाल्पाली साइनो पुस्तककाकार कृति प्रकाशित भइसकेका छन् भने हिपत मासिकको साइनो विशेषाङ्क प्रकाशित छ । छिटै अरू पत्रिकाले पनि साइनो विशेषाङ्कको तयारी गरिरहेको जानकारी पाइएको छ । साइनो नेपाली, संस्कृत, थारू, अवधी, हिन्दी, अङ्ग्रेजी, मलेसियन भाषाहरूमा प्रकाशित छ । यसको सिर्जनामा स्रष्टाहरू नेपाल, भारत, अफगानिस्तान, इराक, इजरायल, जापान, बेलायत, क्यानडा, स्पेन, अमेरिका लगायत मुलुकमा सक्रिय छन् । अतः साइनो जीवन्त बन्यो । यसले सैद्धान्तिक बहस पनि गरिरहेको छ । सैद्धान्तिक बहस निरन्तर प्रक्रिया हो । यो भइरहन्छ, भइरहनुपर्छ । यसलाई हुर्काउन केही विरोधी समालोचक पनि चाहिन्छन् । यी सबै खुराक साइनोलाई प्राप्त छन् । २७ महिने साइनोले पाएको यो उपलब्धि समस्त साइनोकार अझ भनौं नेपाली सम्पदाप्रेमीहरूको साझा प्रयत्नले दिएको सफलता मान्न सकिन्छ ।

# राज्य विरूद्धको कसूर सम्बन्धी अनुसन्धान र न्यायीक दृष्टिकोण



✍ प्र.ना.उ. मोहन कुमार थापा

**अवधारणा र परिचयः**

सामान्यतः राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्र प्रमुखहरू, सरकार, राज्य वा मित्र राष्ट्रहरू विरूद्ध लक्षित भएका अपराधहरू राज्य विरूद्धका अपराधहरू अन्तर्गत समावेश गरेको पाइन्छ । राज्यको कुनै अंग, राज्य प्रतिको आस्था वा संरचनाका विरूद्धमा लक्षित भएर कुनै कार्य गरिन्छ भने राज्य विरूद्धको अपराध हुने र कतिपय फौजदारी कानूनहरूले राजनीतिक अपराधको रूपमा समेत नामाकरण गर्ने गरिएको छ । राज्य विरूद्धको अपराध राज्य व्यवस्थाको अस्तित्वसँग सम्बन्धित भएकोले राज्य विरूद्धको अपराधलाई प्रत्येक राज्यले जघन्य तथा गम्भिर अपराधको रूपमा व्यवस्था गरिएको पाइन्छ । राजनीतिक संरचना र व्यवस्थाका आधारमा राज्य विरूद्धको कसूरहरू निर्धारण हुने गरिएको पाइन्छ । राज्य विरूद्धको अपराधका रूपमा के कस्ता आपराधिक क्रियाकलापहरूलाई समावेश गर्ने भन्ने कुरा प्रत्येक देशको कानूनी परम्परा, राजनीतिक संरचना र राजनीतिक संस्कारमा भर पर्ने कुरा हो । राजतन्त्र भएको मुलुकमा राजतन्त्रका विरूद्ध हुने कुनै काम वा हिंसा र गणतन्त्र भएको मुलुकमा सरकार र राज्य संरचनाका विरूद्ध हुने कार्यलाई राज्य विरूद्धको अपराध मानिने गरेको छ ।

नेपालको कानूनी इतिहास हेर्ने हो भने प्राचिन र मध्यकालीन नेपालमा पनि कुनै न कुनै स्वरूपमा राज्य विरूद्धको कसूर सम्बन्धी कानूनी व्यवस्था भएको पाइन्छ भने पृथ्वीनारायण शाहले नेपालको एकिकरण गरे पश्चात जारी भएको दण्ड विधान, १८२५ त्यसपश्चात राजकाज ऐन, १९४५, राजकाज (अपराध र सजाय) ऐन, २०१९, राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन, २०४४, राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ ले समेत राज्य

विरूद्धको कसूरको सम्बन्धमा व्यवस्था गर्दै हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को भाग-२, परिच्छेद-१ मा अझै वृहद् रूपमा राज्य विरूद्धका कसूर सम्बन्धी कानूनी व्यवस्था गरेको छ ।

**संवैधानिक व्यवस्थाः**

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधिनतालाई अक्षुण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै...भन्ने नेपालको संविधानको प्रस्तावनामा उल्लेख गरेको छ भने धारा ५ ले राष्ट्रिय हितको व्यवस्था गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभूत विषय हुनेछन् र राष्ट्र हित प्रतिकूलको आचरण र कार्य संघीय कानून बमोजिम दण्डनीय हुनेछ भन्ने व्यवस्था गरेको छ ।

नेपालको संविधानको धारा १७ ले स्वतन्त्रताको हकको व्यवस्था गर्दै विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, संघ र संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुने प्रत्याभूति गरेको छ भने धारा १९ ले संचारको हकको व्यवस्था गर्दै विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन भन्ने उल्लेख गरेको भएपनि नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भन्ने प्रतिबन्धात्मक वाक्यांशलाई हेर्दा राज्य विरूद्धका आपराधिक क्रियाकलाप मौलिक हकको नाममा सीमित गर्न सकिदैन ।

त्यसैगरी धारा २३ मा निवारक नजरबन्द विरूद्धको हकको व्यवस्था गर्दै नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक

नजरबन्दमा राखिने छैन भन्ने व्यवस्थालाई हेर्दा राज्यलाई प्रतिकूल असर गर्ने क्रियाकलापमा निवारक नजरबन्दमा समेत राख्न सकिने व्यवस्था गरिएको छ ।

धारा ४८ ले नागरिकका कर्तव्यको व्यवस्था गर्दै राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु नागरिकको कर्तव्य हुन्छ भन्ने उल्लेख गरिएको छ ।

धारा ५० ले निर्देशक सिद्धान्तहरूको उल्लेख गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरी राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्धेश्य हुनेछ भन्ने व्यवस्था गरेको छ ।

धारा ५१ मा राज्यका नीतिहरू अन्तर्गत (राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने राज्यका नीतिहरू अवलम्बन गरेको छ ।

धारा ५२ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संबर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ भन्ने व्यवस्था गरेकोले समेत राज्यको सुरक्षा र संरक्षणको लागि महत्वपूर्ण व्यवस्था गरेको देखिन्छ ।

**राज्य विरूद्धको अपराधको वर्गिकरण र कानूनी व्यवस्थाः**

मुलुकी अपराध संहिता, २०७४ जारी हुनु भन्दा अगाडि कायम रहेको राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ (हाल खारेज) ले राज्य विरूद्धका अपराधलाई (क) राष्ट्र विप्लव, (ख)

राजद्रोह र (ग) मित्र राष्ट्रप्रति विद्रोह गरी तीन भागमा वर्गिकरण गरेको थियो भने हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ ले निम्न रूपमा वर्गिकरण गरेको छः

**(क) सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकता उपर खलल पार्ने कसूरः** मुलुकी अपराध संहिता, २०७४ को दफा ४९ मा कसैले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्नका लागि मानिस, हातहतियार र खरखजाना जम्मा गर्न, हातहतियार सहित सैनिक वा अर्धसैनिक सङ्गठन निर्माण गरेमा र विदेशी राज्य, सरकार वा सङ्गठित शक्तिसँग मिली कुनै प्रकारको षड्यन्त्र गरे गराएमा जन्मकैद हुने र उल्लेखित कसूर गर्न दुरूत्साहन दिएमा १० वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ । त्यसैगरी नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, नेपालको स्वाधीनता, स्वाभिमान वा संघीय इकाई बिचको सुसम्बन्ध खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायीक र यस्तै अरू कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्न वा गराउन वा त्यस्तो गर्ने उद्योग गर्न वा दुरूत्साहन दिन वा त्यस्तो काम गर्ने षड्यन्त्र गर्न वा विभिन्न जात, जाति वा सम्प्रदायबिचको सु-सम्बन्ध खलल गर्ने गराउने कार्य गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था गरेको छ ।

**(ख) राजद्रोहः** मुलुकी अपराध संहिता, २०७४ को दफा ५० मा नेपाल सरकार वा संवैधानिक संरचनालाई पल्टाउने नियतले कसैले सैनिक, अर्धसैनिक वा आपराधिक बलको प्रयोग गरी कुनै अव्यवस्था उत्पन्न गर्न वा हातहतियार सहित सैनिक वा अर्धसैनिक सङ्गठन निर्माण गरेमा पच्चीस वर्षसम्म कैद हुने, नेपाल सरकार वा नेपाल सरकारको काम कारबाहीको सम्बन्धमा कसैले लेखेर, वचनले, आकार वा चिह्नद्वारा वा अरू कुनै किसिमबाट निराधार वा अप्रमाणित कुरा देखाई नेपाल सरकारप्रति घृणा, द्वेष वा अवहेलना गरे गराएमा तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना हुने तर यस उपदफामा लेखिएको कुनै कुराले नेपाल सरकारको स्वस्थ र मर्यादित आलोचना गरेकोलाई कसूर गरेको मानिने छैन भन्ने व्यवस्था गरेको छ ।

**(ग) राष्ट्रहित प्रतिकूल काम गर्न नहुनेः** मुलुकी अपराध संहिता, २०७४ को दफा ५१ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता,

राष्ट्रियता, स्वाधीनता, स्वाभिमान वा नेपालको अन्तर्राष्ट्रिय छवि उपर अपमान हुने, होच्याउने वा घृणा वा द्वैष फैलाउने, नेपालको अन्तर्राष्ट्रिय सीमा अतिक्रमण गर्ने वा छिमेकी मुलुकसँग सहमति भएको अवस्थामा बाहेक सीमास्तम्भ हटाउने वा सीमास्तम्भ राखिएको ठाउँ परिवर्तन गर्ने वा नेपालको भौगोलिक वा प्रादेशिक अखण्डता उपर प्रतिकूल हुने गरी सीमास्तम्भ परिवर्तन गर्ने कार्य गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना हुने र नेपालको प्रतिनिधित्व गरी नेपालमा वा विदेशी मुलुकमा खेलाडीले मिलोमत्तोमा वा कसैको प्रलोभनमा वा कुनै बाजी जिताउने वा हराउने गरी त्यस्तो खेल खेल्ने वा खेलाएमा (Match Fixing) तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुने र कसूर गर्ने आदेश वा निर्देशन दिने, त्यस्तो कसूर गर्न दुरूत्साहन दिने वा उक्साउने, त्यस्तो कसूर गर्न मद्धत गर्ने व्यक्तिलाई मुख्य कसूरदार सरह सजाय हुनेछ । सार्वजनिक पद धारण गरेको व्यक्ति वा नेपाललाई प्रतिनिधित्व गर्ने व्यक्तिले विदेशमा गएका बखत गरेको रहेछ भने निजलाई तीन वर्षसम्म थप कैद हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ ।

**(घ) जातिहत्या (जेनोसाइड) गर्न नहुनेः** मुलुकी अपराध संहिता, २०७४ को दफा ५२ मा जात, जाति, सम्प्रदाय वा धार्मिक समूहको विनाश गर्ने नियतले योजनाबद्ध रूपमा आमहत्या गरेमा जन्मकैद, योजनाबद्ध रूपमा शारीरिक अंगभंग गरेमा वा निजहरूलाई शारीरिक वा मानसिक अशक्त बनाएमा अंगभंग वा कुटपिट वापत हुने सजायमा थप ५ वर्षसम्म कैद र ५० हजार जरिवाना, पानी, खाद्यान्न, इन्धन, औषधि जस्ता अत्यावश्यक वस्तुको आपूर्ति वा आवागमनमा अवरोध गरी जीवन कष्टप्रद बनाएमा १० वर्षसम्म कैद, शिशुहरूको जन्म रोक्ने नियतले जबरजस्ती गर्भ निरोधक उपाय अपनाउन बाध्य पारिएमा १० वर्षसम्म कैद, जन्मिएका बालबालिकालाई अर्को समूहमा हस्तान्तरण गरेमा १० वर्षसम्म कैद, निर्देशन दिने व्यक्ति वा त्यस्तो समूहको जिम्मेवार व्यक्ति वा व्यक्तिहरूलाई मुख्य कसूरदार सरह सजाय हुनेछ भन्ने व्यवस्था छ भने यस्तो कसूर सामूहिक रूपमा भएको रहेछ भने संलग्न प्रत्येक व्यक्ति समान रूपमा कसूरदार मानिने र कुनै व्यक्तिले सार्वजनिक पद धारण गरेको भए निजले आफूभन्दा माथिको अधिकारीको आदेश पालना गरेको दाबी लिन नसक्ने व्यवस्था गरेको छ । यसरी जातिहत्यालाई नेपालमा पहिलो पटक पृथक अपराधिकरण गरेको छ ।

**(ङ) नेपाल विरूद्ध युद्ध गर्न वा युद्धमा संलग्न राज्यका सेनालाई सहायता गर्न नहुनेः** दफा ५३ मा नेपाल बिरूद्ध युद्ध गर्ने नियतले हातहतियार, खरखजाना जम्मा गर्न वा सैनिक वा अर्धसैनिक संगठन निर्माण गरेमा जन्मकैद, नेपालसँग युद्धमा संलग्न रहेका कुनै विदेशी सेनालाई कुनै किसिमको सामरिक वा सैनिक सूचना दिन वा अन्य कुनै किसिमबाट सहायता गरेमा जन्मकैद, नेपालसँग युद्धमा संलग्न रहेको राज्य, त्यस्तो राज्यका नागरिक वा संगठित संस्थासँग सम्बन्ध राख्ने, कारोबार गरेमा २५ वर्षसम्म कैद र १ लाख जरिवाना हुने गरी नेपालमा यस कसूरमा पहिलो पटक सजाय हुने गरी कानूनी व्यवस्था गरेको छ ।

**(च) मित्र राष्ट्र विरूद्ध युद्ध वा विद्रोह गर्न नहुनेः** दफा ५४ मा नेपालको भूमी प्रयोग गरी नेपालसँग दौत्य सम्बन्ध भएको मित्र राष्ट्र विरूद्ध हातहतियार उठाई युद्ध गरेमा ७ वर्षसम्म कैद र ७० हजार रूपैयाँसम्म जरिवाना हुने गरी कानूनी व्यवस्था गरेको छ ।

**(छ) सैनिक वा प्रहरीलाई भडकाउन नहुनेः** दफा ५५ मा नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालमा बहाल रहेका सैनिक, प्रहरी वा सशस्त्र प्रहरी जवान वा अधिकृतलाई छाडी भाग्न वा भड्काउन वा अनुशासन भङ्ग गर्न दुरूत्साहन दिन वा कर्तव्यबाट विचलित गराउने उद्योग गर्न वा त्यसरी सेना वा प्रहरी वा बलबाट भागेको व्यक्ति हो भन्ने जानीजानी वा विश्वास गर्ने कारण भई त्यस्तो व्यक्तिलाई आश्रय दिएमा १० वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ  भन्ने कानूनी व्यवस्था गरेको छ ।

**(ज) जासूसी गर्न नहुनेः** दफा ५६ मा नेपालको सैनिक स्थिति, सामरिक व्यवस्था वा आन्तरिक सुरक्षाको विषयका सम्बन्धमा जासूसी गर्ने वा गराउने व्यक्तिलाई पच्चीस वर्षसम्म कैद, नेपाल सरकारले राजनीतिक, आर्थिक वा कूटनीतिक दृष्टिकोणले गोप्य राख्नु पर्ने विषय वा अन्य कुनै गोप्य लिखतका सम्बन्धमा जासूसी गर्ने वा गराउने व्यक्तिलाई पाँचदेखि दस वर्षसम्म कैद, सो वाहेक अन्य कुराको जासूसी गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिवाना, जासूसी गर्न लागेको थाहा पाएर पनि जनाउ नदिने व्यक्तिलाई एक वर्षसम्म कैद र एक लाख रूपैयाँ सम्म जरिवाना हुने कानूनी व्यवस्था गरेको छ ।

**(झ) राष्ट्रपति उपर आक्रमण गर्न नहुनेः** दफा ५७ मा नेपालको राष्ट्रपतिको ज्यान लिन वा ज्यान लिने उद्योग गरेमा जन्मकैद, नेपालको राष्ट्रपतिलाई कुनै किसिमले अपहरण गर्नु वा गराउनु वा

निजको शरीर बन्धक लिन वा लिन लगाएमा १० वर्षदेखि १५ वर्षसम्म कैद, नेपालको राष्ट्रपति उपर कुनै किसिमले आक्रमण गर्ने वा गराएमा ५ वर्ष देखि १० वर्षसम्म कैद हुने कानूनी व्यवस्था गरेको छ ।

(ञ) **राष्ट्रपति वा संसदलाई धम्की दिन नहुनेः** दफा ५८ मा नेपालको राष्ट्रपति वा संसदलाई संविधान तथा कानून बमोजिम गर्नु पर्ने कार्य सम्पादन गर्नबाट रोक लगाउन वा कार्य सम्पादन गर्न बाध्य गराउन बल प्रयोग गरी वा नगरी धम्की दिन, डर वा त्रास देखाउन वा अन्य कुनै किसिमले दबाव दिएमा ७ वर्षसम्म कैद वा ७० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था गरेको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ५९ ले माथि उल्लिखित कसूरहरूको उजुरी गर्ने हदम्यादको व्यवस्था गरेको छ । जसअनुसार सार्वभौमसत्ता वा अखण्डता उपर खलल पार्ने कसूर (दफा ४९), राजद्रोह (दफा ५०), राष्ट्रहित प्रतिकूल (दफा ५१), जातिहत्या (दफा ५२), युद्ध वा शत्रु देशका सेनालाई सहायता (दफा ५३) र राष्ट्रपति उपर आक्रमण (दफा ५७) अन्तर्गतका कसूरमा जहिले सुकै र मित्र राष्ट्र विरूद्ध युद्ध वा विद्रोह (दफा ५४), सैनिक वा प्रहरी भड्काउने कसूर (दफा ५५), जासुसी (दफा ५६) राष्ट्रपति वा संसदलाई धम्की (दफा ५८) अन्तर्गतको कसूरमा त्यस्तो कसूर भएको थाहा पाएको मितिले दुई वर्षको उजुरी गर्ने हदम्यादको व्यवस्था गरेको छ ।

दफा ५४ अर्थात मित्र राष्ट्र विरूद्ध युद्ध वा विद्रोह गर्न नहुने कसूर बाहेक राज्य विरूद्धको अन्य कसूरहरूमा बहिक्षेत्रिय प्रयोग हुने व्यवस्था मुलुकी अपराध संहिता, २०७४ को दफा २ (१) (क) मा उल्लेख गरेको छ ।

**अनुसन्धान गर्दा ध्यान दिनुपर्ने कुराहरूः**

राज्य विरूद्धको अपराधको सफल अनुसन्धान चुनौतीपूर्ण छ । त्यसैले अनुसन्धान गर्दा अत्यन्त ध्यान दिनु पर्ने हुन्छ । धेरै जसो राज्य विरूद्धको कसूरको अनुसन्धान प्रहरीलाई प्राप्त गोप्य सूचनाको आधारमा प्रहरी प्रतिवेदनबाटै सुरूवात हुन्छ । राज्य विरूद्धको कसूरको अनुसन्धान गर्न कम्तिमा प्रहरी निरीक्षक दर्जा अनुसन्धान अधिकृत हुनु पर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले व्यवस्था गरेको छ । राज्य विरूद्धको कसूर स्थापित गर्न त्यति सजिलो छैन । यो राजनीतिक प्रकृतिको अपराध भएकोले अपराधिक क्रियाकलाप गरेको पुष्टी हुने पर्याप्त सबुद प्रमाणहरूको संकलन गर्नु पर्दछ । राज्य विरूद्धको कसूर जघन्य र गम्भिर अपराध मात्र

होइन जातिहत्या जस्तो क्रुर अमानवीय, आततायी प्रकृतिको मानव अधिकार र मानवता विरूद्धको अपराध पनि समावेश गरिएको हुँदा सरकारी वकिल र अदालतसँग निरन्तर समन्वय र सम्पर्क गरी अपराधको तथ्य र कानूनको तादाम्यता मिलाउनु पर्ने हुन्छ ।

राज्य विरूद्धको कसूर अन्तर्गत राष्ट्रपति उपरको आक्रमण, जासुसी, सैनिक भड्काउने, नेपाल राज्य विरूद्ध युद्ध गर्ने वा नेपालसँग युद्धमा संलग्न राज्यका सेनालाई सहयोग गर्ने मुद्दामा २५ दिनमा अनुसन्धान कार्य सम्पन्न हुन नसकेमा अनुसन्धान अधिकृत र सरकारी वकिलको संयुक्त निवेदन परेमा अदालतले थप १५ दिन अनुसन्धानको सिलसिलामा अभियुक्तलाई थुनामा राख्ने अनुमति दिन सक्ने व्यवस्था समेत रहेको छ । राज्य विरूद्धको अपराधमा बहिक्षेत्रिय प्रयोगको कानूनी व्यवस्था रहेकोले जुनसुकै देशमा अपराध घटेको भएतापनि नेपालमा मुद्दा चलाउन सकिन्छ । तर आफ्नो कार्यालयको क्षेत्राधिकारमा पर्छ पर्दैन र हदम्यादको ख्याल भने गर्नु पर्दछ । कसूरमा अदालतलाई सजायको निर्धारण गर्न पनि सहज हुने हुँदा अनुसन्धानको सिलसिलामा अपराधको कारण र मनसाय स्पष्ट खुलाउनु पर्दछ । कानूनले तोकेको कसूर र अभियुक्तको संलग्नता प्रमाणित गर्नु पर्ने र कतिपय अवस्थामा कानून बमोजिम थप सजायको माग दावी लिनु पर्ने जस्ता कुराहरूलाई पनि उत्तिकै ध्यान पुर्‍याउनु जरूरी छ ।

राज्य विरूद्धको कसूरसँगै अन्य अपराध जोडिएर आउन सक्छन्। उदाहरणका लागि विषफोटक पदार्थ, हातहतियार खरखजना, संगठित अपराध, आगो लगाउने, आपराधिक उपद्रव, कर्तव्य ज्यान जस्ता अपराधको समेत सँगसँगै अनुसन्धान गर्नु पर्ने हुन सक्छ । राज्य विरूद्धको अपराध राजनीतिक आवरणमा संगठित रूपमा समेत हुने हुँदा अभियुक्त पक्राउ पर्नासाथ राजनीतिक आस्थाको आधारमा पक्राउ गरिएको भनी बन्दिप्रत्यक्षीकरणको रिट निवेदन हाल्ने प्रचलन रहेको छ । यसरी मुद्दा पर्दा प्रहरीबाट भइरहेको अनुसन्धानको अदालतबाट परीक्षण हुन सक्ने हुँदा पर्याप्त प्रमाण जुटाएर मात्र थुनामा राखी अनुसन्धान गर्नु पर्दछ । पटके र अन्य जिल्लाहरूमा मुद्दा दर्ता भएको हुन सक्ने हुँदा अनुसन्धानको क्रममा स्पष्ट हुनु पर्दछ ।

त्यसैगरी वास्तविक पहिचान खुल्ने कागजात मिसिल संलग्न राख्ने, संगठित रूपमा गरेको अपराध भए संगठित अपराध निवारण ऐन, २०७० को कार्यविधिको अवलम्बन, प्रमाणको पहिचान, संकलन, विश्लेषण र प्रयोगमा अनुसन्धानका स्थापित मान्यता लागू

गर्ने, बहिक्षेत्रिय प्रयोग गर्दा सपुर्दगी सन्धी, पारस्पारीक कानूनी सहायता सम्बन्धी ऐन तथा सन्धी सम्झौता हुनुपर्ने, कसूरको गम्भिरता बढाउने अवस्थाहरू प्रमाणित गर्ने प्रमाण र कागजातहरू संकलन गर्ने, सबै वा कुनै व्यक्ति उपर कुन कानून अन्तर्गत सजाय हुनुपर्ने हो ? उल्लेख गर्ने, षडयन्त्र, उद्योग, दुरूत्साहन र मतियार छ भने सोही बमोजिम मागदाबी लिने र Plea Bargaining (सजायमा छुट दिन सक्ने) सम्बन्धी व्यवस्थाको अभ्यास गर्ने जस्ता विषयहरूमा समेत ध्यान दिनु पर्दछ । कतिपय मुद्धाहरूमा तथ्य र प्रमाण बमोजिम सजायको माग दावी गरेको पाइदैन । उदाहरणको लागि तथ्य राजद्रोह वा राष्ट्रहित प्रतिकूल अन्तर्गतको मुद्धामा सार्वभौमसत्ता वा अखण्डता उपर खलल पार्ने कसूर अन्तर्गत सजायको मागदावी लिएको देखिन्छ । त्यसैले तथ्य, प्रमाण र कानूनको आधारमा सजायको मागदावी लिनु पर्दछ ।

**न्यायिक दृष्टिकोणः**

राज्य विरूद्धका अपराधहरूमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूलाई हेर्दा देहायका मुद्धाहरूमा देहाय बमोजिम बोलेको पाइन्छ ।

डा.के.आई.सिंह विरूद्ध श्री ५ को सरकार, ने.का.प. २०२२, पृ. ५६ः राजद्रोह फौजदारी अपराध हो र सो अपराध गर्ने मनसाय पनि हुनु पर्दछ । अभियुक्तको मनसायले अपराध गर्नमा प्रमुख भाग लिएको हुन्छ । कुनै लेखबाट अभियुक्तको मनसाय के रहेछ भन्ने कुरा पत्ता लगाउन सो पुरै लेख त्यसको प्रसंगलाई लिई हेरिनु पर्छ । कुन समय र अवस्थामा सो लेखिएको हो र समय समयमा के असर पर्न गएको छ, त्यसतर्फ पनि ध्यान दिनु आवश्यक हुन्छ । लेखिएको सम्पूर्ण कुराहरूको वास्तविक मनसाय विचार नगरी केवल केही शब्द वा वाक्यहरूलाई आधार बनाई राजद्रोहको कसूर गरेको भनी ठहऱ्याउन नमिल्ने हुन आउँछ । कुनै प्रकारको विचार वा प्रकाशनबाट राजद्रोह ठहर गर्नको लागि त्यसको मनसाय र प्रमाणलाई सङ्क्रिण दृष्टिकोणले नहेरी निष्पक्ष प्रवृत्ति र त्यसको असर विचार गर्नुपर्दछ । त्यस्तो मनसाय पनि हुनु पर्दछ ।

पेशल कुमार विरूद्ध श्री ५ को सरकार, निर्णय मितिः २०२२।०३।२८ः प्रहरी चौकी कब्जा गरेको, चौकीमा कागज जलाएको समेत कार्य राष्ट्र विप्लवको कसूर ठहर्ने ।

केशवराज कोइराला विरूद्ध श्री ५ को सरकार, ने.का.प. २०२८, पृष्ठ २७१ः झण्डा र नाराबाट घृणा द्धेष फैलाएछ की भन्नलाई त्यस्तो कार्यहरू कसैलेगरेगराएकोहुनुपर्दछ । यस्तोप्रदर्शनबाट

अरू कसैले घृणा द्वेष गरेको देखिदैन । उसमाथि पनि यिनी अभियुक्तहरूले गरेको झण्डा प्रदर्शन नाराहरूमा श्री ५ को प्रति हुन जाने वा हुन सक्ने घृणा द्वेषको वचन वा कार्य देखिदैन । त्यस्तो घृणा द्वेष गर्न गराउन नसक्नेमा अभियुक्तहरू उपर लगाएको आरोप प्रमाणित हुन सक्दैन ।

श्री ५ को सरकार विरूद्ध अमर बहादुर जि.सी. ने.का.प.२०४६, पृष्ठ १२४६ः जुन आधार देखाई वारदात भए गरेको भनी देखाउन खोजिएको छ सो एउटा प्रहरी प्रतिवेदन मात्र देखिएको छ र त्यसको समर्थन अरू स्वतन्त्र प्रमाणबाट भएको पाइदैन । जो पर्चा टाँसिएको भनिएको छ सो पर्चा यिनै अभियुक्तले टाँसेको भन्ने पनि कुनै सबुद आएको पाइदैन । सरजमिनको कुराले पनि अदालतमा बकपत्र भई प्रमाणिक रूप लिन नसकेको ।

नेपाल सरकार विरूद्ध डा. सि.के. राउत भन्ने चन्द्रकान्त राउत, (नेपाल कानून पत्रिका, २०७३, अंक ३, निर्णय नं. ९५६३)ः स्वतन्त्र मधेश गठबन्धनका घोषणापत्र, वीर मधेशी लेखिएको किताब र मधेश सार्वभौम सम्पन्न देश घोषणा हो जाय भन्ने जस्ता कुराहरू लेखिएकोले राज्य विरूद्धको कसूरमा सजायको मागदावी गरिएकोमा अदालतले प्रतिवादीलाई आफ्ना विचारहरू अभिव्यक्त गर्ने, बिना हातहतियार भेला हुने राजनीतिक दल खोल्ने तथा संघ संगठन खोल्ने नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने समेतका स्वतन्त्रताको हक संविधानले नै प्रत्याभूत गरेको देखिन्छ । उपरोक्त स्वतन्त्रताहरू निरपेक्ष नभई सापेक्षित स्वतन्त्रता हुन् । उक्त स्वतन्त्रताहरूलाई राज्यले उचित कानून बनाई सङ्कुचन र नियन्त्रण गर्न सक्ने । अनुसन्धानको क्रममा बुझिएका मानिसहरूले अदालतमा गरेको बकपत्रबाट प्रतिवादीले जबरजस्ती मानिसहरू भेलाजम्मा गराई डर त्रास देखाई आतङ्कित बनाएको तथा शान्ति सुरक्षामा खलल् पार्ने कार्य गरेको भन्ने देखिदैन । प्रतिवादीले बल प्रयोग गरी शान्ति अमनचैन भङ्ग गरी अशान्ति मच्चाएको वा हुलदङ्गा गरी शान्ति र व्यवस्थामा खलल् पुर्‍याई अव्यवस्था उत्पन्न गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिदैन । प्रतिवादीबाट कुनै हातहतियार, आपत्तिजनक तथा संवेदनशील विष्फोटक पदार्थ, प्रज्वलनशील तथा मधेशलाई नेपालबाट विखण्ड गर्ने खालका कुनै वस्तु बरामद भएको नदेखिदा प्रतिवादीलाई अभियोग दाबी बमोजिम कसूरदार ठहर गर्न नमिल्ने ।

सागर थापा विरूद्ध नेपाल सरकार भएको राज्य विरूद्धको मुद्दा (ने.का.प. २०७७, अंक ६, निर्णय नं.

१०५२३)ः नेपाली राष्ट्रिय टिमका खेलाडीले अन्तर्राष्ट्रिय एजेन्टसँग मिलेर मोटो रकम लिएर विदेशमा भएको सन् २००८ देखि २०१४ सम्मका खेल हारेको (म्याच फिक्सिङ) घटनामा कानूनले स्पष्ट रूपमा परिभाषित गरी कसूर मानेको विषयमा त्यस्तो कानूनको स्पष्ट उल्लङ्घन गरेको भनी स्थापित नभएसम्म अर्कै प्रयोजनलाई बनेको विद्यमान कुनै कानूनी प्रावधानलाई तानतुन पारेर व्याख्या गरी कसूर कायम गर्न र सजाय गर्न नहुने । म्याच फिक्सिङको विषय हो । राज्य विरूद्धको कसूर गर्न हिंसात्मक गतिविधि र अव्यवस्था फैलाउने काम गरेको हुनु पर्ने । राष्ट्र विप्लवमा आकर्षित हुने कानून तानतुन गरेर प्रस्तुत म्याच फिक्सिङको विषयमा प्रयोग गर्न मिल्दैन ।

**अन्त्यमा,**

राज्य विरूद्धका कसूरका कतिपय मुद्दामा अदालतले राजनीतिक विचारधारा अवलम्बन गर्न, राजनीतिक गतिविधिमा भाग लिन र संगठन गर्न पाउनु प्रत्येक नागरिकको मौलिक हक हुन भन्ने समेत उल्लेख गर्दै सफाइ दिएको पाइन्छ । राज्य विरूद्धको कसूर प्रमाणित हुन सक्ने सबुत प्रमाण प्रहरीले जुटाउन नसकेको, राजनीतिक दस्तावेज, डायरी, पुस्तकहरू राजनीतिक विषय भएकोले प्रमाण होइनन्, राजनीतिक गतिविधिमा राज्यले राज्य विरूद्धको कसूरमा दमन गर्न नपाउने, विप्लवलाई लगाएको प्रतिबन्ध संविधान विपरित रहेको, गतिविधि राजनीतिक प्रकृतिका हुन भन्ने समेत आधार लिई बन्दिप्रत्यक्षीकरणको मुद्दाबाट अदालतले छाड्ने गरेको, पर्याप्त प्रमाणको अभाव रहेको भनी धरौट वा तारिखमा छाड्ने गरेको जस्ता कार्यहरू अदालतबाट हुने गरेकाले समेत अनुसन्धान अधिकृतले अत्यन्त संवेदनशिल भई अभियुक्तले गरेको आपराधिक कार्यको प्रमाणित हुने सबुद प्रमाण जुटाई सफल अनुसन्धान गर्नु पर्दछ । ◆◆◆

**मुक्तक**

✍ **सरस्वती श्रेष्ठ'सरु'**

थोरै दुःख अनि थोरै सुखको पोका जिन्दगी
कहिले वर्षात कहिले हावाको झोंका जिन्दगी
बाँच्नका लागि वैरभाव चल्छ आपसमा तर
आज छ भोलि छैन पानीको फोका जिन्दगी ।

# भानुभक्तको रचनामा पाईने व्यङ्ग्य चेतना



✍ गङ्गा कर्माचार्य पौडेल

हाम्रा राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको दुइ सय सातौं वार्षिकी समारोह विभिन्न कार्यक्रमहरूको आयोजना गरी २०७८ साल असार २९गते काठमाडौं स्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा धुमधामले मनाइयो । दर्जनौं पत्रपत्रिकाहरूले उनको नाममा विशेषाङ्क प्रकाशित गरे भने दिनहुँजसो कविगोष्ठी, अन्तरक्रिया, पुस्तक विमोचन जस्ता साहित्यिक गतिविधिहरू ह्वात्तै बढेका थिए । यस्ता गतिविधिहरू हेर्दा लाग्छ साहित्य साधकहरू मात्र नभई नेपाली भाषालाई माया गर्ने सबैमा एक प्रकारको असार पन्ध्रले छोएको थियो । २०७ वर्षपछि पनि यसरी नेपाली भाषा साहित्यको क्षेत्रमा हलचल मच्चाएर सर्जकहरूलाई जुरूक जुरूक उचाल्ने भानुभक्तको जन्म कहाँ र कसका घरमा भएको थियो भनि इतिहास पल्टायर हेर्दा मुक्तिनाथ आचार्य (भानुभक्ताचार्य चुँदी रम्घा तनहुँ) बाट यस्तो लेखेको भेटियो, "हाम्रो यो हिमाच्छादित पाशुपत क्षेत्र पून्यभूमि नेपाल अधिराज्यको भूमध्य भागमा पर्ने गण्डकी अञ्चल अन्तर्गत तनहुँ जिल्लाको चुँदी रम्घा गाउँ निवासी पवित्र ब्राह्मण कुलमा धुरन्धर विद्वान् श्रीकृष्ण आचार्यका जेठा छोरा सुपुत्र धनञ्जय आचार्य तथा बुहारी धर्मावतीदेवी आचार्यको पवित्र कोखबाट वि.सं. १८७१ साल असार २९ गते बिहिबारका दिन अपऱ्हान्न चुँदीरम्घा भन्ने गाउँमा आदिकवि भानुभक्त आचार्यको शुभजन्म भएको हो ।

कविजीका आफ्ना पिता धनञ्जय आचार्य सरकारी सेवातर्फ लागि पाल्पा तहसिल अड्डाको हाकिम खरिदार पदमा नियुक्त हुनु भएर वहाँ प्रायः पाल्पामा नै रहनुपर्ने भएकाले कवि भानुको प्रारम्भिक कालदेखिकै शिक्षा-दीक्षा, लालन-पालन आदि सम्पूर्ण जिम्मा पितामह श्रीकृष्ण आचार्यकै कर्तव्यभित्र पर्न आएको हुँदा कविजीले सम्पूर्ण शिक्षा-दीक्षा आदि कुरा विद्वान्

पितामह श्रीकृष्ण आचार्यबाट नै प्राप्त गर्ने अवसर पाउनु भएको थियो ।

यो जानकारी मैले भानुभक्त आचार्यका योग्य सन्तानमध्येका एक मुक्तिनाथ आचार्यले लेख्नु भएको साझा प्रकाशनबाट प्रकाशित भानुभक्तको रामायण २०५८ (चौथो पटक प्रकाशित) पुस्तकबाट जस्ताको तस्तै साभार गरी प्रस्तुत गरें । अब भानुभक्तको आफ्नो जीवन कालमा के, कस्ता कति पुस्तक लेखेर गए त्यसतर्फ ध्यानाकर्षण गर्न चाहन्छु ।

१. रामायण
२. भक्तमाला
३. प्रश्नोत्तरमाला
४. बधुशिक्षा
५. अन्य फुटकर रचनाहरू

"भानुभक्तको पहिलो पुस्तक रामायण हो । यो पुस्तक उनले संस्कृतबाट नेपालीमा अनुवाद गरेका थिए । यो नै नेपाली भाषामा लेखिएको पहिलो महाकाव्य थियो । त्यसभन्दा अगाडि नेपालमा हिन्दी र संस्कृत भाषामा लेखिएका पुस्तकहरूमात्र पाइन्थे । भानुभक्तको रामायण नै त्यस बेलाका नेपालीहरूको हृदयमा बास गर्ने, मनमतिष्कमा ढुङ्गामा अक्षर बन्ने सौभाग्य पायो । अहिलेका मानिसमा पनि रामायणले पारेको प्रभावमा कमी आएको छैन । त्यसैकारण आज २०७ वर्षसम्म पनि रामायणको लोकप्रियतां जस्ताको तस्तै रहन सफल भएको छ । रामायणपछि २०७ वर्षको अन्रालमा अरू स्रष्टाहरूबाट पनि थुप्रै गन्थहरू लेखिए, महाकाव्य लेखिए । तैपनि रामायणलाई कसैले हल्लाउन सकेका छैनन् । रामायणको महत्व उसबेलामा जति थियो । अहिले पनि उत्तिकै छ ।

रामायणका बारेमा प्रा. शिवगोपाल रिसाल लेख्नुहुन्छ, "भानुभक्तको सर्वश्व नै रामायण हो । रामायणको माध्यमबाट भानुको किरण नेपालका डाँडाकाँडा, भीरपहरा, वनकन्दरा, नदीनाला, हिमालका चिसा स्याँठहरू पगाल्दै, तराईका ताता बाफहरू छिचोली भारतका दार्जिलिङ्ग, आसाम बनारस, देहरादुन अनि बर्मा, मलाया, सिंगापुर, हङ्कङ आदि ठाउँमा फिजिँदै र जहाँ-जहाँ नेपालीहरू पुगेका छन्, त्यहीं-त्यहीं पच्छ्याउँदै गएकोमा नेपाली गौरवको अनुभव गर्दछन् ।"

त्यसैगरी भानुभक्त आचार्यले लेखेका भक्तमाला, प्रश्नोत्तरमाला बधुशिक्षा उनका मौलिक कृति थिए । ती कृतिले पनि समाजमा ठूलै हलचल मच्चाएको थियो । अझ बधु शिक्षाले त झन् चेतनशिल नारीहरूको हृदयमा

ठूलै पहिरो ल्याएको थियो भने त्यसको प्रभाव अहिलेसम्म पनि पूरै हटिसकेको छैन । अब म भानुभक्तका रचनामा पाइने व्यङ्ग्य चेतनाको खोजतर्फ कलम डोऱ्याउन चाहन्छु । नजानी नजानी कलम डोऱ्याउँन खोज्दा आफै सिस्नो घारीमा भ्वाम्मै जाकिने होकी भन्ने डर पनि लागिरहेको छ । त्यसकारण हाम्रा हास्यव्यङ्ग्यका पण्डित भैरव अर्याललाई अघि लाउन उचित ठानें मैले । अब यहाँ हुँदै नभएकालाई कसरी अघि लाउँछेस् ? भन्नुहोला । यस्ता पण्डित यहाँ नभएर के भयो र ? उनी नभए पनि उनका विचार भूतले कहाँ छोडेको हुन्छ र ? फेरि उनले भानुभक्तलाई साइनो लाएर यसो भनेको कुरा झुट्टो होइन । साँचो हो क्यारे । हास्यव्यङ्गय पण्डित भैरव अर्यालले भनेका छन्, "कवि बाजे मैले यो ठट्टा गरेको मात्र हो है, कारण तपाई ठट्यौला व्यक्ति हुनुहुन्थ्यो । व्यङ्ग्य विनोद निकै मन पराउनुहुन्थ्यो । तपाईंले तारापतिसित बन्दुकबारे ठट्टा गरेको, जेलमा प्रदर्शित उडुस, उपियाँको नाचगान बारे बिरोध गरेको कहिल्यै नबिर्सिने गरी मैले पनि पढेको छु .... । तपाईं हाम्रा पक्का साहित्यिक बाजे हुनुहन्छ । कवि बाजे हुनुहन्छ ... व्यङ्ग्य बाजे पनि हुनुहन्छ ।" व्यङ्ग्य बाजेले कस्ता कस्ता व्यङ्य रचना गरे हेरौं है त ।

**जागिर छैन धनि म छैन घरको केवल् कुदालो खनी**
**खान्थ्याँ दुख्ख गरेर चाकरी गऱ्याँ मान् पाउँलाकी भनी ।**
**एक् मन् चित्त लगाई चाकरी गऱ्याँ खुसी भएछन् हरी**
**मान्माथि पनि भुक्तमान् थपिदिया कैल्यै नखोस्ने गरी ।**

उसबेलामा राणाशासन थियो । कुटो कोदालो गरेर खान पुग्ने भएपनि भानुभक्तले मानकाखातिर राणाको सेवा गरे । चाकरी गरे तर मान पाउनुको सट्टा झन् भुक्तमान पाए । यसरी एकोहोरो सोझो तरिकाले काम गरेर केही उपलब्धि हासिल गर्न नसकिने उस बेलाको जस्तो प्रवृत्ति अहिलेको समाजमा पनि विद्यमान छ । लुच्याइँ, मूर्ख्याइँ, धुर्त्याइँ गर्नेहरू मात्र फड्को मारेर कताका कता पुगिसकेका हुन्छन् ।

**रोज् रोज् दर्शन पाउँछु चरणको ताप् छैन मन्मा कछू,**
**रातभर् नाच् पनि हेर्छु खर्च नगरी ठूला चयन्मा म छू ।**
**लामखुट्टे उपिया, उडुस इ सँगि छन् इन्कै लहड्मा बसी**
**लमाखुट्टेहरू गाउँछन् ति उपियाँ नाच्छन् म हेर्छु बसी ।**

कारागारभित्र बसेका बेलामा भानुभक्त आचार्यले त्यहाँको स्थितीलाई

व्यङ्ग्य रचना मार्फत जनसमक्ष बाहिर ल्याए । त्यो बेला जहाँ राणाशासन थियो जनताले आफ्नै घरमा पनि सुख पूर्वक हिँड्न पाएका थिएनन् भने कारागारको हालत झन् गए गुज्रेको थियो ।

**ख्वामित् आज हजुरहरू पृथ्वीका मालिक् छँदामा पनि,**
**ब्राह्मण्को व्रतबन्ध अड्कन तयार् देख्याँ र मालिक् भनी**
**जाही रात गऱ्याँ प्रभू चरणमा जो मर्जि होला भनी,**
**कन्दैसित् भनि मर्जि हुन्छ त भन्या क्यारूँ सहन्छू पनी ।**

समाजमा चलेको रितअनुसार छोराको व्रतबन्ध गर्ने बेला भइसकेकाले भानुभक्तले तत्कालीन प्रशासनसित अनुनय विनय गरे । यसमा उनले व्यङ्ग्य मात्र हैन हास्य पनि प्रयोग गरेका छन् ।

**विन्ती डिट्ठा विचारीसित म कति गरूँ चुप् रहन्छन् नबोली,**
**बोल्छन् ता ख्याल् गऱ्याझैं अनि पछि दिन्दिन् भन्दछन् भोलिभोलि ।**
**की ता सक्दीन भन्नू कि तब छिनिदिनू क्यान भन्छन् इ भोली**
**भोलीभोली हुँदैमा सब घर वितिगो बक्सियोस् आज झोली ।**

भानुभक्तले त्यसबेलाको अड्डा अदालतमा हुने ढिलासुस्तीलाई त्यसरी मज्जैले व्यङ्ग्यवाण हिर्काएका छन् । आज दुई सय सात वर्षसम्म पनि नसुध्रेको नेपालको प्रशासनिक तौरतरिकालाई भानुभक्तका उक्त श्लोकले बेस्सरी घोचेको अनुभव गर्न सकिन्छ र यसरी हेर्दा भानुभक्तका रचनामा व्यङ्ग्य प्रचुर मात्रामा रहेको पाइन्छ । वास्तवमा सोझो मुखले भनेको नसुन्नेलाई यस्ता व्यङ्ग्य रचनाले राम्रैसित चिमोट्न सफल हुन्छ र उसलाई सुध्रिने अवसर प्राप्त हुन्छ ।

वास्तवमा भानुभक्त आचार्य नेपाली भाषासाहित्य प्रवर्द्धक, आदी कवि र सरस्वतीका वरदपुत्र थिए । जतिबेला जुन घटना देख्यो तुरून्त कविता लेखि हाल्ने आसु कवि थिए । उनले नेपाली भाषा साहित्यलाई ठूलो गुन लगाएका छन् । आज २०७ वर्ष मात्र हैन भानुको हजारौं हजार वर्षसम्म पनि उनको गुणलाई कसैले बिर्सन हुने छैन । अहिले नेपाली भाषालाई अन्य विदेशी भाषाहरूले अतिक्रमण गर्न लागि परेका छन् । नेपाली भाषालाई ओझेल पार्न खोजिँदै छ यस्तो स्थितिमा भानुभक्तलाई सम्झेर नेपाली ठेट भाषालाई जोगाई राख्न हामी सम्पूर्ण नेपालीहरूको जिम्मेवारी एवम् कर्तव्य पनि हो ।

♦♦♦

# जलवायु परिवर्तन र कोप २६ सम्मेलन



✍ **अच्युतप्रसाद पौडेल 'चिन्तन'**

जलवायु परिवर्तनबारे बहस गर्न गत अक्टोबर ३१ देखि नोबेम्बर १२ सम्म बेलायतस्थित स्कटलैण्डको ग्लास्कोमा कोपको २६औं अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । यसमा नेपालको तर्फबाट प्रधानमन्त्रीले भाग लिनु भएको थियो । विश्वमा सर्वाधिक कार्बन उत्सर्जन गर्ने देश छिमेकी चीन बनेको छ तर त्यहींका राष्ट्रपतिले सो सम्मेलनमा भाग लिएनन् । सम्मेलन भइरहँदा नोभेम्बर ५ मा चीनको बेइजिङ्गमा राजमार्ग वरपर वायु प्रदूषित हुँदा २ सय मिटरसम्मको दृष्य देखिएन । राजमार्ग मात्रै होइन औद्योगिक कलकारखाना एवं विद्यालयहरू बन्द भए । आउँदो फेब्रुअरी ४ देखि २० सम्म राजधानी बेइजिङ्ग नजिकै झाँगजियाकुमा शीतकालिन ओलम्पिक खेल हुँदैछ यसको प्रभाव के होला हेर्नै बाँकी छ । कार्बन उत्सर्जन गर्ने पहिलो दर्जाको चीनपछि दोस्रोमा अमेरिका पर्छ जहाँ विगतमा भीषण आगलागी भएको थियो र यसले जलवायुमा व्यापक असर पारेको थियो। तेस्रो दर्जामा युरोपेली संघ, चौथोमा भारत अनि पाचौंमा रूस पर्दछ। चीनका राष्ट्रपति सि र रूसका राष्ट्रपति पुटिन दुवैले आफू सम्मेलनमा उपस्थित नभई प्रतिनिधि पठाएका थिए। संयोग नै हो कि यसपाली रूसको जंगलमा पनि ठूलै आगलागी भएको देखियो ।

त्यसैगरी भारतको दिल्ली प्रदूषणमा एक नम्बरमा छ । नोभेम्बर ५ मै त्यहाँ धूवाँ, धूलो, तुवाँलो, तिहारको पटाका र आतसबाजीले वायुको गुणस्तर एयर क्वालिटी इन्डेक्स ४७३ पुग्यो भने घामलाग्दा बल्ल ४२८ मा झरेको पाइयो । तिहारको दिपावली, पटाका, आतिसवाजीले नेपालमा पनि प्रदूषित बनायो । त्यसो त विश्वमै यतिबेला पाकिस्तान लाहोरको वायुको ए क्यू आई ३१६ भई ऊ दोस्रो भयो भने बेइजिङ्गले तेस्रो स्थान ओगट्यो । नेपालको ए क्यू आई १२७ सहित

१५ औं स्थान ओगट्न सफल भयो ।

कोप सम्मेलनमा हस्ताक्षर गर्दै सन् २०३० लाई डेट्लाइन राखियो । नेपाल लगायत अमेरिका, बेलायत, क्यानडा, ब्राजिल, रूस, इन्डोनेसिया, पाकिस्तान, कंगो आदि देशले सो अवधिमा वन विनाशलाई रोक्ने भनी हस्ताक्षर गरे। बेलायती प्रधानमन्त्री जोन्सन लगायत विश्वका ८० बढी देशले यो अवधिभित्रमा मिथेन ग्याँसको उत्सर्जन ३० प्रतिशतले कटौती गर्ने भन्दै हस्ताक्षर पनि गरे । हाल भईरहेको विश्वको तापमान डेढ् डि से लाई घटाउन पहिले मिथेन ग्याँस नै उत्सर्जनको मात्रा घटाउन जरूरी छ ।

कार्बन उत्सर्जन कम गर्ने र विकासोन्मुख देशलाई सहयोग गर्ने भन्दै कोपनहेगन सम्मेलनबाट हरित जल वायु कोष खडा गरिएको छ । कार्बन उत्पादन गर्ने ठूला औद्योगिक देशहरूबाट यो कोषमा सन् २०२० सम्ममा १ सय विलियन डलर सहयोग गर्ने भनिएकोमा हालसम्म जम्मा ७९ विलियन डलर मात्र सहयोग भएको छ । नेपालले भने २ पटक गरी ४९.४ मिलियन र २७.७ मिलियन डलर निकासा पाएको भनिए पनि जलवायु परिवर्तन रोकथाम बारेमा खर्च नगरेको र केही रकम मुगु र कालिकोटमा खर्च भएको जनाएको छ । सन् २००९ देखि नै यसबारे व्यापक चर्चा भए पनि धनी देशहरू नै यसबारे मौन रहेका छन् । विश्वमा नेपाल सहित विकासोन्मुख देशहरू ४७ वटा छन्, जहाँ मौसम प्रतिकूल हुँदा क्षति बढेको छ । बेलायतको रायमा सन् २०२३ सम्म यो सहयोग रकम बढ्ने छ, प्रगति आशा लाग्दो हुनेछ । रकम दिने कार्यमा युरोप सजिलो भए पनि चीन, भारत, रूस त्यति सजिला छैनन।

नेपालको भनाइमा जल वायुसँग मुकाबिला गर्न सन् २०५० सम्म हामीलाई ४७:४ मिलियन डलर आवश्यक छ । वन मन्त्रालयले राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ अंगिकार गरेको र ६४ वटा अनुकूलनका कार्यक्रम तय गरेको छ । नेपालले सन् २०३० सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने र सन् २०५० सम्ममा पूर्ण रूपमा कार्बन उत्सर्जन शून्यको लक्ष्य पूरा गर्ने भनेको छ । कोप २६ कै चर्चा गर्दा यसपाली सम्मेलन भइरहँदा १ लाख बढी मानिसहरूले जलवायुप्रति सदस्य राष्ट्रहरूले नै अन्याय गरेको भन्दै बाहिर सडकमा उत्रिएर विरोध प्रदर्शन गरे । विश्वको सबैभन्दा ठूलो यस्तो विरोध प्रदर्शनमा विश्वकै १५ हजार वैज्ञानिक, जलवायु अनुकूल प्रेमीहरूले ऐक्यबद्धता देखाएको भनियो ।

यसपालि धेरै पानी परेर

राजधानीको वागमतीमा पानीको बहाब बढेको छ । पानीको बहाब देख्दा अब काठमाडौं ३० वर्षअघिको अवस्थामा फर्कन लागेको हो त ? मनमा सकारात्मक सोच त आउँछ, तर मनसुन सम्झेर डर लाग्छ । अति वृष्टि, बेमौसमको वृष्टिले साच्चै यस वर्षको मनसुन भित्रिन नपाई काठमाडौंको मुहान भनिएको मेलम्चीलाई २ अर्बले नोक्सान गराएको छ । मनसुनभरि धेरैको ज्यान गयो र सम्पत्तिको पनि नोक्सान भयो तर मनसुन बिदा गरी सक्दा यसै दसैंको पूर्व सन्ध्यामै पाकेको धान मात्रै करिब ८ अर्ब बराबरको नोक्सान गराएको छ । झण्डै सवा सय मानिसले बाढी, पहिरोमा परेर एकै पटक संसार छोडे । प्रकृतिको यो वितण्डाले देशमा खाद्य संकट थपिने,महङ्गी वृद्धि हुने, भोकमरीको समस्या थपिने, देश संकटमा पर्न सक्ने प्रायः निश्चित छ ।

अहिले संसारमै सजिव प्राणीको अस्तित्व संकटमा छ । त्यसो त यसको आँकलन संसारले झण्डै ३० वर्षअघि नै गरेको हो । जलवायु परिवर्तनबारे चासो राख्दै २ दशकअघि विभिन्न देशका प्रतिनिधि, सरकार प्रमुखहरूको भेला भएको हो । जलवायु परिवर्तनसँग सम्बन्धित संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत पक्ष राष्ट्र बीच छलफल भई सन् १९९२ को जुनमा १७२ राष्ट्रका प्रतिनिधि एवं सरकार प्रमुखको पहिलो औपचारिक बैंठक ब्राजिलको रियो द जेनेरियोमा बसेको थियो भने यसअघि नै स्वीडेनको राजधानी स्टकहोममा यसबारे बहस भएको हो। यसपछि बिस्तारै अन्तर्राष्ट्रियकरण हुँदै आएको यो विषय अहिले सबैलाई पेचिलो बनेको छ । कार्बन उत्सर्जनमा नेपाल जस्ता देशहरूको भूमिका नगन्य भए पनि हिमालीक्षेत्र ओगटिएका हामीजस्ता देशलाई जलवायु परिवर्तनको समस्याले विषय जटिल बनाउँदै छ । त्यतिबेला स्टकहोममा नेपालको उपस्थिति नभए पनि रियोमा उपस्थित भएदेखि नै नेपालले आफ्ना समस्याहरू विश्वस्तरमा राखेको हो र पनि यसको प्रभाव न्यूनीकरण भएको छैन, बरू बढेको छ ।

जलवायु पविर्तन सम्बन्धी राष्ट्र संघीय महासन्धिका पक्ष देशहरूको २५ औं सम्मेलन गएको मंसिरमा चिलीको सान्टियागोमा भएको थियो । त्यसको पूर्व सन्ध्यामा भुटानको थिम्पुमा अति कम विकसित देश भनौं एल डि सि का देशहरूले वातावरण, वन, जलवायु परिवर्तन सम्बन्धित मन्त्री, उच्च अधिकारी एवं विज्ञहरूले हरित ग्याँसको उत्सर्जन कम गर्ने नीति र कार्यक्रम बनाउन सबैलाई ध्यानाकर्षण गराएका थिए । यसमा मूल विषय

विश्वको तापक्रम सरदर १.५ डि.से भन्दा बढ्न नदिने थियो । साँच्चै अहिले विश्वव्यापी रूपमा बढेको जैविक विविधताको ह्रासका कारण संयुक्त राष्ट्र संघीय दिगो विकासका लक्ष्यहरू अलपत्र पर्न सक्ने शंका छ, यसमा नेपाल अछुतो हुन्न। अहिले सबैतिर सिमसार भनौं नदी, वन, जलाशयको अतिक्रमण बढेको छ । हामी पनि ध्वनि, वायु एवं जल प्रदूषणका कारण कडा रोगको उच्च जोखिममा छौं।


मानव सभ्यताको इतिहास ५५ करोड वर्ष पुरानो छ । जब मानवले बस्ती बसाउँदै आयो उसले आफूलाई नदी, जलाशय, खोलानालाकै छेउ रूचायो । अहिले पनि हालैको वर्षामा मेलम्चीको सेरोफेरोको सम्झना आउँछ, कति सखाप भयो बस्ती । इन्दस नदीको वरपर हिन्द, मिश्र, रोम, मेसोपोटामिया, प्रसिद्ध शहर न्यूयोर्क, लण्डन, संघाइ, ढाका, दिल्ली, क्वालालम्पुर समेत सबै मानव सभ्यता सिमसार नदी वरपरबाटै सुरू भएको हो । हाम्रो राजधानी काठमाडौं शहर बस्ती बस्नु पूर्व यहाँ रहेको पानीलाई चोभारको डाँडो काटी पानी बाहिर पठाई शहर बसालिएको हो । काठमाडौं उपत्यका मात्र होइन हाम्रा मुख्य शहर भद्रपुर, चन्द्रगढी, दमौली, पोखरा, विदुर, जोमसोम, नारायणघाट, बुटवल, बेनी, महेन्द्रनगर सबै नदी खोला नजिकै छन् । कार्बन उत्सर्जनको प्रमुख कारक मानिस नै हो तर वन, नदीहरूले मानव उत्सर्जित कार्बनलाई सोसेर लिन्छ । माटोभित्र ३० प्रतिशत कार्बन संचित छ । जल, जमिन, वनलाई खलल पुऱ्याउँदा जलवायु परिवर्तन र त्यसको नकारात्मक असर पर्छ । हिजोआज देशमा माटो छोप्ने डोजरे विकास बढेको छ । माटो गलेको छ, बाढी, पहिरो बढेको र सवारी दुर्घटना पनि बढेका छन् । प्रकृतिले कार्बन लिन्छ, अक्सिजन दिन्छ । तर मानवको अभिन्न अंग प्रकृतिको चरम दोहन बढेको छ । चुरेक्षेत्रको बालुवा, ढुंगा निकासी गर्ने भनी अघिल्लो सरकार आफैंले बजेटमा भनिदियो, सरकारकै धारणा यस्तो आएपछि अरूलाई के भन्ने ? पानी प्रदूषित भई जलचर नपाइनुमा मानव निर्मित प्रदूषण कार्बन उत्सर्जन नै हो ।

नेपालको अधिकतम तापक्रम हरेक वर्ष औसत ०.०६ डि.से.ले बढेको छ । अन्य क्षेत्रको तुलनामा हिमाली क्षेत्रमा यसको दर बढी छ । विश्व जनसंख्याको ०.४ प्रतिशतमात्र नेपालमा बस्छन्। विश्वको कुल हरितगृह ग्याँसको करिब ०.०२५ प्रतिशत मात्र नेपालले उत्सर्जन गर्छ तथापी वायुमण्डलमा नेपाल उच्च जोखिममा छ । विगत एक शताब्दीमा नेपालको उच्च भूभाग हिमाली क्षेत्र

सगरमाथाको हिमभाग ३३० फिट गलेको छ । सयौं तालहरू फुट्ने सम्भवनामा छन् । काठमाडौंमा बाहिरी चक्रपथको योजना सुनिन्छ, बस्ती उठाएर विकास हुन्न, बरू उपत्यका बाहिर यस्ता योजना लैजान सकिन्छ । नेपालको वार्षिक वर्षा क्रममा व्यापक हेरफेर भएको छ, लामो समय खडेरी र तिव्र वर्षा पनि छ। अहिले रात र दिन दुवैमा चिसो कम छ । १०० मि. मि भन्दा बढी पानी पर्ने दिन बढ्दै छ । हावाहुरीको ताण्डव नृत्य छ, भूस्खलनले मलिलो माटो खेर गएको छ । जलवायु परिवर्तनकै कारण कृषि, जलस्रोत, वन, जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन र समग्र पूर्वाधारमै प्रभाव पारेको छ । वायुमण्डलमा जल वायु परिवर्तन नियमित प्रक्रिया भए पनि उद्योग र यातायातमा खनिज इन्धनको अधिक प्रयोगले यसको प्रक्रिया थप बढेको हो । ♦♦♦

**कविता**

## तिम्रो कविता यस्तो होस्



✍ **शशी श्रेष्ठ**

तिम्रो कविता यस्तो होस् !
नारी र पुरूषको ट्याग नलगाई
स्वच्छन्द उडेका चराहरू जस्तै
विचलित मनलाई शब्दले स्पर्श गर्दै
उडोस् मन्द मन्द पवनसँगै।

तिम्रो कविता यस्तो होस् !
वाचन गर्नेलाई युगौंदेखि बोकेको भारी
बिसाए जस्तै होस्।
श्रवण गर्नेलाई,
बाथले कक्रक्क परेको देहमा
थेरापी गरेको जस्तै आनन्द मिलोस्।

त्यस्तो शक्तिशाली कविता सुनेर
लट्ठी टेक्दै हिंडेकी आमा
भिडको अगाडि ठिङ्ग उभिएर
वान्समोरको हुटिङ्मा चिच्याउन्।
ऐठन पार्ने सपनाका उर्बसीहरू सम्झेर
त्यही भिडको कुनामा उभिएका
धेरै पिताजीहरू
टोपीले पसिना पुस्दै मुसुक्क मुस्कुराउन्।

तिम्रो कविता यस्तो होस्
जसका शब्दहरू भित्र लुकेर
अतित फर्किआओस् र
समय पनि टक्क रोकियोस्।

लघुकथा

# गलत बाटो



✍ घन बहादुर थापा

उसले प्रशस्त सम्पत्ति जोड्यो । रवाफ बढ्दै गयो । अगाडि पछाडि मान्छे र गाडीको तामझाम नभै उसलाई यताउति हिंड्न मन लाग्नै छोड्यो । दिन प्रतिदिन उसको वाहवाही गर्नेहरूको भिड बढ्दै गयो ।

बद्लिंदो परिवेशसँगै उसको अहङ्कार बढ्दै गयो । घमण्डको उचाइ त झन् मौलाउँदै सगरमाथा जति नै अग्लियो ।

धनसम्पत्तिको रवाफ र उसको व्यवहारले समाज आतङ्कित बन्यो । छरछिमेकी अन्यौलमा परे । नागरिक समाजका अगुवाहरूले शान्तिको खोजी गर्न थाले । तर उपाय केही सुझेन । एक दिन उनीहरू योगीबाबा कहाँ गए ।

आफ्नै इमानदार चेलोका बारेमा जुन कुरा सुने, यसले योगी बाबालाई छक्कै बनायो । "कसरी यस्तो हुन सक्यो ऊ ? कसरी बाटो बिराउन सक्छ उसले ?," प्रश्न गर्दै योगीबाबाले अगुवाहरूलाई भने, "तपाईंहरू ढुक्क हुनुस्, सबै ठिक हुन्छ ।"

धनाढ्य हुनुभन्दा पहिले ऊ योगीबाबा कहाँ पुग्थ्यो । आशिर्वाद थाप्थ्यो । तर आजकल योगीबाबालाई भुसुक्कै बिर्सेको थियो । योगीबाबाले बोलाएको खबर पाएपछि ऊ झसङ्ग भयो र आश्रम जान निस्कियो ।

"गुरूदेव के कुराको आवश्यकता पऱ्यो र मलाई सम्झनु भयो ? धन सम्पत्ति, सुख सुविधाका वस्तुहरू हजुरलाई के चाहिन्छ भन्नुस्", उसले घमण्ड देखाउँदै भन्यो, "सेवक सेवामा हाजिर छ ।"

"शान्त बालक, मलाई यस्तो केही चाहिँदैन । बरू अहिले तिमी मसँग हिंड", योगीबाबाले शान्त भएर भने ।

योगीबाबा र नागरिक समाजका अगुवाहरूसँग ऊ आर्यघाट पुग्यो । त्यहाँ एक जना पुरूषको शव जलाउन लागिएको थियो ।

योगीबाबाले भने, "हेर, देह त्यागेका यी व्यक्ति विश्वकै कुवेर मध्येका एक हुन् । अब यिनले आफ्नो अथाह

धनसम्पत्ति साथमा लैजान सक्तैनन् । हामी कसैले पनि सक्तैनौं । त्यसैले धन सम्पत्तिको धाक लगाउनु, नचाहिँदो रवाफ देखाउनु, घमण्ड गर्नु व्यर्थ छ । समाजमा अशान्ति फैलाउनु र अरूलाई दुःख दिनु मानवीय कार्य हैन ।"

योगीबाबाको कुरा सुनेर उसलाई आफू गलत बाटो हिंडेको महसुस भयो । पछुतो मान्दै माफी माग्यो । ♦♦♦

कविता

## समयसँगै हराएको प्रेम



✍ **सिन्धिया श्रेष्ठ**

मेरो चिठी पढेर तिमी भावुक हुन्छौ भने
भयो अब म कुनै चिठी लेख्दिनँ ।
मेरो सम्बोधनले तिम्रो मुटु छियाछिया हुन्छ भने
म हाम्रो सम्बन्धलाई गुमनाम नै राखिदिन्छु
मेरो मायाले तिमीलाई पोल्छ भने
मेरो सामिप्यले तिमी अश्म बन्छौ भने
यो प्रेमको के अर्थ भयो र ?

ठिक छ, म आइन्दा तिम्रो छेउ पर्दिनँ
तिम्रो हाँसोमा म रमाउदिनँ
तिम्रो आँशुमा म भेटिन्नँ
म तिमीलाई मेरो अस्तित्वको कुनै आभाष हुन दिन्नँ
त्यसैले म अब कुनै पत्र लेख्दिनँ
मेरा प्रेमका तमसुकहरू तिमीसँग छन्
यदि छन् भने तिनीहरूलाई तिमी

डुङ्गा बनाई बगाइदेऊ, त्यो मेलम्चीको भेलसँगै
चङ्गा बनाई उडाइदेऊ,
यो विशाल आकाशमा चराहरूसँगै
खरानी बनाई मिल्काइदेऊ, ती यादका अस्तुसँगै।
अनि सम्झनेछु म आफूलाई
पृथ्वी जस्तै, सूर्य जस्तै, हावा जस्तै,
पानी जस्तै, एक्लै एक्लै एक्लै ।

# क्षणिक आवेग



✍ प्र.नि.भोजराज पाण्डेय

आश्विन महिनाको ११ गते, शरद ऋतु, चाडपर्वको महिना, आकाश सफा हुनु पर्ने भएता पनि बिहानै देखि आकाशमा बादल लागेको कारण धुम्म थियो । रातभर मुसलधारे पानी परेको हुँदा बाहिर सडक हिलाम्मे थियो । मानिसहरूको पनि खासै चहलपहल थिएन । गाडीहरू पनि सडकमा खासै चलेका थिएनन् । हुन त बिहानको समयमा ललितपुरको दक्षिणी भूभाग चापागाउँमा गाडीको चहलपहल हुने कुरा पनि भएन । बिहान मौसम अनुकूल नभए तापनि कार्यालय प्रमुख टेक बहादुर कार्की र म नियमित शारीरिक व्यायाममा निस्केका थियौं । विशेष गरी यस महिनामा नेपालीहरूको महान चाड दसैं लगायतका चाड पर्वहरू पर्ने हुँदा चाड पर्व मनाउने नाममा विभिन्न किसिमका झै-झगडा तथा अन्य गम्भीर प्रकृतीका अपराधहरू पनि हुने हुँदा हामी लगायत मातहत समेतका सबै प्रहरीहरू सचेत थियौं । बिहानको ०७:३० बजे तिर प्रहरी नायब उपरीक्षकको मोबाइलमा प्रहरी चौकी टिकाभैरबका कार्यालय प्रमुखको फोन आयो,"सर ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ७ देवीचौर स्थित सलेनी खोल्साको झाडीमा ललितपुर जिल्ला बाग्मती गा.पा. वडा नं. ४ प्युटार घर भई हाल देवीचौर ललितपुर स्थितमा ज्याला मजदुरी गरी बस्दै आइरहेको वर्ष २९ को राज कुमार भुलुनको घाँटीमा खुकुरी जस्तो धारिलो हतियारले प्रहार गरी हत्या भएको अवस्थामा लास फेला परेको छ ।"

"तत्काल घटनास्थलमा आवश्यक जनशक्ति लिई घटनास्थलको सुरक्षा व्यवस्था मिलाउनु भन्ने निर्देशन सर बाट भए पश्चात तत्काल वृत्त चापागाउँ बाट सोको तथा तालिम प्राप्त प्रहरी कुकुर सहितको टोली लिएर कार्यालय प्रमुख सरको कमाण्डमा म लगायत मुचुल्का टोली कार्यालयदेखि अ. १२ कि.मी. दक्षिण रहेको घटनास्थल तर्फ प्रस्थान गऱ्यौ।

करिब १ घण्टाको यात्रा पछाडि हामी घटनास्थलमा पुग्यौं। घटनास्थल देवीचौर सलेनी स्थित पूर्व र पश्चिममा सार्वजनिक मछिन्द्रनाथ सामुदायीक वन, उत्तर र दक्षिणमा देवीचौरबाट सलेनी हुंदै डुकुछाप जाने कच्ची सडक बाटो रहेको, यदि चार किल्ला भित्र अवस्थित सार्वजनिक सडक बाटो रहेको, सो सडक बाटोको सलेनीबाट डुकुछाप जाने बाटोको बायाँतर्फको सडक बाटोको छेउ किनाराको माटोमा रगत जस्तो रातो पदार्थ रहेको, सडक बाटोको पूर्वतर्फ भित्ता छेउमा निलो रंगको दायाँ गोडाको लेडिज फित्ते चप्पल रहेको, सडक बाटोको भित्ता नजिकै भुइंको माटोमा रगत जस्तो रातो पदार्थ केही सुकेको जस्तो रहेको, सडकको भित्ता नजिकै कालो रंगको दायाँ गोडाको फित्ते चप्पल रहेको, सो सडक बाटोको पश्चिम तर्फ छेउ किनाराको झाडी लतारिएको अवस्थामा रहेको, सो सडक बाटोको छेउ किनारादेखि १८ फिट तल ऐसेलु गुराँस लगायतको बोट विरूवाको झाडी भित्र दक्षिण टाउको उत्तर खुट्टा भई बायाँ हात दक्षिणतर्फ अर्ध खुम्चिई बायाँ हातको पाखुरामा बायाँ कानको भाग सटेको, दायाँ हात अर्ध खुम्चिई शिरतर्फ फर्किएको अनुहार र छातीको भाग झाडीमा रहेको ढुङ्गा माथि रहेको, दुवै गोडा अर्ध खुम्चिई बायाँ गोडा मुनी र दायाँ गोडा माथि भई खप्टिएको अवस्थामा दक्षिण पश्चिम अर्ध मोहडामा राज कुमार भुलुनको मृत लास रहेको, साथै लास नजिक १३ से.मी. लम्बाई भएको फलामको काजो सहितको काठको खुकुरीको बिँड रहेको, बाटोको किनारा छेउमा पिंक र पहेलो रंग भएको कपडाको सल रहेको, माथि उल्लेखित मृतक राज कुमार भुलुनको मृत लास माथि सडक बाटोमा ल्याई हेर्दा मृतकको दायाँ कान काटिएको, सो काटिएको कानबाट पछाडि ४ ईन्च लम्बाईको काटिएको घाउ, सो घाउ नजिकै ६ ईन्च लम्बाईको घुचुकमा ४.६ ईन्च लम्बाईको काटिएको घाउहरू रहेको, बायाँ कानमुनी अगाडि घाँटीदेखि दायाँ तर्फ हुँदै गर्धन सम्म ९ ईन्च लम्बाई र २ ईन्च गहिराईको काटिएको जस्तो देखिने आलो घाउ रहेको हुँदा सम्पूर्ण कुरा मुचुल्कामा उल्लेख गरी घटनास्थलमा फेला परेका सबै सबुदहरू संकलन गरी मृतक लासलाई पोष्टमार्टमको लागि पाटन अस्पताल पठायौं ।

घटनास्थलको प्रकृति हेर्दा एकान्त स्थान रहेको र साडु नाता पर्ने ज्ञान कुमार सिङ्तान अघिल्लो दिनको राती ८ बजेतिर माथि पसलबाट सँगै मादक पदार्थ सेवन गरेर फर्कदैं गर्दा एक जना अपरिचित मानिससँग मृतकको घटनास्थलमा

भनाभन भएको र त्यसै समयमा निजले साथमा पछाडि बोकेको खुकुरी निकाली साढु दाईलाई प्रहार गरे पछि म मानिस बोलाउन माथि तिर दौडिदै गएको, त्यसको केहि समयपछि अन्य २ जना मानिसहरू साथमा लिई घटनास्थलमा आउँदा केही पनि नदेखेको र बिहान सम्म पनि साढु दाई फर्केर घरमा नआएको कारण खोज्दै आउँदा झाडीमा मरेको देखेको हुँदा प्रहरीलाई खबर गरेको भनि बताएकोले घटनामा निज तथा निजकै चिनेका मानिसहरूको घटनामा संलग्नता हुनु पर्छ भन्ने प्रारम्भिक निष्कर्ष हामीले निकाल्यौं । त्यसमा पनि घटनास्थलमा लगेका तालिम प्राप्त प्रहरी कुकुरहरूले पनि घटनास्थलमा रहेको चप्पललाई सुघाई छोड्दा मृतकको घर सम्म पुगेको देखिएको हुँदा यसमा थप शंका गर्नु पर्ने आधार बनेको थियो । त्यसकारण हामीले मृतकको साढु भाई नाता पर्ने ऐ.ऐ. बस्ने मंगल बहादुर सिंतानको छोरा वर्ष ३१ को ज्ञान कुमार सिङ्तानलाई नियन्त्रणमा लिई बेलुकी मात्र घटनास्थलबाट फिर्ता भयौं ।

ललितपुर जिल्ला, साविक प्यूटार-३ को हाल बाग्मती गाउँपालिका वडा नं. ४ बस्ने स्व. तिर्थराज भुलुनको छोरा वर्ष ५४ को चन्द्र बहादुर भुलुनबाट ज्ञान कुमार सिङ्तान समेतको मिलोमतोमा मेरो छोरालाई कर्तव्य गरी मारेको हुँदा घटनाको अनुसन्धान गरी कानून बमोजिम हदै सम्मको कारबाही तथा सजाय गरी पाउँ भन्ने समेत व्यहोराको जाहेरी समेत मृतकको बुवाबाट १२ गते प्राप्त भएको हुँदा अब सत्य तथ्य पत्ता लगाउनु हाम्रो लागि चुनौतीको विषय थियो। त्यसकारण दुई दिनको अथक मेहनत पश्चात निस्केको परिणाम यस्तो थियो ।

ललितपुर जिल्ला बाग्मती गा.पा. वडा नं. ४ प्युटार घर भई हाल देविचौर ललितपुर स्थितमा ज्याला मजदुरी गरी ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ७ देविचौर स्थित बस्दै आईरहेको वर्ष २९ को राज कुमार भुलुन आफ्नो घर छाडी साढुभाई ज्ञान कुमार सिङ्तानको घरमा निजको श्रीमती रजिना भुलुन र निजहरूको पाँच जना छोराछोरी सहित घटना हुनु भन्दा दुई महिना अगाडि देखि बस्दै आइरहेका थिए । आफ्नो घरमा बसोबास नहुनु, साथमा ५/५ जना बच्चाबच्ची हुनु र साढुभाई कै घरमा बसेको भए तापनि तिनको लालनपालन र हेरचाहको कारण अनावश्यक दबाबको सामना उनले गर्नु परिरहेको थियो । आम्दानी भन्दा खर्च बढी हुन थाले पछि मानिसको घरमा पारीवारिक समस्या सिर्जना हुन थाल्दछ । उक्त

घरमा पनि सोही समस्याले बिस्तारै जरो गाड्न थालेको थियो ।

राजकुमार भुलुनले गर्ने गरेको ज्याला मजदुरी (घर बनाउने मिस्त्री) बाट आएको आम्दानीबाट उनको घर जेनतेन चलेको त थियो तर श्रीमतीसँग उनको पटक्कै मन मिलेको थिएन । काम पश्चात बेलुकी घरमा आउँदा सधैं मादक पदार्थ सेवन गरेर आउने गरेको कारण पनि झगडाले थप बल प्राप्त गर्दथ्यो । छोरा मानिस छोरी मानिसको तुलनामा शारीरिक हिसाबले त्यसै पनि बलियो नै हुन्छ, त्यसमा पनि राजकुमारको कसिएको बलियो शरीर, हातपाखुरा बलिया भएको कारण पनि झगडामा निजको श्रीमतीले सधैं हार र शारीरिक घाउ खत नै हुने गरी कुटाई खानु परेको थियो । पछिल्लो पटक आश्विन महिनाकै २ गते निजको श्रीमती वर्ष २८ की रजीना भुलुनलाई निज राजकुमार भुलुनले  टाउकोमा ढुङ्गाले हान्दा बायाँ कानमा घाउचोट लागि घाइते भएकोले अर्को दिन आफैले गाउँको भाई नाता पर्नेको मोटरसाइकलमा हाली पाटन अस्पतालमा लगि उपचार गराई घरमा ल्याए पश्चात निजहरू दुवै जना श्रीमान श्रीमतीमा  खासै राम्रोसँग बोलचाल पनि थिएन ।

राजकुमार भुलुनले दिनहुँ मादक पदार्थ सेवन गरी शारीरिक, मानसिक यातना दिने गरेको हुँदा अब श्रीमानको यातना सहेर नबस्ने, मार्ने सोँच बनाई बहिनी सुनिता सिङ्तानसँग राजकुमारको श्रीमती रजीना भुलुनले सरसल्लाह गरी बहिनीकै मोबाईलबाट पहिला देखभेट, बोलचाल भएकी जित बहादुर भोलन र सानुमाया भोलनको छोरी जिल्ला मकवानपुर, मकवानपुरगढी गाउँपालिका वडा नं. १ देवती घर भई हाल ठेचो ललितपुरमा बस्ने दिनेश लुङ्बाको श्रीमती वर्ष ३० की लक्ष्मी ब्लोन भन्ने म्याक्सी माया भोलन (लुङ्बा) लाई फोन सम्पर्क गरी "घरमा श्रीमानले गरेको ज्यादतीको बारेमा सबै कुरा बताई श्रीमानलाई मार्नु पर्‍यो, मार्ने मान्छे खोज्नु ५०,०००।- दिन्छु" भनि बताए पछि लक्ष्मी ब्लोनले पहिला त पत्याइनन् । तर त्यस पश्चात पनि तारनतार फोन गरी कर गरेकोले निजले त्यस्तो काम गर्न सक्ने मानिसको खोजिमा जुटिहालिन् ।

दिनेश लुङ्बाको श्रीमती वर्ष ३० की लक्ष्मी ब्लोन भन्ने म्याक्सी माया भोलनले (लुङ्बा) आफ्नो श्रीमानसँग बस्न छाडेको लगभग ४ वर्ष भईसकेको थियो । उनको साथमा एक छोरी थिइन । हालसालै उनको एक जना मनोज मगर भन्ने मनोज सार्की उनको केटा साथी सम्पर्कमा रहेको थियो । एक दिन उनले आफ्नो साथीबाट नै उक्त योजना फत्ते

गराउने मनसाय राखी निजलाई सो प्रस्ताव राखिन् । सुरूमा त उसले पनि उक्त प्रस्ताव मञ्जुर गरेन । तर लक्ष्मीको निरन्तर दबाब पछि उसले नकार्न सकेन ।

"हुन्छ म त्यसलाई मार्छु" भनि लक्ष्मीलाई मनोजले बताए पछि सो कुरा लक्ष्मीले फोन गरी राजकुमारको श्रीमतीलाई बताए पछि उपयुक्त समयमा काम तमाम गर्ने योजना बन्यो । त्यस पछि मनोज सार्कीले खुकुरी समेत तयार पारे पछि रजिना भुलुन र सुनितासँग सरसल्लाह गरी "निज राजकुमार भुलुन बेलुका सधैं भट्टीमा गएर रक्सी खाएर घर फर्कने गरेकाले सोही मौका छोपेर बाटोमै ज्यान लिने" अन्तिम योजना चारै जनाको सहमतीमा बन्यो । सोही योजना बमोजिम आश्विन १० गते अं. १७:३० बजे तिर निज लक्ष्मी भुलुनको सानी छोरी समेतलाई साथमा लिई मनोज सार्की खुकुरी राखेको झोला बोकेर ठेचो स्थित कोठाबाट निस्किएर बसमा चढी गोदावरी नगरपालिका वार्ड नं.७ टिकाभैरव पुगेर चिनजान बोलचाल रहेका कुमार ब्लोनको कोठामा गई निजको श्रीमतीसँग भेटेर सानी छोरीलाई निजहरूकै कोठामा छाडी लक्ष्मी र मनोज सार्की दुवै जना त्यहाँबाट पैदल उकालो हिँड्दै अन्दाजी २०:०० बजे राजकुमार भुलुन हिँड्ने बाटो देवीचौर सलेनीडाँडा स्थित जङ्गल बीचको घुम्ती रहेको एकान्त स्थानमा (जुन स्थान राजकुमार बस्ने गरेको घर भन्दा अं ५०० मिटर पूर्व पर्दथ्यो) ढुकेर बसे । त्यस बीचमा उनीहरूले पटकपटक राजकुमारको श्रीमती रजीना भुलुन र निजको बहिनी सुनिता सिङ्तानसँग फोन सम्पर्क गरी लोकेशन बताइरहेका थिए ।

देवीचौर स्थित जङ्गलमा पुगे पछि पुनः लक्ष्मीले सुनिता सिङ्तानको मोबाईलमा फोन गरी मनोजले भने बमोजिम आफूहरू बसेको स्थानमा रक्सी र चप्पल लिई आउन आग्रह गरेकोले सुनिता सिङ्तानले चप्पल र रक्सी लिएर आई "तिमीहरू यही बस, मेरो श्रीमान र राजकुमार माथि पसलमा बसेर रक्सी खाइरहेका छन् । अहिले यही बाटो फर्कन्छन् । मेरो बुढालाई चाही नहान्नु नी" भनि निज सुनिता त्यहाँबाट घर तर्फ लागिन् ।

सुनिता त्यहाँबाट आफ्नो घर तर्फ गए पछि मनोज सार्कीले आफूले लगाएको जुत्ता र मोजा फुकालेर आफूले बोकी ल्याएको कालो झोलामा राखी सुनिताले ल्याई दिएको चप्पल लगाएपछि रक्सी दुवै जनाले बाँडेर खाए । त्यसपछि मनोजले योजना बमोजिम झोलाबाट सल र खुकुरी निकालेर कम्मरमा भिरी बाटोको डिलमा बसी राजकुमार भुलुन

आउना साथ मार्न भनि तयार भएर बस्यो । रातको अन्दाजी २१ः३० बजेतिर राजकुमार भुलुन र ज्ञान कुमार सिङ्तान दुवै जना पैदल हिँड्दै माथिबाट मोबाइलको उज्यालो बाल्दै आइरहेको देखि मनोज सार्की बाटोको बीचमा गएर उभियो ।

मनोज सार्कीलाई राजकुमारले देख्ने बित्तिकै 'तँ यति राती यहाँ बाटोमा किन बसेको ?' को होस् तँ? भन्दै निहुँ खोज्दै मनोज सार्कीलाई धकेल्दै मुक्काले मनोजलाई हातपात गर्न लाग्दा मनोज सार्कीले कम्मरमा भिरेको खुकुरी झिकेर राजकुमार भुलुनलाई हान्नको लागि निकाल्यो । मनोजले खुकुरी निकालेको देखि निज ज्ञान कुमार माथि पसल भए तर्फ भाग्यो । त्यसपछि मनोजले राजकुमारलाई घाँटी र टाउकोमा पटक-पटक खुकुरी प्रहार गरी डिल बाट तल झाडी तर्फ धकेलिदियो । सो क्रममा केही मानिसहरूले मोबाइलको टर्च बाली घटनास्थल तर्फ आइरहेको देखि निज त्यहाँबाट तल जङ्गलै जङगल हुँदै भाग्दै गएकोमा राजकुमार ब्लोनको लास रहेको स्थान भन्दा १०० मीटर तल खोल्सामा खस्न पुग्यो, त्यतिबेला नै निजले साथमा बोकेको मोबाइल समेत अफ हुन पुग्यो ।

लक्ष्मी खुकुरी प्रहार भए पश्चात त्यहाँ नबसी ज्ञानकुमार सिङतान गए तर्फ पछिपछि गई केही पर आई डाँडामा लुकेर बसिरही । पछि ज्ञान कुमार सिङ्तानले दुई जना मान्छेहरू लिएर उक्त स्थानमा आएकोमा रातको समय भएको र पानी समेत परेकोले केही देख्न सक्ने अवस्था थिएन । निजको साथमा आएका दुई जना मध्ये अनिल लिम्बु भन्ने मानिस सोही स्थानबाट नै फर्की गएको र अर्को एक जना ज्ञान कुमारसँगै निजको घरमा पुगि फर्किई आफ्नो घर तर्फ गएको थियो ।

लक्ष्मीले निजहरू आफ्नो घरतर्फ लागे पछि मनोज सार्कीको मोबाइलमा फोन सम्पर्क गर्दा निजको मोबाइल स्विच अफ रहेकोले बाटोमा आई हेरी, त्यहाँ मनोजलाई नदेखेपछि एक्लै हिँड्दै अं. ५०० मीटर पर रहेको सुनिताको घरमा पुग्दा रजिना घर बाहिर आएकीले निजलाई घटना बारेमा बताउँदा निजले 'यहाँबाट जाऊ, नबस' भनेकीले त्यहाँबाट मनोजलाई भेटिन्छ की भनि पुनः घटना भएको बाटोमा गएर हेरी, तर कतै केही नदेखेकोले निज त्यहाँबाट सुनिताको घर भएको ठाउँमा फर्किएर कसैलाई थाहा नदिई सुनिताको घरसँगै रहेको खाली गोठ (छाप्रो) भित्र गएर लुकी उक्त रात त्यही सुतेर ११ गते बिहान सबेरै ५ बजेतिर कसैले नदेख्ने गरी त्यहाँबाट निस्किएर पैदल हिँड्दै टिकाभैरव स्थित कुमार ब्लोनको

कोठामा आई उक्त दिन सोही कोठामा बसी १२ गते साँझपख मनोज सार्कीले बोकेको कालो झोला र छोरीलाई लिई भाग्ने सोच बनाई गाडीमा चढेर बाडेगाउँ ललितपुरमा पुगी बाटोमा हिंड्दै गर्दा अनुसन्धानमा खटिएको प्रहरी टोलीले फेला पारी नियन्त्रणमा लिई निजले बयानमा उल्लेख गरे बमोजिम सुनिता सेङतान र रजनी भुलुन समेतलाई नियन्त्रणमा लिई सम्मानित जिल्ला अदालत ललितपुरबाट कर्तव्य ज्यान मुद्दामा म्याद लिई अनुसन्धान कार्य अगाडि बढाएको थियो ।

घटनास्थल लाशजाँच मुचुल्का, चन्द्र बहादुर भुलुनको जाहेरी दरखास्त, बुझिएका मानिसहरूको घटना विवरण कागज, पक्राउ प्रहरी प्रतिवेदन, प्रतिवादीहरूको वारदातमा साविती हुने व्यहोराको बयान कागज, प्रतिवादी ज्ञान कुमार सिङ्तानले लगाएको भेष्ट प्रमाणको लागि बरामद गरेको बरामदी मुचुल्का, घटनास्थलमा खोजतलासको क्रममा १७ ईन्च लामो फलामे धारिलो खुकुरी बरामद गरेको बरामदी मुचुल्का, कल डिटेल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्राप्त मृतक राजकुमार भुलुनको शव परिक्षण प्रतिवेदन लगायतका वारदातलाई समर्थन हुने व्यहोराको सम्पूर्ण मिसिल संलग्न कागजातबाट निज प्रतिवादीहरू रजिना भुलुन, लक्ष्मी ब्लोन भन्ने म्याक्सीमाया भोलन (लुङ्बा), सुनिता मोक्तान सिङ्तान, ज्ञान कुमार सिङ्तान र मिति २०७८।०६।१३ गते घटनास्थल रहेको ल.पु.जि.गोदावरी न.पा. वडा नं. ७ देवीचौर सलेनी खोल्सामा मृत फेला परेका मनोज मगर भन्ने मनोज सार्की समेतको मिलेमत्तो योजना र संलग्नतामा मिति २०७८।०६।१० गते रातको समयमा नियोजित तवरले बाटो ढुकी धारिलो हतियार खुकुरीले क्रुर एवं निर्ममता पूर्वक टाउको र घाँटीमा प्रहार गरी राजकुमार भुलुनको विभत्स हत्या गरे पश्चात घटना लुकाउन मृत लाशलाई झाडीमा लगेर लुकाई राखेको कर्तव्य ज्यान मुद्दाको वारदात सम्बन्धमा पक्राउ प्रतिवादीहरू रजिना भुलुन, लक्ष्मी ब्लोन भन्ने म्याक्सीमाया भोलन (लुङ्बा), सुनिता मोक्तान सिङ्तान र ज्ञान कुमार सिङ्तान समेतले ज्यान मार्ने योजना बनाई नियोजित तवरले रातको समयमा एकान्त स्थानको बाटोमा हिंडिरहेका राजकुमार भुलुनको टाउको र घाँटीमा फलामे धारिलो खुकुरीले क्रुर एवं निर्ममता पूर्वक प्रहार गरेर विभत्स हत्या गरी लाश समेत लुकाएको हुँदा निजहरूले गरेको कसुर मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ उपदफा (१) विपरीत र ऐ. संहिताको परिच्छेद ५ को दफा ४१ (क)

बमोजिम हुने कसूर अपराध गरेको देखिदा निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा ४१ बमोजिम हदै सम्मको सजाय हुन सक्कल नक्कल मिसिल कागजातहरू र पक्राउ प्रतिवादीहरू समेतलाई अनुसन्धान प्रतिवेदन साथ जिल्ला सरकारी वकिलको कार्यालय, ललितपुरमा पेश गरेकोमा जिल्ला सरकारी वकिलको कार्यालयबाट पनि सोही कुरालाई समर्थन गरी अभियोग पत्रसाथ सम्मानित जिल्ला अदालत, ललितपुरमा पेश भई बहस पश्चात सम्मानित अदालतबाट कार्तिक ८ गते निज चारै जना प्रतादीहरूलाई पूर्पक्षको लागि कारागार कार्यालय, जगन्नाथ देवल काठमाडौंमा थुनामा पठाउने आदेश भएको हुँदा हाल निजहरू चारै जना कारागारको चिसो सिरेठोमा आफूले गरेको अपराधको समिक्षा गर्दै छन् ।

'लोग्ने स्वास्नीको झगडा परालको आगो भन्छन् ।' राजकुमार र रजनी बीचको सामान्य विवादको विषयले सात जुनी सम्म सँगै जिउने भनि अग्नीलाई साक्षी राखी लोग्ने स्वास्नीको रूपमा सम्बन्ध स्थापित भई निजहरूको सम्पर्कबाट जन्मिएका ५ जना बालबालिकाहरूको भविष्य अहिले औंसीको रात जस्तो अन्धकार भएको छ । बुबासँगको सामान्य झगडामा बैरी जस्तो गरी आमाले क्षणिक आवेगमा गरेको निर्णयले ती अबोधहरूले बुबा त गुमाउनु पऱ्यो नै आमालाई पनि कारागारको छिसो छिडीमा बस्न बाध्य बनायो । दिनको दस पटक झगडा हुने र दस पटक मिल्नु पर्ने अवस्थाको नातालाई रजिनाको आवेगले गर्दा श्रीमान परलोक र आफू कारागारको छिडीमा बस्न बाध्य तुल्यायो । अरूको यस्तो कहिले नहोस् । ♦♦

**मुक्तक**

## *आमा*

✍ **एच.के. धिताल**



सृष्टि भित्रको अर्को सृष्टि आमा हुन्
जो कोहीको भित्री दृष्टि आमा हुन्
न किन्न सकिन्छ, न बेच्न सकिन्छ
संसारकै पहिलो प्रवृष्टि आमा हुन्

मेहेनत छरौं, खुसी उमारौं यही माटो माथि
विकास रोपौं, शान्ति खोजौं यही बाटो माथि
सुन्दर देश भुलेर, तिमी प्रदेश छिर्यौ भने
टिप्नु पर्ला गाँस तिमीले आँसुको यही टाटो माथि

निबन्ध

# हाम्रा परम्परा, खानेकुरा र वाहियात बानी



ईन्द्रकुमार श्रेष्ठ

तराईको भोजमा एक दुई पटक सहभागी हुने मौका मिलेको थियो । भान्सेले एकपछि अर्को गरी क्रमशः अझ स्वादिला चीजहरू दिंदै जाने र खान बसेकाहरूले चाहिँ ती चीज चुपचाप लिएर अलिअलि मात्र खाँदै त्यत्तिकै बसिरहँदा रहेछन् । पछि अघाएर उठ्ता त हरेकको भागमा कमसेकम पनि तीन जनालाई पुग्ने खानेकुरा पो त्यत्तिकै बाँकी रहेर थुप्रिदो रहेछ !

भोज उठेपछि मैले त्यतैका एकजना मित्रलाई सोधें, "यसरी खानेकुरा किन खेर फालेको ? सबैतिर यस्तै हुन्छ कि आज यहाँ मात्रै हो ?" उनले सजिलै भने, "तपाईंलाई थाहै रहेनछ ! हाम्रो त जुनसुकै भोजमा पनि यस्तै हो । कुनै पनि भोजमा यसरी नै छारस्ट खानेकुरा नफालेसम्म त हामीलाई खाएजस्तै लाग्दैन ।" त्यतातिरको भोजमा खाँदा, खानेकुरा खाएभन्दा पनि बढी चाहिँ फाल्नुपर्ने रहेछ भन्ने कुरा थाहा पाउँदा साह्रै नमज्जा लाग्यो । हुन त पृथ्वीमा रहेका कुनै पनि चीजलाई मानिसले बनाउन पनि सक्दैन र बिगार्न पनि सक्दैन भनिन्छ । यद्यपि यहाँको माटोमा श्रम गरेर वा विना परिश्रम पनि उब्जाइएका/ उब्जेका हरेक चीजलाई सदुपयोग गर्ने मानिसले नै हो । वस्तुको दुरूपयोग स्रोतको दुरूपयोग हो । यसो गर्नुलाई, मानवीय भावना र सभ्यताजन्य गुण बढेको भन्न सकिदैन ।

अस्वस्थकर खानेकुरा खानु त छदैछ । स्वस्थकर नै भए पनि, खानेकुरा बढी लिएर फ्याँक्ने चलन अहिले जतातत्तै छ । पार्टी प्यालेसतिर भएका बिहे/व्रतबन्धका कार्यक्रम, जहाँ आफूलाई मन लागेको आइटम जे र जति पनि लिएर खान पाइने (बफे सिस्टम) हुन्छ, त्यहाँ पनि जानीजानी बढी खानेकुरा लिएर फालाफाल गरिन्छ । गाउँघरमा भएका भोजभतेरमा पनि आफूले खान मन नपराउने खानेकुरा र आवश्यकताभन्दा बढी खानेकुरा चुपचाप लिने र जुठो लगाएर छोड्ने गर्नुलाई

सामान्य मानिन्छ । कसैलाई दिइएको खानेकुरा चोखै भए पनि त्यसलाई फेरि अरूका लागि दिन प्रयोग गर्ने चलन छैन । फालेर नष्ट गर्नुलाई नै 'सभ्य व्यवहार' मानिन्छ । होटेलतिर पनि प्रशस्त मात्रामा खानाको नाश भइरहेको देखिन्छ । त्यसरी बढी भएको खाना घरपालुवा पशुपन्छीलाई दिनु त राम्रै हो । सहरबजारमा कतिपय ठाउँमा त त्यस्तो सुविधा पनि नभएर फोहोरकै रूपमा फाल्नुपर्दा वातावरण दुर्गन्धित भइरहेको हुन्छ । जम्मा गरेको बासीभातलाई दालमोट बनाउने काममा पनि प्रयोग गरिन्छ रे ! त्यसलाई चाहिँ खानेकुराको सदुपयोगभन्दा पनि दुरूपयोग भएको भन्नु बेस होला ।

विदेशतिर भने खानेकुरालाई यहाँ जसरी फालाफाल नगरेर अति नै माया र जतन गरिन्छ रे ! त्यहाँ बढी खाना माग्दै मागिँदैन रे ! केही गरी बढी भयो भने पनि घरमा लगेर फ्रिजमा राखीराखी खाइन्छ रे ! कुनै पनि स्रोतको सदुपयोग गर्नुपर्छ भन्ने कुरा उनीहरूले राम्ररी बुझेका रहेछन् । हामी कहाँ त आफूले खाने खानेकुराको मात्रै होइन, देवी देउतालाई चढाउने कुरामा पनि उस्तै दुरूपयोग भएको देखिन्छ । मन्दिरमा चढाइएको भेटी जम्मा गरिन्छ वा पूजारीले लान्छ । त्यो त सदुपयोग भएकै हो । त्यहाँ आस्थाको फूलसम्म चढाउनु पनि ठीकै हो । तर मन्दिरभित्र लुकेर रहेका वा बाहिरै देखिएका कलात्मक र राम्रा मूर्तिलाई कतै कतै त अनेक थरिका खाना र फल पनि चढाएर त्यसको वास्तविक आकृति नै नचिनिने गरी फोहोर बनाउनुलाई हामी कहाँ बडो धार्मिक स्वभाव र भक्तिभाव मान्ने गरिएको छ । शिवरात्री र बालाचतुर्दशीमा शतबीज छर्ने चलन छ । त्यस दिन विभिन्न मन्दिर परिसरमा अन्नपात र खानेकुरा छरेर दुरूपयोग गरिन्छ । गढीमाईजस्ता मेलामा सयौं राँगा काटेर सिनोका रूपमा छोडिने दुर्गन्धित चलन छँदैछ ।

दसैंको बेलामा विभिन्न शक्तिपीठमा रहेका देवीदेवतालाई खुसी पार्न र धर्म कमाउन जीवजन्तु काटेर रगतको आहालै बनाउने हाम्रो हिन्दू परम्परा छ । मन स्थिर गर्नका लागि गईएको सफा र पवित्र ठाउँ (मन्दिर)मा त्यसरी हत्या हिंसा गरेर वातावरण नै त्रासपूर्ण पार्ने कार्यलाई पनि 'मानवीय भक्तिभाव र पवित्र सोचाइ' नठानिनुपर्ने हो ! अनि, खेर जाने गरी नैवेद्य, फल चढाई झिंगा भुसुना भन्काएर दुर्गन्ध बढाउनु पनि ठीक नमानिनुपर्ने हो । उपत्यकामा विभिन्न गल्लीगल्लीका छेउछाउमा, आस्थाका देवतालाई चढाएको भनेर लगभग एक पटक एक जनालाई पुग्ने खानेकुरा (केरा, चिउरा,

तरकारी इत्यादि) फालिएको हुन्छ । ती खानेकुरालाई न त कुकुरले नै मन पराएर तान्छन् । न त कमिलाले नै खानका लागि लान्छन् । त्यो खानेकुरा त्यत्तिकै माटोमा बिग्रनुभन्दा, कोही पनि भोका मानिसलाई काम लाग्थ्यो । भूमिदेवतालाई चढाउनै छ भने थोरै चढाए पनि त हुन्थ्यो होला !

नेपाली हिन्दू संस्कारअनुसार कसैले पनि जन्मदिन मनाउदा आफ्नो आयु बढोस् भन्ने कामनाका साथ अष्टचिरञ्जीवीको पूजा गरेर मनाइनुपर्ने हो । त्यसदिन थोरै भए पनि दुःखी गरिबलाई दान दिन सके भनै राम्रो ! तर 'जन्मदिन'का ठाउँमा आजकल 'बर्थ डे' आएपछि जान्नेबुझ्नेले पनि केक काट्ने, बत्ती निभाउने, बेलुन फुटाउनेजस्ता पश्चिमी चलन गरेर रमाउन थालेका छन् । त्यति मात्र होइन, त्यस दिन खाने केकलाई मुखमा दल्नेसमेत चलन आइसक्यो । यो, टीभीमा देखिने अंग्रेजी ( हिन्दी हास्य) कार्यक्रमबाट नक्कल गरी चलेको अनुमान जानकारहरूको छ । नक्कल पनि राम्रो कुराको चाहिँ गरे पो हुन्छ ! यसै क्रममा एउटा यस्तै 'बर्थ डे' कार्यक्रममा सजाइएको 'टावर केक'मा अनुहार घोप्टिदा, 'केकपिस' जोड्नका लागि प्रयोग गरिएको सिन्का आँखामा बिझेका कारण 'बर्थ डे'वालालाई नै अस्पताल कुदाउनु परेको थियो रे !

एउटा तह पास गरेर गएका विद्यार्थी तथा विभिन्न कार्यक्रममा सहभागी भएका सरकारी व्यक्तिलाई मायाको चिनो (Token of Appreciation) भनेर 'गोल्डन कलर'को धातुबाट बनेको चीज दिने एउटा वाहियात चलन पनि छ । त्यो कुनै कलात्मक वस्तु पनि होइन । एउटा दुई वटासम्म हुन्जेल त ठिकै होला । हरेक कार्यक्रममा त्यस्तो चीज पाउनेले तिनलाई कहाँ सजाएर राख्ने होला ! धेरै नै भएपछि त 'डस्ट बिन'मा फालेर फोहोर लिन आउने गाडीलाई दिई पठाउनुबाहेक अर्को उपाय नै छैन । आजकल कसैको देहावसान हुँदा, मृतकको तस्बीर फ्रेममा सजाएर समवेदना दिन जाने अनौठो 'सभ्य चलन' पनि आइसकेको छ ।

कुनै पनि कार्यक्रममा आमन्त्रित अतिथि तथा विदेशबाट आउने विशिष्ट व्यक्तिलाई हार्दिक स्वागत गर्नु राम्रो कुरा हो । त्यस्तै, जाँदाखेरि शुभकामनाका साथ बिदाइ गर्नु पनि शिष्टता हो । तर यस्ता कार्यक्रममा पनि अनावश्यक माला र खादा लाइदिने गर्दा वातावरण नै भद्दा देखिन थालेको छ, फोहोरको मात्रा बढ्न थालेको छ । कुनै नेता/मन्त्रीलाई स्वागत गर्नुपर्दा साक्षात् भगवान्/ भगवती नै प्रकट भए जसरी क्विन्टलसम्मका माला लगाइदिने चलन आएको छ । त्यसको

सट्टा रूमाल वा गम्छाजस्तो काम लाग्ने वस्तु दिन सकेको भए पनि त हुन्थ्यो ! कसैको मनमा बस्न सकिएको छ र कसैप्रति मनमा श्रद्धा छ भने यसरी खातैखात खादा र फूलैफूलको मालाको भारी लिनदिन आवश्यक पर्छ र !

दसैंमा अक्षता रङ्गाएर टन्नै टीका लगाइन्छ । दक्षिणामा सकभर नयाँ पैसा चाहिन्छ । त्यतिखेर चलन गरिने पैसालाई सिंदुर/अक्षताले छोएर मैल्याइन्छ र त्यसलाई पानीले पनि भिजाइन्छ । बर्सेनी नेपाल राष्ट्र बैंकले नयाँ नोट छाप्नै पर्ने अवस्थाको सिर्जना, हाम्रै यस्तै असावधानीपूर्ण क्रियाकलापका कारण भइरहेको छ ।

विभिन्न सरकारी गोष्ठी, छलफल, भेला तथा एनजीओ/आइएनजीओ कार्यक्रममा सहभागी भएकालाई झोला दिने चलन छ । राम्रो र दह्रो खालको भए त त्यसको पनि कामै थियो । तर प्रायः त्यस्ता झोलाहरू एकपटक तरकारी किन्न जाँदा पनि काम नदिने खालका हुन्छन् । जसरी पनि बजेट सिध्याउने, कमिशन पचाउने र बिल मिलाउने उद्धेश्य भएपछि कार्यक्रमको सार्थकता र वस्तुको सदुपयोगमा ध्यान दिइने कुरै भएन ।

यस पटकको तिहारका लागि डेढ अर्बको भाई मसला आयात भएको समाचार आएको थियो । वर्षेनी हुने यस्तै हो । विदेशबाट ल्याईल्याई त्यसरी खाने/चलाउने कामै थिएन । जे होस्, त्यो खानेकुरा त खाइसकिन्छ नै । दिदीबहिनीले दिएका ढाकाटोपी चाहिँ कहिले लाईसक्नु ! आजकल युवावर्गमा टोपी लाउने चलन हराउँदै गएपछि टोपी दिवस मनाउनु र एकदिन टोपी लाएको तस्बीर फेसबुकमा राख्नुको अर्थ पनि छैन ।

विदेशी वस्तुको मोह, वस्तुको दुरूपयोग, ढोंगी र वाहियात चालचलन अनि फजुलखर्ची आनीबानीबाट यो समाजलाई मुक्त गराउने विषयमा हामी कहिले सचेत बनौंला ! ◆◆◆

**गजल**

## लेख्यौ किन ?

✍ **सूर्यदीप थापा**

बर्र आँसु बग्ने गरी फेरि लेख्यौ किन ?
जीन्दगीको दुःखी पाटो हेरी लेख्यौ किन ?

मनभरि घाम देख्न कहिलेकाहीं हासैं
तै खुसीका शब्द पनि केरी लेख्यौ किन ?

पीडा रोक्न कलमले न्याय गर्नु पर्ने
अन्यायको बादलले घेरी लेख्यौ किन ?

फुट्दो मटु जोगाउन अमृत खोज्ने बेला
चस्स घोच्ने कटु शब्द बेरी लेख्यौ किन ?

जीवनलाई फक्राउने फूल रोप्ने बेला
मुना रूपी मेरै घाँटी सेरी लेख्यौ किन ?

# नोबेल पुरस्कार र वैज्ञानिक नोबेल



✍ राजेशमान के.सी.

नोबेल पुरस्कार हरेक वर्ष प्रदान गरिने विश्वको सर्वोत्कृष्ट र सम्मानित पुरस्कार हो । यो पुरस्कार भौतिकशास्त्र, रसायनशास्त्र, चिकित्साशास्त्र, अर्थशास्त्र, शान्ति र साहित्य विधामा विश्वव्यापी रूपमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रदान गर्ने गरिन्छ । यी मध्ये अर्थशास्त्रतर्फको पुरस्कार वैज्ञानिक नोबेलकै सम्भनामा स्वीडिस केन्द्रिय बैङ्कले सन् १९६८ मा स्थापना गरी सन् १९६९ बाट प्रदान गर्न थालेको हो भने बाँकी अन्य विधाका सबै नोबेल पुरस्कारहरू सन् १९०१ बाट नै प्रदान गर्न थालिएको हो ।

वैज्ञानिक नोबेलको पूरा नाम हो अल्फ्रेड बर्नहार्ड नोबेल । उनको जन्म सन् १८३३ को अक्टोवर २१ तारिखका दिन स्वीडेनको स्टकहोममा भएको थियो । सानै उमेरदेखि वैज्ञानिक अध्ययन अनुसन्धानमा विशेष अभिरूची राख्ने नोबेलको प्रारम्भिक शिक्षादीक्षा घरैमा भएको थियो । उनका पिता इन्जिनीयर भएको हुँदा नोबेललाई आफ्नो पिताबाट अनुसन्धानसम्बन्धी मूलभूत कुराको जानकारी हासिल गर्न सजिलो परेको थियो । रसायनशास्त्रका अत्यन्त जेहेन्दार छात्र मानिने नोबेल १६ वर्षको किशोरावस्थामै स्विडिसका अतिरिक्त अंग्रेजी, फ्रेन्च, जर्मनी, रसियन आदि भाषाहरू समेत राम्रोसँग बोल्न र लेख्न सक्दथे । वैज्ञानिक अनुसन्धानको क्रममा सन् १८४२ मा नोबेल आफ्नो पितासँग स्टकहोमबाट रूसको सेन्टस पिटर्सवर्ग (लेनिनग्राड) तर्फ लागेका थिए । केही वर्ष सेन्टस पिटर्सवर्गमा बिताएपछि सन् १८५० मा उनी त्यहाँबाट एक्लै फर्के । त्यसपछि उनले एक वर्ष फ्रान्सको राजधानी पेरिसमा र करिब चार वर्षसम्म संयुक्त राज्य अमेरिकामा रही रसायनशास्त्रसम्बन्धी अध्ययन गरे । अध्ययनपछि पुनः पिटर्सवर्ग फर्केर नोबेलले आफ्नै पिताद्वारा खोलिएको एक प्रयोगशालामा काम गर्न थाले । तर सन् १८५९ मा आएर यथोचित साधन स्रोतको अभावमा सो

प्रयोगशाला संचालन हुन नसकी बन्द हुन पुग्यो ।

यस विफलतापछि नोबेलका बाबुछोरा पुनः स्विडेन फर्के र त्यहाँ नोबेलले विभिन्न विष्फोटक पदार्थको प्रयोगसम्बन्धी कार्यका लागि एउटा अर्को कार्यशाला स्थापना गरेर 'नाइट्रोग्लिसरिन' नामक विष्फोटक पदार्थ बनाउन आरम्भ गरे । दुर्भाग्यवश सन् १८६४ मा एक दिन त्यस वर्कशपमा भीषण आगलागी हुन पुग्यो । नाइट्रोग्लिसरिन अकस्मात विष्फोटनका कारण भएको सो दुर्घटनामा नोबेलका कान्छा भाइ लगायत अन्य चार जनाले समेत ज्यान गुमाउनु परेको थियो । सो दुर्घटनाका कारण स्विडेन सरकारले नोबेलका बाबु छोरालाई वर्कशप पुनर्स्थापना गर्न अनुमति दिएन र केही समय नोबेल 'पागल वैज्ञानिक' भन्ने नामले समेत बदनामी हुन पुगेका थिए । यो घटना भएको एक महिना पनि बित्न नपाउदै नोबेलका पितालाई पक्षघात भयो । यस दुःखद् परिस्थितिले नोबेललाई एक्लो तुल्यायो । नोबेलले नर्वे र जर्मनीमा आफ्नै कार्यशाला स्थापना गर्ने योजना बनाएका थिए तर, नाइट्रोग्लिसरिनको अकस्मात विष्फोटन हुने गुणमा वान्छित सुधार गर्न नपाएकाले उनको यो योजना पनि पूरा हुन सकेन ।

यसरी एकपछि अर्को गर्दै नोबेलको जीवनलाई अनेकन समस्याहरूले घेर्न थाल्यो । तर उनले हिम्मत भने हारेनन् । आफ्नो निरन्तरको संघर्षबाट कहिल्यै हरेस नखाने नोबेलले सन् १८६७ मा आएर डायनामाइट नामक एक अति नै महत्वपूर्ण विष्फोटक पदार्थ पत्ता लगाउन सफल भए । नोबेलको यो विष्फोटक नाइट्रोग्लिसरिन पदार्थमा नै आधारित थियो । निकै शक्तिशाली मानिएको यस विष्फोटक पदार्थको आविष्कारपछि नोबेलले राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा अत्यन्त चर्चा पाउन थाले । यस सफलताबाट आत्मविश्वास बढेपछि नोबेलले सन् १८७७ मा आएर बेलिस्टाइट नामक एक अर्को विष्फोटक पदार्थको पनि खोजी गरे । यो पनि नाइट्रोग्लिसरिनकै एक किसिमको धुवाँरहित पाउडर थियो, जुन पाउडरलाई कतिपय देशले बारूदका रूपमा समेत प्रयोग गर्न थालेका थिए । यी विष्फोटक पदार्थहरू विशेषगरी पहाडी क्षेत्रमा सडक लगायत अन्य भौतिक पूर्वाधार निर्माणका साथै सैनिकले युद्धमा हतियारका रूपमा समेत व्यापक प्रयोग गर्न थाले पछि यसको व्यापार पनि प्रशस्त मात्रामा हुन थाल्यो ।

यिनै आविष्कारहरूले गर्दा नोबेलले आफ्नो जीवनकालमा प्रशस्त नाम र दाम पनि आर्जन गरे । तर पछि डायनामाइट जस्ता विष्फोटक पदार्थहरूको प्रयोग युद्धमा एकै पटक

सैयौंको नर संहार गर्न समेत हुन थाल्यो । जसले गर्दा विश्वमा ठूलो जनधनको क्षति पनि हुन पुग्यो । हुन त नोबेलले आफ्ना सबै विष्फोटक पदार्थहरूको आविष्कार मानवीय हित र उपयोगिताको भावनाले अभिप्रेरित भएर नै गरेका थिए । तर उनका यी आविष्कारहरू दुरूपयोग हुन गई विश्वमा ठूलो मात्रामा जनधनको क्षति हुन थालेपछि उनलाई ठूलो पश्चाताप र आत्मग्लानीको महसुस हुन थाल्यो । जसले गर्दा उनमा आफ्नो जीवनकालमा आर्जन गरेको सबै सम्पत्ति मानव हितको काममा लगाउने इच्छा जागृत भयो र सोही अनुरूप उनले आफ्नो मृत्यु हुनुभन्दा एक वर्ष अघि अर्थात् सन् १८९५ मा आफ्नो सबै सम्पत्ति मानवीय हित र विकासका लागि विविध क्षेत्रबाट उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कार प्रदान गरी सदुपयोग गर्न इच्छा पत्रमा लेखिदिएका थिए ।

वैज्ञानिक नोबेलको सोही सदिच्छा अनुसार सन् १८९७ मा 'नोबेल फाउण्डेशन' नामक संस्थाको स्थापना गरी उनीबाट प्राप्त सबै सम्पत्ति (त्यतिखेर उनले आर्जन गरेको अमेरिकी डलर करिब ४१ करोड ८६ लाख) यस फाउण्डेशनको नाममा जम्मा गरी नोबेल पुरस्कारको लागि आवश्यक सम्पूर्ण खर्च रकमको व्यवस्थापन यसै संस्था मार्फत गर्ने गरिएको छ । तर अर्थशास्त्रतर्फको पुरस्कार रकम भने वैज्ञानिक नोबेलकै स्मृतिमा स्वीडनको केन्द्रिय बैंकमार्फत व्यहोर्ने अथवा प्रदान गर्ने गरिएको छ । पुरस्कार प्राप्त गर्ने वैज्ञानिक व्यक्तित्वहरूको घोषणा अक्टोबर महिनामा नै सम्पन्न गर्ने गरिन्छ । जस अनुसार नोबेल शान्ति पुरस्कार नर्वेको ओस्लो विश्वविद्यालय अवस्थित सभाकक्षमा र बाँकी अन्य विधाका पुरस्कार स्वीडनको स्टकहोम अवस्थित कन्सर्ट हलमा प्रदान गर्ने गरिएको छ । नोबेल शान्त र एकान्तप्रेमी थिए । उनी आजीवन अविवाहित नै रहे । त्यसो त उनले आफ्नो जीवनको धेरै वर्ष रोगग्रस्त भएर पनि बिताउनु पऱ्यो । अन्ततः सन् १८९६ को डिसेम्बर १० तारिखका दिन इटालीको सेनरेमो भन्ने ठाउँमा ६३ वर्षको उमेरमा उनको दुःखद् निधन हुन पुग्यो । यिनै प्रतिभाशाली वैज्ञानिकको स्मृतिमा हरेक वर्ष डिसेम्बर १० तारिखका दिन विश्वकै अत्यन्त प्रतिष्ठित र सम्मानित मानिने नोबेल पुरस्कार प्रदान गर्ने गरिएको छ । नोबेल पुरस्कार अन्तर्गत नगद रकमको साथमा एक स्वर्ण पदक र प्रमाण–पत्र पनि प्रदान गरिन्छ भने पुरस्कार सामान्यतया जीवित रहेका वैज्ञानिक व्यक्तित्वहरूलाई मात्र प्रदान गर्ने गरिन्छ । ♦♦

**लेखक नास्टका सेवा निवृत्त वरिष्ठ प्रवर्धन अधिकृत हुनुहुन्छ ।**

लोककथा

# चिरञ्जीवी राजा



✍ यशु श्रेष्ठ

त्यसबेला ललितपुरमा सिद्धिनरसिंह मल्ल राजाले राज्य गर्दथे । उनी न्यायी र प्रतापी अनि धार्मिक स्वभावका राजा थिए । जनताको भावना बुझेर न्याय दिने गर्दथे । भगवान कृष्णका परम भक्त थिए । एक रात उनले सपनामा भगवान कृष्णलाई देखें। कृष्ण भगवानले भने, "राजन ! तिम्रो भक्तिभावबाट म प्रसन्न भएँ । म तिम्रो दरबारको नजिकै बस्न चाहन्छु । मलाई बस्न मिल्ने गरी पत्थरको एउटा मन्दिर बनाइदेऊ ।" राजाले सपनामा नै "हुन्छ प्रभु" भने । राजा सिद्धिनरसिंह मल्ल निद्राबाट ब्युँझिए । उनले सपनामा गरेको प्रतिज्ञा सम्झे ।

'म मेरो जीवनकालमै भगवान कृष्णको लागि एउटा भव्य मन्दिर बनाउने छु ।' भनी उनले प्रतिज्ञा गरे । भोलिपल्टबाट उनी मन्दिर निर्माणको काममा जुटे । वर्षौंको प्रयासपछि उनले कृष्णको मन्दिर बनाई छाडे । यो मन्दिर बनाउन छ वर्ष लागेको थियो भन्ने कुरा इतिहासले बताउँछ । सत्रौं शताब्दिमा बनाइएको उक्त मन्दिर अचेल पनि 'पाटनको कृष्ण मन्दिर'का नामले प्रसिद्ध रहेको छ । यो मन्दिर पाटन दरबार क्षेत्रमा अवस्थित छ । यस मन्दिरलाई शिखर शैलीमा निर्माण गरिएको नेपालको पहिलो मन्दिरको रूपमा लिइन्छ ।

राजा सिद्धिनरसिंह मल्लले बनाएको कृष्ण मन्दिरको चर्चा यस लोकमा मात्र होइन, परलोकमा पनि भयो । एकदिन यमराजका दुई दूत कृष्ण मन्दिरको अवलोकन गर्न यमलोकबाट पृथ्वीलोकमा झरे । संयोगले त्यो दिन कृष्ण अष्टमी परेको थियो । राजा सिद्धिनसिंह मल्लको निर्देशनमा श्रद्धालु भक्तजनलाई भगवान कृष्णको पूजा अर्चनासहित प्रसाद बाँड्ने व्यवस्था पनि त्यहाँ भएको थियो । राजा स्वयं त्यसको निरीक्षण गर्दै थिए । यमलोकबाट आएका यी यमदूतहरू मर्त्यलोकका मानिसभन्दा भिन्न देखिनु स्वाभाविक नै थियो । उनीहरू अरू मानिसभन्दा अग्ला र मोटा थिए ।

राजाले यी अनौंठा मानिस देखेर उनीहरू को हुन् भनी पत्ता लगाउने विचार गरे र आफ्ना दूतहरूलाई उनीहरूका बारेमा बुझ्न खटाए ।

राजाका दूतहरू यस काममा खटिए । केही बेरपछि उनीहरूले राजालाई भने, 'सरकार ! यिनीहरू परदेशी रहेछन् । मन्दिर दर्शन गर्नका लागि आएका रहेछन् । "यी परदेशीहरूको राम्रो ख्याल राख्नू । उनीहरूलाई भगवान् कृष्णको प्रसाद ग्रहण गरेपछि मात्र जान भन्नू ।" राजाबाट आज्ञा भयो । दूतहरूले "जो आज्ञा महाराज" भने ।

दूतहरू यी परदेशीका छेउमा पुगेर भने, "हे परदेशी, राजाबाट प्रसाद ग्रहण गरेपछि मात्र फर्कनु भन्ने आदेश भएको छ । परदेशी अर्थात यमदूतहरूले भने "हुन्छ, हामी प्रसाद त ग्रहण गर्छौं नै तर हामीले नुन खाने गरेका छैनौं । कृपया नुन नभएको प्रसादी हामीलाई उपलब्ध गराइदिनुहोस् ।" राजाका दूतहरूले पनि "हवस्" भनी त्यहाँका कामदारहरूलाई सोही कुराको सूचना दिए ।

भक्तजनहरू सबै कृष्णको प्रसाद ग्रहणका लागि लाम लागेर बसे । पूजारीका सहयोगीहरूले प्रसाद बाँड्दै गए । प्रसादमा नुनको अंश परेको थियो । अरू मानिसहरूले झैं यी यमदूतहरूले पनि प्रसाद ग्रहण गरे । त्यसपछि बल्ल उनीहरूलाई आफू झुक्किएको कुरा थाहा भयो । उनीहरू केही रिसाए र सोझै राजा कहाँ उपस्थित भए ।

यमदूतहरूले राजा सिद्धिनर सिंह मल्ललाई भने, "राजन ! हामी यमदूतहरू हौं । यमलोकमा नुन पाइँदैन । त्यसैले हाम्रो मुखमा अहिलेसम्म नुन परेको थिएन । हामीले तपाईंका सेवकहरूलाई नुनबिनाको प्रसाद ल्याउन भनेका थियौं तर जानीजानी हो या अज्ञानतावस्, हामीलाई नुन भएको प्रसादी खुवाइयो । तपाईंको मर्त्यलोकको चलनअनुसार हामीले नुनको सोझो गर्नै पर्छ । त्यसैले हामीलाई गौर गरेर हेर्नुहोस् र चिनिराख्नुहोस् । हुन सक्छ, तपाईंको मृत्युपछि हाम्रो भेट हुनेछ ।"

राजा सिद्धिनरसिंह मल्लले "हवस्" भने र आफ्ना सेवकहरूबाट गल्ती भएकोमा क्षमायाचना गरे । यसपछि यमदूतहरू त्यहाँबाट अलप भए ।

एक दिन राजा सिद्धिनरसिंह मल्लको स्वर्गारोहण भयो । सारा परिवार, राजदरबारमात्र नभई सिंगो ललितपुर र वरपरका राज्यहरूमा शोक व्याप्त भयो । राजाको आत्मा भने यमलोक पुग्यो । यमलोकमा विभिन्न दूतहरू आ-आफ्ना काम गर्दैथिए । ती मध्ये दुईवटा यमदूतले सिद्धिनरसिंह मल्लको आत्मालाई सोधें, "के तिमीले हामीलाई चिन्दछौं ?" राजाको आत्मा केही क्षण

गम्भीर भयो र भन्यो, "हो, म तपाईंहरूलाई चिन्छु । तपाईंहरू धेरै वर्ष पहिले कृष्ण अष्टमीको दिन भगवान कृष्णको मन्दिरमा जानु भएको थियो । यहाँहरूले भुलबस प्रसादमा नुन ग्रहण गर्नु भएको थियो ।" यमदूतले भने, "ठिक सम्झियौं । त्यति बेला 'नुनको सोझो गर्ने छौं' भनी हामीले वाचा पनि गरेका थियौं । तिम्रो नुनको ऋण हामी माथि छ । त्यसैले आज हामी नुनको सोझो गर्न खोज्दैछौं । ध्यान दिएर हाम्रो कुरा सुन ।"

यमदूतमध्ये एउटाले भने, "अहिले यमलोकका राजा यमराज भगवान शिवको पूजा आराधना गर्दै हुनुहुन्छ । आराधना पछि उहाँ यही सभामा फर्कनु हुनेछ । उहाँको टक्टक्टक् खराउको आवाज सुनिने छ । त्यही मौका पारी तिमीले तिन पल्ट हाछ्यूँ हाछ्यूँ हाछ्यूँ गर । त्यसपछि उहाँले जे भन्नु हुनेछ । त्यही नै तिम्रो लागि वरदान वा श्राप हुनेछ ।"

यति भनी यमदूतहरू आ–आफ्ना काममा लागे । राजा सिद्धिनरसिंह मल्लको आत्मा खराउको आवाजको प्रतीक्षामा रह्यो । नभन्दै केही क्षणपछि टक्टक्टक् खराउ बजेको आवाज सुनियो । त्यो आवाज नजिकिँदै आयो । जब यमराज राजाको आत्मा नजिकै आइपुगे । तब उनले एक पल्ट हाछ्यूँ गरे । यमराजले 'चिरञ्जीवी' भन्ने आशीर्वाद दिए । आत्माले फेरि हाछ्यूँ गऱ्यो । यमराजले त्यसै भने । अन्तिमपल्ट आत्माले हाछ्यूँ गऱ्यो । यमराजले फेरि पनि 'चिरञ्जीवी' भए भन्ने आशीर्वाद दिए ।

यमराजको यस किसिमको आशीर्वादले यमलोक स्तब्ध भयो। अहिलेसम्म यमलोकमा यस्ता आशीर्वाद कुनै यमदूतले सुनेका थिएनन् । मरेका मानिसहरूको पाप पुण्यको लेखाजोखा हुने यमलोकमा चिरञ्जीवीको वरदान पाउने कुरै भएन तर सिद्धिनरसिंह मल्लको आत्माले पहिलोपल्ट यस्तो आशीर्वाद प्राप्त गरेको थियो ।

सिद्धिनरसिंह मल्ल चिरञ्जीवी भए । उनको आत्मा स्वर्गबाट फर्क्यो । तर त्यतिबेलासम्म ललितपुरमा उनको लाश जलाई सकेको थियो । आफ्नो शरीर जलेकाले उनले फेरि त्यही स्वरूप प्राप्त गर्न भने सकेनन् । त्यसैले उनले आफ्ना उत्तराधिकारीलाई सपनामा भने, "म चिरञ्जीवी भएको छु । मेरो शरीर मरे तापनि यमराजको आशीर्वादले म मरेको छैन । मेरो आत्मा जीवित छ । जबसम्म मेरो मूर्तिको रङ्ग खुइलिँदैन, तबसम्म म बाँचेको हुनेछु । जबसम्म मेरो मूर्तिमा रहेको चरा उडेर स्वर्ग जाँदैन, तबसम्म म जिवित रहनेछु । जबसम्म मैले बनाएको गैह्री धारामा त्यहींको हात्तीले गएर पानी खाँदैन,

तबसम्म म मरेको नठान्नू ।" राजा सिद्धिनरसिंह मल्लको आत्माले भनेका यी कुराहरूमा उनको उत्तराधिकारी लगायत दरबारिया र देशबासीलाई समेत विश्वास भयो । त्यसैले अझै पनि उनले प्रयोग गरेका सामानहरू दरबारमा सुरक्षित राखिएका छन् । उनको ओछ्यान अझै सधैं सफा राखिँदै आइएको छ । राजाले खाने गरेको हुक्का पनि यथावतरहेको छ । त्यसैले ललितपुर दरबारभित्रका मानिसलाई मात्र होइन, सिंगै ललितपुरबासीहरूलाई के विश्वास छ भने राजा सिद्धिनरसिंह मल्ल हरेक रात यहाँ आउँछन् । ट्वार्र ...ट्वार्र तमाखु खान्छन् अनि बिस्तारामा आराम गर्ने गर्छन् किनभने उनी यमराजको आशीर्वादले चिरञ्जीवी भएका छन् । ♦♦

कविता

# चेतनाको सन्देश



✍ **भुवन सिवाकोटी 'चौघरे'**

जबरजस्ती
अँकुस लगाएर विचारलाई
जबरजस्ती
नेल ठोकेर हिंड्दा हिंड्दैका पाइलालाई
जबरजस्ती हतकडी लगाएर
लेख्दा लेख्दैको कलमलाई
उड्दा उड्दै
स्वन्त्रताका पखेटालाई काटिदिएर
पिँजडामा थुनेपछि
बोल्दा बोल्दै
सुन्दा सुन्दैको आवाजलाई
दूरदृष्टि हेरिरहेका नेत्रहरूलाई
सिंहहरूको नजरबन्दबाट निर्भिक भएर
आम नागरिसम्म
न्यायको आवाज बुलन्द गर्दै
चेतनाको प्रकाश छरेर
चुनौतीहरू सामना गर्दै उठ्न सिकाउने
नागरिकलाई ब्यूझाउने
तिमी मात्र छौं समाजमा
तिम्रा अनुहारहरू जब चम्किन्छन्
आवाजहरू जब मुखरीत हुन्छन्
तब
चनाखो हुन्छन् नागरिकहरू
पगलन्छन् कैदका ढोका
थुनिन्छन् मुखहरू
पिंजडाका डन्डीहरू भाँचेर
स्वतन्त्र आकाशमा उड्छन् नागरिक
बन्दी पन्क्षीलाई
खुल्छ न्यायको ढोका
निरापराधीहरू जोगिन्छन् अन्यायको सजायबाट
न्यायको जित हुन्छ

# महिला विरुद्ध साइबर अपराध र नेपाल प्रहरीको सहयोग



✍ ई.कुमार अभिनव

चाडबाडको समयमा केही दिन अगाडि नेपालको एउटा जिल्लामा युवाको केही समूहले सामाजिक सञ्जाल माध्यमबाट युवतीलाई आफ्नो प्रेममा नाटकीयरूपमा फसाई आफ्नो साथीहरूसँग मिलेर सामूहिक बलात्कार गरेका छन् । महिनौ दिनदेखि सामाजिक सञ्जालको माध्यमबाट त्यस युवतीसँग युवक कुराकानी गरिरहेको थियो। साइबर अपराधको बारेमा खासै थाहा नहुँदा युवतीले आफ्नो व्यक्तिगत (नग्न) तस्बिर सामाजिक संजालको माध्यमबाट त्यस युवकसँग शेयर गरेकी थिइन। उक्त तस्बिरलाई आधार मानेर सम्बन्धित युवकले त्यस युवतीसँग बेलाबेला यौन शोषण गरिरहेको थियो। युवतीलाई डर तथा त्रास देखाई, भेट्न बोलाएर सम्बन्धित युवकले आफ्नो साथीहरूसँग मिलेर युवतीको बलात्कार गरी भिडियो समेत बनायो र युवतीको चरित्रहत्या गऱ्यो।

**महिलामा जागरूकताको आवश्यकता**

माथिको घटनाक्रमलाई आधार मान्ने हो भने यदि सम्बन्धित युवतीले प्रहरीको सहयोग लिएको भए अथवा आफू साइबर अपराधबारे जागरूकता भएको भए ती युवतीको चरित्रहत्या हुन बाट बच्न सक्दथ्यो।

इन्टरनेट अर्थात डिजिटल माध्यमबाट हुने अपराधलाई साइबर अपराधको रूपमा लिइन्छ । वर्तमान समयमा मुख्यतः युवादेखि बुढासम्म



यसको चपेटामा परिसकेको देख्न सकिन्छ। केही दिनकै प्रेम पश्चात युवतीहरूले आफ्नो अश्लिल तस्बिरहरू

समाजिक संजालको माध्यमबाट पोस्ट गर्नासाथ माथि घटनाक्रम अनुसार पछि आफैंलाई हानी हुने भएकोले त्यस्ता तस्बिरहरू शेयर नगर्नु आफूलाई लाभदायक हुनेछ। नेपालको मात्र नभई भारतको तथ्याङ्कलाई पनि आधार मान्ने हो भने कोभिड-१९ पछि साइबर अपराधमा धेरै वृद्धि भएको देख्न सकिन्छ। मुख्यतः साइबर अपराधीद्वारा महिला लक्षित गरी विभिन्न अमर्यादित क्रियाकलापहरू सामाजिक सञ्चालको माध्यमबाट गरिरहेको पाइएको छ। साइबर अपराधीहरूद्वारा महिलालाई लोभ्याउन चाडबाड लक्षित विभिन्न अफरहरूको लोभ दिइरहेको हुन्छ। त्यसैले कुनै पनि अज्ञात व्यक्तिले पठाएको सन्देशमा संलग्न लिंकमा क्लिक गर्दा होशियार हुनुहोस् । लिंकमा क्लिक गर्नासाथ तपाईंको व्यक्तिगत जानकारी बाहिर आउन सक्ने हुनाले सावधान रहनुहोस्।

सामाजिक सञ्जालमा कसैसँग च्याट गर्दा आफ्नो व्यक्तिगत जानकारी तथा फोटो शेयर नगर्नुहोस्। धेरैजसो महिलाहरू फेसबुकमा आफ्नो फोटोमा लाइक बनाउनका लागि जसको पनि फ्रेन्ड रिक्वेस्ट एक्सेप्ट गर्ने बानी भएकोले यसबाट सावधान हुनुहोस्। साइबर अपराधीद्वारा तपाईंले पोस्ट गरेको फोटो आदि कुराको दुरूपयोग गर्न सक्दछ । साइबर अपराध बारे सधैं आफूलाई जागरूक राख्नुहोस्।

**साइबर अपराधमा परेपछि महिलाले के गर्ने ?**

समाजको डर त्रासले सामाजिक



संजालबाट महिलाहरू साइबर अपराधमा परेपछि कसैसँग शेयर गर्दैनन् र मानसिक तनावमा भइरहन्छन्, जसले गर्दा वर्तमान समयमा आत्महत्याको संख्यामा ह्वात्तै वृद्धि भएको देख्न सकिन्छ।सामाजिक संजालबाट हुने तनाव कसैसँग शेयर गर्दा समेत आफ्नो इज्जत नै जाने डरले साइबर अपराधीहरूलाई फाइदा पुगेको देखिन्छ।

समाजमा बदनामीको डर तथा त्रासले महिलाहरूले साइबर अपराधमा परे पछि उजुरी गर्न चाहँदैन र धेरै महिलाहरूलाई साइबर अपराधको रिपोर्ट कहाँ र कसरी गर्ने भन्ने अन्योलमा हुंदा अपराधीहरूको मनोबल अझै उच्च भएको देख्न सकिन्छ। जसकारण समाजमा दिनप्रतिदिन

साइबर अपराध वृद्धि भएको देख्न सकिन्छ। यदि तपाई कुनै साइबर आपराधमा पर्नुभयो भने नजिकको प्रहरी कार्यालय वा साइबर सेलमा गएर उजुरी दिन सक्नुहुन्छ। यदि तपाई भौतिक उपस्थिति हुन सक्नु भएन भने नेपाल प्रहरीको ईमेल erbureau@nepalpolice.gov.np spokesperson@nepalpolice.gov.np वा साइबर ब्यूरोको सम्पर्क नम्बर ०१-४२१९०४४,०१-४२१९०४८, ९८५१२८६७७० मार्फत पनि उजुरी दिन सक्नु हुन्छ। साइबर शाखाले अनलाईन तथा अफलाईनमा दिइएको उजुरीमाथि डील गर्दछ। उजुरी दिएपछि तपाईंको व्यक्तिगत जानकारी गोप्य राखिनेछ त्यसैले निर्धक्क भएर तपाईंले आफ्नो उजुरी दिन सक्नुहुनेछ । ♦

**लेखक इन्जिनियर तथा साइबर सुरक्षा विश्लेषक हुनुहुन्छ ।**

## गीत



**✍ दिपकराज विश्वकर्मा**

खैरो खैरो केशमा आहै त्यै माथि चस्मा
झ्याप्पै देखे ओरालीमा छैन मन बसमा
यो मन चुर्लुम्मै, पिरतीको रसमा
पाऱ्यो भसमा, माया हो......

गोलो गोलो रूपै तिम्रो पुक्क पुक्क गाला
भुल्नै सकिएन कसम गए जीवन जाला
खैरो खैरो केशमा आहै............

माग्यो भने तिम्रै लागि यो ज्यानै फालुम्ला
डाडै काटी भागौं मया सुखैले पालुम्ला
खैरो खैरो केशमा आहै............

लघुकथा

# शरण



✍ लिलाराज दाहाल

हरिकृष्णले शहरमा घर किनेको थियो । उसकी श्रीमती पम्फा निकै फुर्केकी थिई । उसको नाकको टुप्पोमा घमण्डको फोको उठ्न थालेको थियो। उसका चारवटी छोरीहरू थिए । उसकी विवाहिता दिदी राधा आफ्नो घर त्यागेर शरणार्थीझैं भाइ बुहारीको शरणमा थिई ।

हरिकृष्ण, पम्फा र राधा मधुमेह रोगलाई अंगालेर जीवनयापन गर्दै थिए । अनेक दाउपेचले सम्पत्ति जोडे पनि सम्पत्तिको सुखभोग गर्ने बेला मधुमेहले जिस्क्याउन थाल्यो ।

एक दिन हरिकृष्ण उदास हुदै बोल्यो, "केही गरूँ भने उमेरमा मधुमेहले अंगाल्यो । अब घरको काम कसले गर्ने होला !" पम्फाले भनी, "तपाईंकी दिदीलाई किन पालेको त !"

घरका सबैले काम लगाउने पात्र भनेकै राधा थिई । हरिकृष्ण भन्थ्यो, "ल है दिदी ! बुहारी बिरामी छे ! उसलाई काम नलगाउनू !" "ल है दिदी ! घर पुछ्ने, खाना बनाउने, लुगा धुने काम तपाईंको नि !" सकेसम्म मीठो स्वरमा पम्फा भन्थी ।

"म पनि त बिरामी छु !" राधा भन्थी तर उसको स्वर हावामा बिलाउँथ्यो ।

"अझै चिया पाकेन राधा दिदी ?" हरिकृष्णका छोरीहरू ओछ्यानबाटै चिच्याउने गर्थे । "आज छिटो अफिस पुग्नु छ ! पाकेन खाना ?" पल्लो कोठाबाट भाइले हप्काएको सुन्छे राधा ।

"मलाई टोल सुधार समितिमा जानु छ !" उ पम्फाको आवाजले झसँग हुन्छे । राधा खाना पस्केर टेवलमा राख्दै भाइतिर हेरेर भन्छे, "साह्रै गाह्रो भयो ! एक पटक डाक्टर कहाँ लैजा न मलाई !"

उसले भन्यो, "के भएको छ र तँलाई ! किन जानु डाक्टर कहाँ ?"

बेलुका पाहुना आए । सामान्य सन्चो बिसन्चोका कुरा भए । यही मौकामा हरिकृष्णले भन्यो, "घरमा बिरामी भएपछि निकै अप्ठ्यारो । आज पनि दिदीको उपचारमा निकै रकम स्वाहा भो !" यतिखेर राधा भने केही बोल्न सकिन । उस्ले भाइ र बुहारीलाई एकतमासले हेरिरही ! ♦♦♦

# सामाजिक नीति र सामाजिक सुरक्षा



✍ सुदर्शन अधिकारी

विकासमा लागि सामाजिक मुद्दा र विषयलाई के कसरी योजना र नीतिमा समावेश गर्ने भन्ने बारेको प्रक्रियालाई सामाजिक नीति भनिन्छ । यस अन्र्तगत कुनै पनि विषयका सरोकारवालाहरूको सहभागिताका आधारमा उनीहरूमा विषयलाई सम्बोधन गर्ने गरी सामाजिक नीति तयार गरिन्छ । समाजमा उत्पन्न सामाजिक समस्याहरू, विषयहरू र चासोहरूलाई जनपक्षिय तरिकाले सम्बोधन गर्ने कार्य सामाजिक नीति मार्फत गरिएको हुन्छ । हाम्रो देशमा सामाजिक नीतिको प्रयोग विशेष गरी २०६२/०६३ सालको जनआन्दोलन पछि बनेको अन्तरिम संविधान २०६३ सँगै भएको देखिन्छ । तत्कालीन समयमा देशमा ठूलो राजनीतिक परिवर्तनपछि आम नागरिकप्रति उत्तरदायी संविधान निर्माण भएको थियो । राजनीतिक रूपमा समावेशी र समानुपातिक प्रणालीको विकाससँगै पछि परेको वर्ग तथा समुदायले नीति निर्माण तहमा पहुँच बढाउने आधारहरू तयार भएका थिए ।

त्यसपछि बनाइएका दुई वटा अन्तरिम योजनाहरूमा सामाजिक नीतिका माध्यमबाट महिला, दलित, मधेशी, पिछडिएका क्षेत्र अशक्त र जनजातिहरूका लागि विशेष कार्यक्रमहरू तयार गरेको देखिन्छ । त्यसपछि २०७२ सालको संविधानले शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका कैयौं विषयलाई मानव अधिकारका रूपमा स्वीकार गरेको छ । सामाजिक नीतिका हिसाबले यो अत्यन्तै महत्वपूर्ण उपलब्धि मान्नुपर्छ । संविधानले प्रत्याभूति गरेका प्रावधानहरूलाई कार्यान्वयनमा लगेर ती सुविधाहरू नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हुन्छ । हाल कतिपय प्रावधानहरू व्यवहारिक रूपमा कार्यान्वयनका चरणमा रहेका छन् । दृष्टान्तका लागि कक्षा दश सम्मको शिक्षा निःशुल्क, दलित समुदायलाई उच्च शिक्षासम्म निःशुल्क, केही औषधीहरू निःशुल्क, कर्णाली प्रदेशका केही समूहलाई मासिक भत्ता, महिलालाई

एकल भत्ता, वृद्ध भत्ता जस्ता प्रावधानहरूको व्यवस्था छ ।

यसैगरी नेपालले दिगो विकासको एजेण्डा २०३० र पेरिस सहमती २०१५ मार्फत गरिबीबाट नेपाली समाजलाई छुटकारा दिलाउने अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता जनाएको छ । यसले पनि नेपाललाई भावी दिनमा सामाजिक नीतिको निर्माण र कार्यान्वयन गर्नुपर्ने बाध्यता सिर्जना भएका छन् । हाम्रो कमजोरी भनेकै प्रतिबद्धता र योजना र त्यसबाट आउने परिणामका बीच तालमेल नहुनु हो । हाल नेपालमा सामाजिक संरक्षण राष्ट्रिय विकासको एक महत्वपूर्ण एजेण्डाको रूपमा स्थापित भएको छ भने यस क्षेत्रमा लगानीमा उल्लेखनीय रूपमा वृद्धि पनि हुँदै गएको छ । नेपालको संविधानबाट यस क्षेत्रलाई सारभूत र गुणात्मक रूपमा अगाडि बढाउने कार्यमा राजनीतिक सहमती स्थापित भएको छ ।

आर्थिक रूपले विपन्न, एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम रोजगारी लगायतका सामाजिक सुरक्षाका कार्यक्रमबाट लगभग २३ लाख नागरिक लाभान्वित भएको तथ्याङ्कले देखाएको छ । यसका साथै अवकास प्राप्त निजामती कर्मचारी, शिक्षक, प्रहरी, सैनिक सबैले सामाजिक सुरक्षाका रूपमा निवृत्तिभरण प्राप्त गर्दै आएका छन् । नेपालको संविधानले अपाङ्गता भएका नागरिकतालाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा पहुँचको हक स्थापित गरेको छ ।

अपाङ्गता भएको व्यक्तिहरूको अधिकार सम्बन्धी सयुक्त राष्ट्र सङ्घीय महासन्धी र यसको इच्छाधिन आलेख, २००६, इन्चोन रणनीति २०१३ देखि २०२२ लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्नका लागि नेपाल सरकारले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम, आर्थिक, सामाजिक तथा राजनीतिक समावेशीकरण, सकारात्मक विभेद तथा निजामती सेवामा आरक्षण, अपाङ्गता भएका व्यक्तिहरूबाट सञ्चालन गरिएका संस्थामार्फत अपाङ्गता क्षेत्रका कार्यक्रमहरू संचालन, उनीहरूलाई सीपमूलक तालिम लगायतका कार्यक्रमहरू सञ्चालन गरेको छ । नेपालमा जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख आदिवासी जनजातिका परिवारहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ । हाम्रो

संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हक हुने व्यवस्था गरेको छ । यस अनर्तगत गरिबीको रेखामुनि रहेका प्रत्येक परिवारका एक जनालाई वर्षमा कम्तिमा सय दिनको रोजगारीको सुनिश्चतता प्रदान गरिएको छ ।

सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, छरिएका र अव्यवस्थित सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई पुनरावलोकन तथा एकीकृत गर्दै गरिबी, बन्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तिय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन । हालको पन्ध्रौं योजनाले सामाजिक सुरक्षा सम्बन्धी जे जति विषयहरू र क्षेत्रहरू समेटेर योजना निर्माण गरिएको छ त्यसलाई सकारात्मक मान्नुपर्छ । यसको प्रभावकारी कार्यान्वयनका लागि सरकार बढी उत्तरदायी बन्नु जरूरी हुन्छ । प्रभावकारी कार्यान्वयनका लागि स्रोतको सुनिश्चतताको खोजीमा विशेष ध्यान दिनुपर्छ ।

सामाजिक नीतिको मुख्य उद्धेश्य नै मानिसहरू बीचको अवस्था सुधार गर्नु हो । मानिसहरूको विपन्नताको अवस्थामा सुधार ल्याउनु हो । मानिसको शिक्षा, स्वास्थ्य, रोजगारी, विकास लगायतका अवसरहरूमा पहुँच वृद्धि गरी उनीहरूको जीवनस्तरमा सुधार गर्नका लागि सामाजिक नीतिको आवश्यकता पर्छ । मानिसहरू बीच समाजमा विभेद बढ्दै जाँदा कमजोर वर्ग बहिष्करणमा पर्ने सम्भावना हुन्छ । गरिबीका कारण मानिसहरू आधारभूत सुविधाबाट बन्चित रहने अवस्था सिर्जना हुन्छ । यस अवस्थामा सामाजिक नीतिको माध्यमबाट उनीहरूको अवस्थामा सुधार ल्याउनुपर्ने हुन्छ । मूलत गरिबीको रेखा मुनी रहेका नागरिकको पहिचान गरी उनीहरूलाई गरिबिको रेखाबाट बाहिर निकाल्दै, रोजगारी, शिक्षा, स्वास्थ्य आदि आधारभूत आवश्यकताको सहज पहुँच पुऱ्याउन सकेमा मात्र उनीहरूले सामाजिक सुरक्षाको अनुभूति गर्न सक्छन् ।

अहिले पनि कर्णाली प्रदेश लगायत मनाङ मुस्ताङ जस्ता हिमाली जिल्लामा खाद्यान्न अभावको समस्या विद्यमान रहेको अवस्था छ । त्यस्ता स्थानमा सम्भावना रहेका उत्पादन र व्यवसायमा जोड दिँदै उनीहरूको जीवनस्थर उकास्ने कार्यमा विशेष ध्यान दिनुपर्छ । नेपाल सरकारले विगत तीन दशक देखि गरिबी निवारणका लागि अनेकौ कार्यक्रमहरू चरणबद्ध रूपमा अगाडि बढाउदै आएता पनि अपेक्षित उपलब्धि हासिल भने प्राप्त गर्न सकिएको

छैन । राज्यले विद्यार्थीलाई विद्यालयको पहुँचभित्र राख्न र कक्षा छाड्ने प्रवृद्धिको अन्त्य गर्नका लागि दिवा खाजाको व्यवस्था पनि गरेको छ । यो पनि महत्वपूर्ण कदमको रूपमा लिनुपर्छ । यस कार्यक्रमले विद्यालयमा विद्यार्थीको उपस्थिती बढेको समेत पाइएको छ ।

हामीले अवलम्बन गरेका विविध कार्यक्रमहरूको समीक्षा गरी त्यसको कमजोरी पहिचान गरी परिणाममुखी कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ जसले विपन्न समुदायको जीवनस्तरमा सुधार ल्याउन सकोस् । हाम्रो कमजोरी भनेको वास्तविक गरीबको पहिचान हुन नसक्नु, सबल व्यक्ति पनि गरीबको सूचीमा सूचिकृत हुनु जस्ता कारणले समस्या सिर्जना भएको देखिन्छ। विपन्न वर्ग लक्षित अनेकौ कार्यक्रमहरू लागू गरिएको भए पनि त्यसले आशातित सफलता हासिल गर्न नसक्नुका कारण पहिल्याउदै प्रभावकारी रूपले कार्यक्षेत्रका नतिजा आउने तबरले कार्य गर्ने हो भने अवश्यनै उपलब्धि लिन सकिन्छ । सामाजिक नीति निर्माणको तह देखिनै यसको बहुपक्षीय विश्लेषण गर्दै निकै गम्भिरता पूर्वक कार्य सम्पादन गर्नु पर्ने हुन्छ ।

सामाजिक नीतिको प्रभावकारीता परीक्षण गर्नलाई त्यसको नीतिगत तह, कार्यान्वियन व्यक्तिको वैयक्तिक क्षमता अनुसार शासन प्रणालीमा प्रजातान्त्रिकरण, सहअस्तित्व र पारस्पारकिता जस्तापक्ष अनिवार्य मानिन्छन् । सामाजिक नीति निर्माण गर्नुको उद्धेश्य समग्र विकासमा जोड दिनु हो । विकास समाज र संस्कृति सापेक्ष हुनु विकासको महत्वपूर्ण छ । कुन समाजले के लाई विकास मान्दछ, उनीहरूको बुझाइ र भोगाइ के कस्तो छ यसलाई आधार बनाएर विकासलाई बुझ्न सकिन्छ । दृष्टान्तका लागि दुर्गम क्षेत्रमा बस्ने मानिसमा लागि शिक्षा, स्वास्थ्य, रोजगारीलाई महत्वपूर्ण कडिका रूपमा लिन सकिन्छ । विकासले जहिले पनि मानव समुदायको गुणात्मक परिवर्तनलाई आत्मसाथ गरेको हुनु पर्छ ।

समाजमा आर्थिक विकास गर्न उद्योग धन्दाको स्थापना, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग पूँजीको निर्माण गर्नुका साथै यातायात, संचार, कृषिमा आधुनिकीकरण जस्ता पक्षको विकासमा जोड दिनुपर्छ । विकासका कार्य अगाडि बढाउदा वातावरणको संरक्षणमा ध्यान दिनुपर्छ । वातावरण विनाश गरी गरिएको विकासले प्रगति गर्न सक्दैन । विकास दीर्घकालीन र जनअपेक्षित भए मात्र त्यसले नागरिकको जीवनस्तर माथि उठाउन सहयोग गर्छ । ◆◆◆

लघुकथा

# कुकुर पूजा



✍ राजबाबु श्रेष्ठ 'सागर'

दसैं सकिसकेको थियो । अब पालो थियो आउने तिहारको । तिहार पनि आँगननेरै आउनै लागेको थियो । काग तिहार आयो । अरूबेला आँगनको बिस्कुन खाइदेला भन्ने तरासले लट्ठीले 'हाहा' गरी काग भगाउने बुढी सासू आमाले नै आदेश गरिन् बुहारीलाई – "ए बुहारी ! कागलाई पूजा गर्नू । कागलाई बोलाएर खानेकुराहरू खुवाउनू ।"

बुहारीले तेसै गरिन् 'का... का'... गर्दै कागलाई डाकिन् र चारो छरिन् आँगनभरि । एकछिनपछि कागहरू आँगनको आकाशमाथि जम्मा हुँदै चारो खान आए । कागहरू रामाउदै खानेकुरा खान थाले । थालमा भएका फूल र अक्षताले कागहरूलाई पुजिन् । कागहरू पनि खुसी भए । भोलिपल्ट कुकुर तिहार आयो । सासू आमाले फेरि त्यसै गरी आदेश गरिन्–"कुकुरलाई बोलाएर पुज्नू र खानेकुरा खानदिनू ।"

बुहारी घर बाहिर निस्किन् र आँगन वरिपरि आँखा दौडाइँन् । तर कुकुरहरू कतै देखिएन । बुहारीले परपर खेतबारीतिर पनि आँखा कुदाइन्। घरदेखि पर बारीमा एउटा कुकुरले आफ्नै सानो छोरोले गरेको आका खाँदै गरेको देखिन् ।

उनले त्यही कुकुरलाई 'च्वोहच्होह' गर्दै डाकिन् । कुकुर उनको आवाज सुनेर दगुर्दै आँगनमा आइपुग्यो । खानेकुराहरू देखेर कुकुरले खुसीले पुच्छर हल्लायो । उनले कुकुरलाई मायाले सुम्सुमाइन् । टाउकोमा तेल लगाइदिइन् । घाँटीमा माला लगाइदिइन् । निधारमा टीका लगाइदिइन् र टपरीमा राखिएका खानेकुरा खान दिइन् ।

कुकुरले खुसी हुँदै खायो । कुकर अघायो । अघाएपछि सिकुवाको कुनामा जाँतोनेर गएर कुकर गुँडुल्कियो ।

त्यसपछि उनी भान्सा कोठामा गइन् । चुलोमा भात बसालिन् । तरकारी पकाइन् । भात पनि पाक्यो । तरकारी पनि पाक्यो । भातको भाँडो उचाली चुलोको छेउमा राखिन् र

बुइँगलमाथि उक्लिन् ।

आधा घण्टापछि उनी बुइँगलबाट तल झरिन् । जाँतो छेउको कुकुर उनले देखिनन् । उनी सिधैं भान्सा कोठामा छिरिन् । भातको भाँडोमा मुख लगाएर अगि भर्खरै पुजिएको कुकुरले भात खाँदै थियो । उनी आतिइन् र चुलोछेउकै चिर्पट्ले रिसले कुकुरलाई ढाड्मा बजाइन् । ककुर कुइँकुइँ गर्दै फुत्त बाहिर भाग्यो ।

उनीले भर्खरै कुकुरलाई माला लगाई पुजिकी सम्भिन् । त्यही कुकुरले आफ्नै छोरोको आका खाको सम्भिन् । त्यही मुखले आफूले खाने भातको भाँडोमा भात खाको सम्भिन् । वाक्क ! वाक्क ! गरी उल्टी गरिन् । अनि मनमनै भनिन् – "विष्ठा खाने कुकुरलाई भगवानजस्तो पुजेर कहीं हुन्छ ?" त्यस दिनदेखि उनले कुकुर पूजा गर्नै छाडिन् । ♦

कविता

## "म सोझोलाई"



✍ हेमन्त प्रसाद दाहाल

दुईचार नजर हेर्दैमा
झ्याप्पै माया बस्यो
आनीबानी थाहै नपाई
लगन गाँठो कस्यो ।।१।।

कोमल मुटु होइन उनको
ढुङ्गाजस्तो रै'छ
पँधेरीमा कुरी बस्थिन्
सबै नाटक रै'छ ।।२।।

पिताजीले भन्नुहुन्थ्यो
अर्की 'बे' गर् माइला
खुट्टा भए जुत्ता कति
कान्छी ले है माइला ।।३।।

समयले फट्को माऱ्यो
दिन बित्दै गए
हिजो भन्दा आज भन्दा
आफू एक्लै भएँ ।।४।।

गाउँलेले त भन्दै थिए
यिनको माया जाली
दुईचार वर्ष बित्न गाह्रो
हुन्छ घर खाली ।।५।।

जस्तो भन्या त्यस्तै भयो
गयो जिन्दगानी
माया गर्ने कोही पाए
ममताकी खानी ।।६।।

जसले मलाई माया गर्थिन्
उनले डाँडा कटिन्
सधैंभरि म सोझोलाई
ढाँट्नसम्म ढाँटिन् ।।७।।

# सम्पत्ति सम्बन्धी सामान्य व्यवस्था



✍ प्र.ना.नि.सरस्वती बुढाथोकी

**परिचय**

उपयोग र आर्थिक अधिकार रहेका भौतिक र अभौतिक वस्तुहरूको समष्टी नै सम्पत्ति हो । सम्पत्तिमा दृष्य, अदृष्य, भौतिक, अभौतिक दुवै रहन सक्दछन् । यी दुवै सम्पत्तिले मानवीय आश्यक्ताको परिपूर्ति गर्दछ भने यसको आर्थिक महत्व पनि विद्यमान रहेको हुन्छ । सम्र्पात्तिको उपयोगीताबाट व्यक्तिगत जीवन संचालन हुने भएकोले यसलाई मानवीय जीवन संचालनको आधारका रूपमा हेर्न सकिन्छ ।

सम्पत्ति जीवन मरणसँग गाँसिएको विषय हो । व्यक्तिको जीवन्तता सम्पत्तिले निर्धारण गरेको हुन्छ भने उसको दैनिक जीवन पनि निश्चित सम्पत्तिको उपभोगबाट मात्र सम्भव छ । दैनिक उपयोगीताको दृष्टिले उपभोग्य सम्पत्तिमा जन्मजात र आर्जित दुवै अधिकारहरू पर्दछन् । जन्मजात सम्पत्तिमा विशेषत भौतिक सम्पत्तिहरू पर्दछन् भने प्रतिभा, ज्ञान, क्षमता, सीप, कौशलताको कारण प्राप्त सम्पत्तिलाई व्यक्तिको बौद्धिक सम्पत्ति मान्न सकिन्छ ।

विधिशास्त्रिय दृष्टिमा सम्पत्ति भन्नाले साम्पत्तिक अधिकार कायम हुने अवस्थाका भौतिक अभौतिक वस्तु तथा सेवाहरू पर्दछन् । व्यक्तिको सम्पत्तिले व्यक्तिलाई साम्पत्तिक अधिकार कायम गराउँदछ । यसको आफ्नै कानूनी महत्व रहन्छ । आफ्नो हक अधिकार पुग्ने सम्पत्तिमा व्यक्तिले स्वामित्वको दावा गर्न सक्छ जसलाई कानूनले समेत संरक्षण गरिदिएको हुन्छ । नेपालको कानून मुलुकी देवानी संहिता, २०७४ मा सम्पत्ति सम्बन्धी सामान्य व्यवस्था निम्नानुसार गरिएको छ :

**सम्पत्ति मानिनेः**

उपभोग गर्न, खरिद, बिक्री वा अन्य तवरले हक हस्तान्तरण वा कारोबार गर्न वा कुनै लाभ प्राप्त गर्न सकिने कुनै नगद, वस्तु वा कार्यलाई सम्पत्ति मानिन्छ ।

**सम्पत्ति चल वा अचलको रूपमा रहेको मानिनेः**

भौतिक वा अभौतिक, मूर्त वा अमूर्त जुनसुकै अवस्थामा रहे भएको भए पनि सम्पत्ति चल वा अचलको रूपमा रहेको मानिन्छ ।

**निम्न सम्पत्तिहरूलाई अचल मानिन्छः-**

**(क)** घर वा जमिन वा सोसँग जोडिएको संरचना,

**(ख)** घर वा जमिनसँग स्थायी रूपमा आबद्ध भएको कुनै वस्तु,

**(ग)** जमिनसँग आबद्ध रहेको खानी, ढुङ्गा वा खनिजजन्य वस्तु,

**(घ)** प्राकृतिक स्वरूपमा रहेको पानी, भू-सतह तथा भूमिगत रूपमा रहेको पानी,

**(ङ)** नदी, ताल, तलैयामा तैरने गरी स्थायी रूपमा बनाइएका घर वा अन्य संरचना,

**(च)** जमिनमा खडा भएको रूख, बिरूवा वा फलफूलका बोट वा त्यस्ता रूख, बिरूवा वा फलफूलका बोटमा फलेका फल वा फूलेका फूल, जमिनमा फलेको बाली,

**(छ)** अचल सम्पत्तिसँग आबद्ध रहेको कुनै चल सम्पत्ति ।

**निम्न सम्पत्तिहरूलाई चल मानिन्छः-**

**(क)** नगद वा नगद सरह कारोबार हुने वस्तु वा विदेशी मुद्रा,

**(ख)** सुन, चाँदी, जवाहरत, रत्न, सुनचाँदीबाट बनेका गरगहना वा बहुमूल्य पत्थर,

**(ग)** एक ठाउँबाट अर्को ठाउँमा ओसार पसार गर्न सकिने अन्य वस्तु,

**(घ)** ऋणपत्र, धितोपत्र, प्रतिज्ञापत्र, विनिमयपत्र, प्रतीतपत्र वा अन्य विनिमय अधिकारपत्र वा त्यसबाट प्राप्त हुने लाभ,

**(ङ)** बौद्धिक सम्पत्ति,

**(च)** धितोमा रहेको हक,

**(छ)** व्यापारिक ख्याति वा फ्रेन्चाईज,

**(ज)** अचल सम्पत्ति बाहेकका अन्य सम्पत्ति ।

**स्वामित्वको आधारमा सम्पत्तिको वर्गीकरणः**

सम्पत्तिको स्वामित्व तथा त्यसको प्रयोगको स्वरूपको आधारमा सम्पत्तिको वर्गीकरण निम्न बमोजिम हुन्छः-

**(क)** निजी सम्पत्ति,

**(ख)** सगोलको सम्पत्ति,

**(ग)** संयुक्त सम्पत्ति,

**(घ)** सामुदायिक सम्पत्ति,

**(ङ)** सार्वजनिक सम्पत्ति,

**(च)** सरकारी सम्पत्ति,

**(छ)** गुठीको सम्पत्ति ।

**निजी सम्पत्तिः**

कुनै पनि व्यक्तिले आफ्नो निजी सम्पत्ति यस ऐनको अधीनमा

रही आफूखुसी गर्न पाउछ । कुनै व्यक्तिको नाममा रहेको देहायका कुनै सम्पत्ति वा त्यसबाट बढे बढाएको सम्पत्ति त्यस्तो व्यक्तिको निजी सम्पत्ति मानिन्छः-

**(क)** आफ्नो ज्ञान, सीप वा प्रयासबाट आर्जन गरेको,

(ख) दान, बकस वा अपुताली स्वरूप प्राप्त गरेको,

(ग) चिठ्ठा वा उपहार स्वरूप प्राप्त गरेको,

(घ) पारिश्रमिक, उपदान, निवृत्तभरण, उपचार खर्च, सञ्चय कोष, बीमा वा अन्य सामाजिक सुरक्षण वापत प्राप्त गरेको,

(ङ) बौद्धिक सम्पत्ति वा रोयल्टी स्वरूप प्राप्त गरेको,

(च) कानून बमोजिम मानो छुट्टिई भिन्न बसेको अवस्थामा वा त्यसरी मानो नछुट्टिए पनि खति उपति आफ्नो आफ्नो गरी खानु बस्नु गरेको अवस्थामा जुनसुकै तवरले प्राप्त गरेको,

(छ) महिलाले विवाह पूर्व आर्जन गरेको, प्राप्त गरेको वा विवाह हुँदाका बखत माइतीबाट प्राप्त गरेको सम्पत्ति वा त्यसबाट बढे बढाएको,

(ज) महिलालाई पति वा पतितर्फका सबै अंशियारहरूको मञ्जुरीले निजको एकलौटी हक हुने गरी लिखत गरी दिएको वा पति तर्फका नातेदार वा इष्टमित्रबाट प्राप्त चल वा अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्ति,

(झ) कानून बमोजिम कुनै व्यक्तिको मात्र निजी सम्पत्ति हुने उल्लेख गरेको ।

**सगोलको सम्पत्तिः**

सगोलका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको भए पनि देहायको कुनै सम्पत्ति वा त्यसबाट बढे बढाएको सम्पत्ति सगोलको सम्पत्ति मानिन्छः-

(क) पुर्ख्यौलीबाट प्राप्त सम्पत्ति,

(ख) निजी सम्पत्ति बाहेक अंशियारको नाममा रहेको अन्य सम्पत्ति,

(ग) अंशियारले सगोलको खेती, उद्योग, व्यापार, व्यवसायबाट आर्जन गरेको वा सोबाट बढे बढाएको सम्पत्ति ।

कानून बमोजिम भिन्न भएकोमा बाहेक पति वा पत्नीले कमाएको वा त्यसबाट बढे बढाएको सम्पत्ति पति वा पत्नीको सगोलको सम्पत्ति हुन्छ । बाबु आमा र छोरा छोरी बीच अंशबण्डा गर्ने प्रयोजनको लागि बाबु आमाले आर्जन गरेको सम्पत्ति समेत सगोलको सम्पत्ति मानिन्छ ।

**संयुक्त सम्पत्तिः**

एकासगोलका अंशियारहरू बाहेक दुई वा दुईभन्दा बढी व्यक्तिहरूको नाममा रहेको वा त्यसबाट बढे बढाएको सम्पत्ति संयुक्त सम्पत्ति

मानिनेछ । संयुक्त सम्पत्तिमा कुनै व्यक्तिको हक वा हिस्सा खुलाई लिखत भएकोमा सोही बमोजिम र लिखतमा कुनै उल्लेख नभएकोमा त्यस्तो सम्पत्ति रहने व्यक्तिहरूको समान हक र हिस्सा रहेको मानिन्छ ।

**सीमानामा रहेको रूख, विरूवा वा वस्तु संयुक्त सम्पत्ति मानिनेः**

दुई वा दुईभन्दा बढी संधियारको सीमानामा रहेको रूख, विरूवा वा वस्तु सबै संधियारको संयुक्त सम्पत्ति मानिन्छ ।

**संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भारः**

१) संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भार त्यस्तो सम्पत्तिको स्वामित्ववालाहरूको सहमति बमोजिम हुन्छ ।

२) संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भार गर्न स्वामित्ववालाहरू बीच सहमति हुन नसकेमा बहुमत सदस्यको निर्णयको आधारमा संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भार गर्नु पर्दछ ।

३) संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सुधार गर्ने सम्बन्धमा बहुमत कायम हुन नसकेमा त्यस्तो सम्पत्तिमा सबभन्दा बढी हक वा हिस्सा हुने स्वामित्ववालाले संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भार गर्नु पर्दछ । तर स्वामित्ववालाहरूको बराबर हक भएकोमा त्यस्तो सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सुधार सबै स्वामित्ववालाहरूले बराबर रूपमा गर्नु पर्दछ ।

४) कुनै स्वामित्ववालाले संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सुधार गरेमा सो गर्दा लागेको खर्च सबै स्वामित्ववालाहरूले आफ्नो हक वा हिस्साको आधारमा व्यहोर्नु पर्दछ ।

(५) संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भार नगर्ने स्वामित्ववालाले संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भार गर्दा लागेको खर्च एक वर्षभित्र संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भार गर्ने स्वामित्ववालालाई बुझाउनु पर्दछ ।

(६) संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भार गर्दा लागेको खर्च कुनै स्वामित्ववालाले नबुझाएमा निजको हक वा हिस्साको सम्पत्ति, संयुक्त सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा मर्मत सम्भार गर्ने स्वामित्ववालाले प्रचलित मूल्यमा खरिद गरी लिन पाउछ । त्यसरी संयुक्त सम्पत्ति खरिद गर्नेले निजको भागको व्यवस्थापन तथा मर्मत खर्च गर्दा

व्यहोरेको रकम लिन पाउछ ।

**सहमति बिना संयुक्त सम्पत्ति फेरबदल गर्न नसकिनेः** संयुक्त सम्पत्तिका सबै स्वामित्ववालाहरूको सहमति बिना कुनै संयुक्त सम्पत्ति फेरबदल गर्न वा त्यस्तो सम्पत्तिको स्वरूपमा परिवर्तन गर्न सकिने छैन ।

**संयुक्त सम्पत्तिको कुनै स्वामित्ववालाले कानूनी कारबाही वा प्रतिरक्षा गर्न सक्नेः**

(१) संयुक्त सम्पत्तिको संरक्षण गर्ने सम्बन्धमा कुनै व्यक्ति उपर कानूनी कारबाही चलाउन वा कुनै मुद्दाको प्रतिरक्षा गर्नु पर्ने भएमा सबै स्वामित्ववालाले गर्नु पर्दछ ।

(२)सबै स्वामित्ववाला उपलब्ध नभएमा कुनै स्वामित्ववालाले आफ्नो वा अन्य स्वामित्ववालाको तर्फबाट कुनै व्यक्ति उपर कानूनी कारबाही चलाउन वा कुनै मुद्दाको प्रतिरक्षा गर्न सक्नेछ ।

**संयुक्त सम्पत्तिबाट आफ्नो भाग छुट्याई लिन सक्नेः**

(१) संयुक्त सम्पत्तिको कुनै स्वामित्ववालाले आफ्नो हक वा हिस्साको सम्पत्ति अन्य स्वामित्ववालासँग जहिलेसुकै छुट्टाई लिन सक्नेछ ।

(२)संयुक्त सम्पत्ति छुट्याउँदा सबै स्वामित्ववालाको सहमति बमोजिम गर्नु पर्नेछ ।

(३) कुनै संयुक्त सम्पत्ति छुट्याउँदा अन्य स्वामित्ववालालाई सारभूत रूपमा नोक्सान पर्ने भएमा वा संयुक्त सम्पत्तिको स्वरूप बिग्रने देखिएमा त्यस्तो सम्पत्ति छुट्याउन सकिने छैन ।

(४) कुनै संयुक्त सम्पत्ति छुट्याउन नसकिने भएमा त्यस्तो सम्पत्तिका स्वामित्ववालाहरूले त्यस्तो सम्पत्ति बिक्री गरी प्राप्त रकम आफ्नो हक वा हिस्साको आधारमा आपसमा बाँडफाँट गरी लिनु दिनु गर्नु पर्नेछ ।

(५) संयुक्त सम्पत्ति बिक्री नभएमा वा बिक्री गर्न सबै स्वामित्ववालाहरू मञ्जुर नभएमा र त्यस्तो सम्पत्ति कुनै स्वामित्ववालाले लिन चाहेमा त्यस्तो स्वामित्ववालाले सोही अनुपातमा अन्य स्वामित्ववालालाई त्यस्तो सम्पत्तिको मूल्य भुक्तानी गरी त्यस्तो सम्पत्ति एकलौटी लिन सक्नेछ ।

(६) एकभन्दा बढी स्वामित्ववालाले संयुक्त सम्पत्ति लिन चाहेमा सबभन्दा बढी मूल्य तिर्न मञ्जुर गर्ने स्वामित्ववालाले त्यस्तो सम्पत्ति लिन पाउनेछ ।

**सामुदायिक, सार्वजनिक, सरकारी तथा गुठीको सम्पत्ति सम्बन्धी व्यवस्थाः**

सामुदायिक, सार्वजनिक, सरकारी तथा गुठीको सम्पत्ति, त्यस्तो सम्पत्तिको स्वामित्व, उपभोग, व्यवस्थापन, हक हस्तान्तरण तथा अन्य व्यवस्था

यस ऐनको अन्य परिच्छेदमा उल्लेख भए बमोजिम हुनेछ ।

**हदम्यादः**

यस परिच्छेद बमोजिम भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्छ ।

**सर्न्दभ सामग्री**

मुलुकी देवानी संहिता, २०७४ भाग-४ सम्पत्ति सम्बन्धी कानून परिच्छेद-१

♦♦

## गीत



✍ प्र.स.नि.मनिष अर्याल

सपना बुन्नु तिमीले, सपना चुन्नु तिमीले
म रहुँला नरहुँला, जीवन बुन्नु तिमीले
लाखौं शब्दहरू तिम्रा निम्ति कोरे मैले
शब्दहरू नयाँ आगन्तुकबाट सुन्नु तिमीले ।।

हार पछिको जित पनि मिठो लाग्छ रे
हारेको छु म जित्ने तिमी मात्र नै हो
जित सुनाउदै सबैलाई मुस्कुराउनु तिमीले
म त गिरेको मान्छे मेरो तालमा नबिराउनु तिमीले ।।

पालुवासरि आँसुहरू म जम्मा गरी बस्नेछु
महासागरसरि खुसीहरू तिमीले बटुल्नु
पानी पर्दा बादलले आकाश सम्झेझैं
म सधैं सम्झिरहने छु तिमीलाई

बिहानीले अँधेरीलाई बिर्सेझैं
तिमीले मलाई बिर्सिनु
मनको भाव म सधैं पोख्दै गरौंला
मेरा आवाजको सेरोफेरो बाहिर तिमी डुल्नु ।।

यात्रा संस्मरण

# विष्णुद्वार



✍ **रेणु अधिकारी 'मौनता'**

असोज ९ गते शनिबार प्रगतिशील कवि अनिता लामाको निमन्त्रणालाई स्विकार गर्दै टोखा नगरपालिकाबाट साहित्यकार तारा के. सी. र म बुढानिलकण्ठ नगरपालिकासँगै शिवपुरी राष्ट्रिय निकुञ्जमा रहेको विष्णुद्वार साहित्यिक पदयात्राको लागि बिहान सात बजे नै घरबाट निस्कियौँ। आठ बजे चण्डेश्वरी नजिकै वनदेवी मन्दिरमा अनिता लामा, साहित्यकार तथा सम्पादक बालिका दिज्जु, कवि मिना घिमिरे, अरू दुई पुरूष साहित्यकारहरू कृष्ण र कुशल जि गरी हामी सात जनाको टिम बन्यो । आ-आफ्नो झोलामा पानीका, बोतल, वर्षादी छाता र भोकलाग्दा खानको लागि केही खानेकुरा बोकी खुट्टामा सजिलो तुना बाँध्ने जुत्ता लगाएर उकालो चढ्न सुरू गर्यौं । वनदेवी देखि उकालोमा केही गाउँ बस्तिहरू हुँदै घना जङ्गलको बाटो लाग्यौं। ठूला ठूला सल्ला, धुपीका रूखहरू, लालीगुराँसका रूखहरू, र अन्य धेरै प्रजातिका रूखहरूले भरिएको जङ्गल, ठाडो उकालो, कहीं वनका लहराहरू समाउदै त कहीं एकले अर्काको हात समाउदै उकालो चढ्दै गयौं । हिंड्ने बानी नभएका साथीहरू तारा म्याम र मिना जिलाई हिंड्न अलि गारो महसुस भइरहेको थियो । हामी गीत गाउँदै, हाँस्दै नाच्दै त्यो प्राकृतिक वातावरण अनि चराहरूको चिरबिरसँगै रमाउदै उकालो लागिरहेका थियौं। ठाउँ ठाउँमा प्रकृतिसँगै आफ्नो तस्बिर क्यामरामा कैद गर्दै आफूले लगेका मकै भटमास, चकलेट किसमिस खाँदै डेढ घण्टाको उकालो चढेको पत्तै भएन ।

डेढ घण्टाको उकालो हिंडाई पछि कालो चिल्लो पिच भएको सडकमा पुग्यौ । जुन सडक बुढानिलकण्ठको बाटो गरी शिवपुरी राष्ट्रिय निकुञ्ज भित्र रहेका रिसोर्टहरू हुँदै ग्रीनभ्याली रिसोर्टसम्म आइपुग्दो रहेछ । नाकै ठोसिने ठाडो उकालोको यात्रा पछि चिल्लो कालोपत्रे सडक टेक्न पाउँदा तिर्खा लाग्दा पानी भेटिए झैं हामी सडकमै

लमतन्न बसेर थकाई मार्यौं । त्यहाँबाट फेरि अर्का सहित्यकार साथी हाम्रो टिममा थपिनु भयो । वहाँ आफ्नो श्रीमानसँग मोटर साइकलमा त्यहाँसम्म आइपुग्नु भएको रहेछ । वहाँसम्म हाम्रो टिममा अब आठ जना भयौं । हामी सडकमै बसेर सबै साथीहरूले ल्याउनु भएको चनाको तरकारी, पुरी, कात्रो केराउको अचार, बारा, लौकाको अचार, चिउरा आदि धेरै परिकारका मिठो खानेकुरा पेट भरी खायौं ।

त्यहाँ धेरै तस्बिरहरू खिच्यौं । अब थकाई पनि मऱ्यो, भोक पनि मेटियो, पिच गरिएको सजिलो बाटो पनि भेटियो, झोला पनि केही हलुङ्गो भयो, ज्यानमा स्फुर्ति भरियो । त्यो चिल्लो कालो पत्रे सडक दायाँ बायाँ अग्ला अग्ला रूखहरूको जङ्गल, स्वच्छ पवन, चराको चिरिबिरि, साहित्यिक साथीहरूको कवि मन प्रेरित भइरहेको थियो । त्यत्तिखेर चाँदनी शाहको शब्द र तारादेवीको स्वरमा रहेको प्रकृति प्रेमले भरपुर गीत–

**उकाली ओरालीहरूमा,**
**भन्ज्याङ् अनि चौतारीहरूमा,**
**सुन्दर ती दहहरूमा,**
**हिमालका विशाल छातीहरूमा**
**जहाँ जहाँ जान्छौ तिमी।**
**म पाइला बनि पछ्याइ रहन्छु ।**

अनिता जिको स्वर पनि मिठो रहेछ अनि तारा जि पनि मिठो गाउनुहुँदो रहेछ । हामी छ जना महिला साथीहरू गाउँदै नाच्दै गरेको पुरूष मित्रहरूले क्यमरामा कैद गर्नु भयो । बाटोमा अरू पनि थुप्रै पदयात्रीहरू पनि हामी जस्तै हाँस्दै नाच्दै हिँडिरहेका थिए । बिहानको साँढे दस बजे हामी कच्चि सडकको तेर्सो उत्तर लाग्दै गयौं । जति माथि गयो काठमाडौं उपत्यका उत्तिनै रमणिय देखिदै गयो । वरीपरी डाँडाले घेरिएको बिचमा अनगिन्ती घरहरूले भरिएको । हामी हाम्रो घर चिन्ने प्रयास गर्न थाल्यौ । तर काहाँ सक्नु आकाशमा जुन पातलो देखिएला बरू कपालको रौ गन्न सकिएला तर उपत्यकाको त्यो घना बस्तीमा मानिसहरूले कसरी सास फेर्छन् होला ? भन्ने महसुस गरे मैले । काठमाडौंको त्यो कोलाहाल बस्तिबाट नजिकै शिवपुरी राष्ट्रिय निकुञ्जको स्वच्छ पवन, झरना शितल वनकुञ्जमा रमाउन पाउँदा स्वर्ग भनेको यस्तै हुन्छ होला जस्तो लागिरह्यो । आजको यो दिन निकै महत्वपूर्ण रहेको महसुस मैले गरें ।

११ बजे हामी ग्रीन भ्याली रिसोर्टबाट उत्तर पूर्व बाटो लाग्दै गयौं । धेरै वर्ष अगाडि काठमाडौं उपत्यकाबाट देखिने शिवपुरी माथि डाँडाको कच्चि सडक अहिले झन जिर्ण अवस्थामा रहेको देखियो । बाटोमा रूखबिरूवाहरू

उम्रेका ठाउँ ठाउँमा भत्किएको पुन निर्माणको आशामा बाँचेको जस्तो देखिन्थ्यो । बुढानिलकण्ठदेखि माथि ग्रीनभ्याली रिसोर्टसम्म कालो पत्रे सडक ठूलो आर्मी क्याम्प, आर्मी कलेज, हेलिप्याड र सफा सुन्दर वतावरणले शिवपुरी राष्ट्रिय निकुञ्जलाई मनमोहक त बनाएकै छ । तर पनि माथिको त्यो पुरानो कच्चि सडकलाई पुनः निर्माण गरी पिच गर्न सकिएको खण्डमा आन्तरिकमात्र नभै विदेशी पर्यटकहरूलाई पनि प्राकृतिक छटाले भरिएको विष्णुद्वार सम्म ल्याउन प्रेरित गर्न सकिन्छ जस्तो मलाई लाग्यो । त्यो पुरानो बाटो हिँड्दै जादाँ बाटोमा धेरै आकर्षक झरनाहरू हेर्ने मौका पायौं ।

साँढे एघार बजे हामी त्यो कच्चिच सडक छाडेर उत्तर तर्फ सिढीको उकालो तर्फ लाग्यौ । ढुङ्गा मिलाएर सिढी जस्तो बनाइएको उकालो बाटो, छिनछिनमा पानी परिरहने, अनि अग्ला रूखहरूबाट शित चुहिएर बाटो ओसिलो भइरहने हुनाले बाटो चिप्लो प्रकारको थियो । हामी एकले अर्काको हात र रूखका लहराहरू समाउदै बिस मिनेटको उकालो चढेपछि हामी हाम्रो गन्तव्यस्थल झरना रूपी खोलामा पुग्यौ ।

बाटोभरि स्फुर्तिकासाथ हिँडिरहनु भएकी साहित्यकार दिज्जु बालिका गिरी झरना तर्दा भने डराई राख्नु भएको थियो । अगि बाटोमा थाक्नु भएका तारा म्याम र मिना जि भने झरनाको चिसो पानिको स्पर्शले फुर्तिलो भई नाच्दै हाँस्दै तस्बिर खिचिरहनु भएको थियो । दुई जना सरहरू हामीलाई खोला तर्न सहयोग गरिरहनु भएको थियो । ठूला-ठूला ढुङ्गामा टेक्दै, बाँसको भऱ्याङ् जस्तै गरी बनाइएको पुल तर्दै दुई पहाडको बिचको गल्छीबाट बगेको झरनाको बाटो हुँदै बिष्णुमतीको उद्गम स्थल विष्णुद्वार पुग्यौं । ठूलो घर जत्रै चट्टानको ओडारको भित्ताको प्वालबाट निरन्तर पानी बगिरहेको र त्यही पानी झरनाको रूप लिँदै तल गएर विष्णुमती खोला भएको रहेछ । त्यस गुफामा बौद्धधर्मालम्बीहरूले स-साना थुप्रै आकर्षक बुद्धका प्रतिमाहरू राखेका रहेछन् ।

तीन घण्टाको उकालो चढेर आउँदा थाकेका पैतालाहरूले त्यो कन्चन चिसो झरनाको पानीको स्पर्शले शरीरमा ताजापन र स्फुर्ती पैदा भई मन मष्तिष्कसम्म आनन्द महसुस भयो । त्यो मिठो कन्चन पानी, त्यो छ्वाङ् छ्वाङ् र झर झर आवाज, चराहरूको चिर्बिर अनि धेरै पर्यटकहरूको उन्मुक्त हाँसोले गुन्जायमान त्यो झरना स्वर्गको एक टुक्रा नै हो जस्तो प्रतित भयो । त्यही झरनामा गीत गाउँदै नाच्न थाल्यौं ।

जीवन हाम्रो सङ्लो पानी हो,

सलल राजै खोला झै बगुँ सलल। कलको पानी माछिले खाने पिरिम सित जाने कि नजाने ।

पुरूष साथीहरूले भिडियोमा हाम्रा क्रियाकलापहरू कैद गर्दै रहनु भयो । त्यहाँ दर्शन गरी धेरै तस्बिरहरू खिचेर त्यही झरनाको बाटो हुँदै हामी ओर्लनु थियो। उक्लन त जेनतेन साथीहरूको हात समाउँदै उक्लियो अब ओर्लनु कसरी मन डराइरहेको थियो । तैपनि साथीहरूको मिठो गीतले पहरानै गुन्जाई रहेको थियो। सबैले हात समाउँदै नाच्दै ओर्लदा ओर्लिएको पत्तै भएन । त्यो पल जीवनको भुल्नै नसक्किने पल बन्यो । त्यहाँबाट उही उमङ्ग जोस र जाँगर बोकेर हामीले नाम्सा होमस्टेमा खाना खायौं । जाहाँ दोर्जे सर, राम सर र हाम्रो टिम आफ्ना साहित्यिक रचना सुनाउदै रमायौं, आफ्ना भावना अनुभवहरू आदान प्रदान गर्यौं । साँझ अबेर भई सकेकोले हामी रबिन भाईको स्कर्पियोबाट बुढालिनकण्ठसम्म आएर आजको रमाइलो पललाई मनभरि सङ्गाली राख्ने प्रतिबद्धता जाहेर गर्दै आ-आफ्नो घर प्रस्थान गर्यौं । ♦♦♦

**कविता**

## अनुरोध



✍ **प्र.ना.नि. घनश्याम नेपाल**

भुलेझैं नगरौं बुझेर जन हो गल्ती कतै कामको
ज्ञानीको पहिचान थाहा हुन त वाणी सुनौं रामको ।
अहिले यो घडीमा जहाँ जगतमा के-के छ फैली गयो
बुझ्नै सक्नु छैन आज किन हो आश्चार्य नै पो भयो।

हाम्रो देशमा पनि छ जीव त्यो फैलेर आयो यहाँ
कोरोना अति नै छ धेर खतरा घुम्दै छ हाम्रोमा।
होसीयार ! भई बस्नलाई अबै गर्छौं अनुरोधत
हाम्रा यी जनको दिनु रखवारी हाम्रै छ जिम्मा जता ।

फैलेको जति चेतना छ जिमीमा थाहै नपाए सरी
कोही हिँड्दछ किन मुखै त खुल्ला गरी ।
सम्झाउछु भनी गनी जताततै पुगेर सम्झाउछ
एकै क्षणमा भुलेर जनले आँखा त झिम्काउँछ ।
राज्यको गहना चिनेर मनले हाम्रै त लागि भनी
रोज्छन् जुनकिरी उही छ प्रहरी भित्री मनैको धनी ।

कथा

# सिमा



✍ **कृष्ण खड्का**

'जीवन बाँच्नको लागि हो, बाँच्ने र बचाउने माध्यम सबैको आ-आफ्नै हुन्छन् । मसँग शरीर छ, कोही सँग पैसा छ । पेटको भोक मेट्न मैले कोहीसँग शरिर बेच्नु पर्छ । खासमा यो दुनियाँ अजिब छ । आवश्यकता र चाहानाहरू फरक-फरक छन्, तिनै फरकपन नै जीविकोपार्जनको माध्यम पनि बन्दो रहेछ। मैले यो समयकालमा बुझेको यत्ति हो' ।

यति भनेर सिमा (परिवर्तित नाम) ले अगी खोल्न लागेको ब्वाउजको बटन लगाईंन । अनुहारमा अलिकति दिक्दारीसहित थपिन, 'अजिब अजिब मान्छे आउछन्, प्रायजसो जाँड खाएर खुट्टा टेक्न नसक्ने भएपछि फोन आउछ, होटलसँग हाम्रो सम्पर्क नम्बर माग्छन्, सबैसँग कन्ट्याक हुन्छ हाम्रो ।'

अछाम राजधानी आउँदा सिमासँग देउडा गायिका बन्ने र सुन्दर सुदुरपश्चिमको कला संस्कृतिलाई विश्वमाँझ चिनाउने एउटा मात्रै सपना थियो ।

२०६७ साल चैत्रमा एस.एल.सी दिएपछि बाँकी पढाइ र सपनाको लागि संघर्ष सँगसँगै गर्छु भन्ने अठोट र आत्म विश्वास लिएर राजधानी आएकी सिमाले राजधानीको उज्यालो कथाहरू मात्रै सुनेकी थिई। सिमासँग आफन्तहरूले झैं सुकिलो कपडा लाएर, खल्तिभरि पैसा र सबैको मनमा उनको लागि इज्जत बोकेर घर फर्किने रहर पनि थियो ।

त्यसैले गाउँबाट हिंड्नु अघि नै गाउँको एक जना दिदीसँग कुरा गरेर नयाँ बसपार्कको दोहोरीमा काम मिलाईसकेकी थिई। खाने बस्ने सुविधा पनि दोहोरी साँझले नै गर्दिन्छ भनेपछि सिमालाई काठमाडौं आउने हतारोले रातभर निन्द्रा लागेन। भोलिपल्ट दिउँसो चार बजेको गाडीको टिकट र बाटो खर्च भनेर उनको बुबाले हातमा पाँच हजार पैसा पनि राखिदिएका थिए। दिउँसो बाबु छोरी मङ्गलसेन बजार गएर केही नयाँ कपडाहरू लिएका थिए। सिमाले आफ्नो ब्याग प्याक गरिसकेर

भोलिको सुन्दर यात्राको कल्पनामा रात आँखा झिमिक्क नगरी कटाई ।

बिहान भयो, सिमाको मन काठमाडौं पुगिसकेको थियो, सिमा भने बल्ल हिंड्ने तर्खर गर्दैथिई । बुबा कतै गएको मौकामा आमाले सिमाको हातमा अर्को पांच हजार रूपैया बाटो खर्च थपिदिईन। आमाको त्यो माया सम्झिदा सिमाको आँखा आज पनि रसाउँछ । सिमाले आँखा पुछ्दै बोलि, 'जीवनभरको साथको बाचा गरेको मान्छेको जीवन सकियो, एउटा उपहार छोडेर गएको छ, उसैको खुसीको खातिर पिडामा हाँस्न सिक्दैछु ।'

सिमालाई कथा सकाउने हतारो थियो, उसको मोबाईलमा कल आईरहेको थियो, मोबाईल र मलाई पालै पालो हेर्दै बोली, 'एक घन्टाको लागि भनेर बोलाको हैन ? तपाईंको समय सकियो। अब म जान्छु' ।

खासमा म विवाहित पुरूष हुँ, शारिरीक सम्पर्ककै लागि मलाई सिमाहरूको शरीर किन्न जरूरी छैन। तर सिमाहरूको कथा जान्न मन लागेर अनेकौ प्रयास पछि हिम्मत जुटाएर त्यसदिन बसपार्क गएको थिए। होटलवालाले मलाई पहिलेनै जानकारी दिएको पनि थियो। एक घन्टाको लागि मात्रै आउछे भनेर। मैले आफैले फोन गर्न नसकेर होटलवालालाई नै फोन गर्न लगाएको थिएँ। फेरि अर्को कोही खोज भन्ने हिम्मत पनि भएन। त्यसैले सिमाले कथा अधुरै छोडेर जाली भन्ने डरले हतारमा बोले, 'रातभरको कति पैसा लिन्छौ ? सिमाले मेरो अनुहारमा हेरी, म लाजले रातोपिरो भए, मेरो अप्ठेरो बुझेर ऊ बोली कथा मात्रै सुन्नुहुन्छ कि अरू केही पनि गर्नुहुन्छ ?

मलाई तिम्रो पुरै कथा सुन्नु छ, सम्भव भएसम्म तिम्रो साथीहरूको पनि सुनायौ भने झन राम्रो।

मेरो छोरी छ कोठामा । राती एक्लै बस्न डराउँछ, म रातभर बस्न मिल्दैन। कथा मात्रै सुन्ने हो भने मेरो कोठामा हिंड्नुस, छोरी सुताएर त्यही सुनाउँछु।

मलाई सिमाको कथा सुन्नु थियो, फेरि अर्को कोहीलाई बोलाउने हिम्मत थिएन। फेरि उसकै छोरीको अगाडि कसरी ? के सोच्लिन् छोरीले मेरो बारेमा अथवा सिमाको बारेमा ? कहिलेकाहीं जीवनमा यतिधेरै विकल्पहरू हुन्छन्, कुन ठिक भनेर छुट्याउन मुस्किल पर्छ र कहिलेकाहीं विकल्पहरू हुँदाहुँदै पनि निर्विकल्प भईदोरैं छ।

मैले सिमाको प्रस्तावलाई स्विकारे र होटलको पैसा दिएर सिमा र म उसको कोठातर्फ लाग्यौ।

बसपार्कबाट मनमैजु जाने बाटोमा नजिकै रैं छ सिमाको कोठा, पुरानो खाँटमा मैलो लुगाहरू, छेवैमा निदाईरहेकी ३/४ वर्षकी बच्ची, एउटा बाल्टिन, ग्यास

चुलो र केही भाडाहरू। कोठा कस्तो अस्तव्यस्त ? मेरो मुखबाट निस्कियो।

उसले जवाफमा भनी, जसको जीवन नै अस्तव्यस्त छ उसको के कुरा चाहिँ व्यवस्थित हुन्छ ?

मलाई प्रश्नोत्तर भन्दा उसका कथा सुन्न मन थियो, कथालाई निरन्तरता दिने आग्रह गरे, सिमाले निदाईरहेकी छोरीको कपाल मुसार्दै बोली। 'जीवनको कुनै मोह छैन मलाई, न बाँच्ने रहर बाँकी छ, न मर्ने डर छ बस यो छोरीलाई मान्छे बनाउन मन छ ।'

सिमाको मनले फेरि आँसु उत्पादन गर्यो, आँखाको बाटो हुँदै बगेर आँसुले छोरीको निन्द्रा खोलिदियो, सिमाले ब्याग खोलेर चाउचाउ निकालिन र छोरीको हातमा राखिदिइन। छोरीले मलाई हेरिन, त्यो सानो नानीको आँखाले केही अपेक्षा गरिरहेथ्यो, तर मैले केही बोकेको थिइन । मेरो होस पो कहाँ ठेगानमा थियो र ?

कोही चिनिएको भेटिएला कि ? कसैले चिन्ला कि भनेर सकभर बचेर हिँड्ने प्रयासमा मैले बाटो कतिखेर काटे त होस थिएन, त्यो बच्चिको लागि केही लगिदिने होस कहाँबाट आउनु ? मैले आफूसँग केही नभएको इशारा सिमालाई दिए,उनले छोरीलाई दुधमा मुख लगाईदिन, छोरी दुध चुस्दै निदाई।

कोठामा केही अनौठो गन्ध थियो, मैले नाक बिगारेको देखेर सिमा बोली, हामीलाई त बानी परिसक्यो । अलि अलि गन्ध नभए निन्द्रै लाग्दैन। दिनभर यता र उता गर्दा गर्दै थकाईले कतिखेर कोठा पुगौं र सुतौं हुन्छ। खाना पनि बनाउन मन लाग्दैन, कहिले बाहिरै खान्छौ, कहिले मःम चाउमिन लिएर आउँछु। छोरी निदाईसकेकी थिईन, छोरीलाई ओछ्यानमा राखेर सोधिन, चिया बनाउ ?

मैले पर्दैन भनिदिए, कोठाको गन्ध र अवस्था हेर्दा नै केही खान सक्ने स्थितिमा थिइन म । बरू अरू के-के भयो सुनाउ भने। ऊ भुइँमा बसी, म खाटको छेउमा बसेको थिए।

काठमाडौं आएपछि दिदीसँग दोहोरीमा गए, काम पाईयो खुसी भए, खाने र बस्ने ठाउँ दियो, महिनाको छ हजार तलब दिने भयो । आएकै दिन काम पाएपछि खुसी लाग्यो। काम पनि धेरै नहुने गीत गाउने त्यो पनि राती सात बजेदेखि बाह्र बजेसम्म। अरू समय संगीत सिक्छु भन्ने सोच बनाए।

केही दिन अरूले गाएको हेरें। साहुँ र अरू केही गाउनेहरू आएर दिउँसो बोलाएर अभ्यास गराउथ्यो । रमाईलो सगँ नै काम सिक्दै थिए। एक रात दिदी कोठामा आउदिन भनेर साथीसगँ बाहिर जानुभयो । कोठामा त्यो रात म एक्लै हुने भए । दिदीले

दोहोरी बन्द भएपछि साहुजीले तलाई रूम पुऱ्याई दिन्छ भन्नुभएको थियो । त्यसैले म साहुजीसगँ बाईकमा बसे। उहाँले बाईक कोठातिर नलगेर अन्तै लानुभो । मैले कोठा अर्कोतिर हो भन्दा एउटा साथीलाई भेट्नु पर्नेछ, त्यहाँबाट फर्किएर पुऱ्याई दिन्छु भन्यो। होला भनेर चुपचाप बसे होटलमा गयौ हामी, त्यहाँ पहिले नै कोठा बुक गरेर राखेको रैं'छ, कोही साथी थिएन, माथि गएपछि म रूम भित्र पस्नासाथ साहुँले म माथि हातपात गरी जबरजस्ती गऱ्यो ।

भोलिपल्ट दिदीलाई भने दिदीले पनि केही नभएजस्तो गरी वास्तै गरिनन्। उल्टै यस्तै हो, यसरी नै धेरै पैसा कमाउने हो अनि पो गायिका बन्ने सपना पुरा हुन्छ भन्नुभो। मैले पत्याए र त्यस पछिका रातहरू मैले अनिन्द्रा , अस्वादको सम्बन्ध र पैसाको लोभमा शरीर बेच्न थाले।

त्यसपछि दोहोरीमा आउने ग्राहकहरूले केटी खोज्यो भने साहुँले मलाई पठाउथ्यो। एक दिन सोचें, आफ्नो शरीर अरूको लागि किन बेच्नु ? त्यसपछि दोहोरी छोडेर आफै डिल गर्न थाले।

म जस्तै धेरै साथीहरू भेटिए, उनीहरूको माध्यमबाट पनि मान्छेहरू आउथे, त्यसरीनै चलिरहेको थियो, एकदिन एउटा श्रीमतीको मृत्युले छट्पटिएको ग्राहक आयो, उसले मसगँ शारीरिक सम्बन्ध राख्नु अगाडि आफ्नो कथा सुनायो। म एक्लो भए, मलाई कसैको साथको खाँचो छ भन्यो । जीवनमा भेटिएका अधिकांश पुरूष नाङ्गिन हतार गर्नेहरू थिए, उसले मेरो इच्छा सोध्यो, मेरो शरीरलाई पैसा तिरेको हुँ भनेर मनपरी गरेन, हरेक कुराको अनुमती लियो र जीवनभर प्रेमले बाँच्ने प्रतिबद्धता जाहेर गऱ्यो।

पहिलो पटक म वस्तु नभएको भान भयो, मेरा भावनाहरू उद्देलित भए, आक्रोश र बाध्यताको बिच वस्तु बनेर बेचिईरहेको शरीरले शरीर हुनुको आभाष पायो, मैले सम्मान पाएँ । जीवन त यो पो रहेछ जस्तो लाग्यो । उसैसँग बाँकी जीवन बिताउने निर्णय गरे। पेसाले ऊ ड्राईभर थियो । धेरथोर पैसा कमाएर ल्याउथ्यो । यही कोठामा बस्थ्यौ हामी, म बाहिर हिंड्न छोडेको थिए, खुब माया गर्दथ्यो कहिले चित्त दुखाएन। लाग्थ्यो सधैंभरि यसरी नै खुसी जीवन बित्नेछ । हामी विहे गरेर अछाम जाने बाआमालाई भेट्ने कता कता घुम्न जाने कुरा गर्दथ्यो । विहेको लागि भनेर पचास हजार जति पैसा जम्मा गरेका थियौ तर अचानक उसले चलाईरहेको गाडी त्रिशुलीमा खस्यो, ऊ बेपत्ता भयो । उसको मृत्युले मेरो जीवनलाई पुनः एक पटक फेरि मर्नु र बाँच्नुको दोसाँधमा पुऱ्याएको थियो । म बेहोस थिए, घरबेटीले अस्पताल लगेछ,

त्यसपछि म गर्भवती रहेछु भन्ने कुरा थाहा भयो।

अचानक बाँच्ने रहर पलायो, आमा बन्दैछु भन्ने खुसी ऊ सगँ साट्न मात्रै पनि पाएको भए हुन्थ्यो भन्ने लाग्छ आज पनि। सिमाको आँखाहरू वर्षिए मैले न पुछ्न सके न उसलाई अङ्गालोमा बेरी सान्त्वना नै दिन सके, टुलुटुलु हेरिरहें।

केहिबेर पछि आफै सम्हालिएर ओठमा हाँसो ल्याउने असफल प्रयास गरी । मसँग सोध्नको लागि केही प्रश्न थिएन। उसले मेरो अप्ठेरो कम गर्न आफै बोल्न थाली, त्यसपछि केही समय बचत गरेको पैसाले घरमै बसेर आफ्नो ख्याल गरे, सकिएपछि साथीहरू सँग सापटी लिएर बसे, छोरी जन्मी ।

दुःखीको जीवनमा आशाको दियो बल्यो, लाग्यो अब यो छोरीलाई खुसीसाथ हुर्काइ बढाएर, पढाएर ठूलो मान्छे बनाउँछु, मैले जस्तो दुःख भोग्न दिन्न। माईत गएर बस्छु तर कुन मुखले माईत जाउँ ? चार वर्ष भइसकेको थियो, पढ्न भनेर घरबाट निस्केको, आजसम्म न एक कल फोन गरे न कुनै खबर पठाए। एक्कासी यस्तो अवस्थामा पुग्दा समाजले के भन्ला ? मेरो कारणले मेरो बाआमाको इज्जत पनि जान्छ भन्ने डरले माईत जान पनि सकिन।

आफूसगँ केही सीप भएपनि जागिर पाउँथे होला, जानेको त्यही गाउन हो, कसैले दोहोरीमा जागिर दिएन अनि फेरि यही पेसामा लागे। पहिले आफ्नै सपना थियो, त्यसैलाई पुरा गर्छु लाग्थ्यो, आजभोलि यही छोरी नै मेरो सपना बनेकी छे। यसको लागि जे जति गर्न परे पनि गर्छु। तर यसलाई आफूले जस्तो दुःख भोग्न दिन्न। सिमाले आफ्नो कथालाई विश्राम दिई ।

मैले घडी हेरे बिहानको ५ बजेको थियो, म निस्किनु पर्छ अब भने, उसले रोक्ने आशय देखाई । खास म रोकिन जरूरी पनि थिएन। म उसको प्रेमिभैं महान थिइन । जसले उसको जीवनलाई लयमा ल्याउने प्रयास गर्यो, न त ऊ भै शक्तिशालीनै थिए जसले उसलाई बाँच्नको लागि कारण दिन सक्थ्यो।

उसको अतितको पाप्रा लागेका केही घाउहरू कोट्याएर उसलाई दुखाउन पुगेको एउटा ग्राहक मात्रै थिए। अरू ग्राहक उसको शरीरको लुगा उतार्थे, मैले उसको मनको घाउ बल्भाई दिए।

निस्कने बेलामा मैले उसको हातमा पाँच हजार रूपैयाँ राखिदिए, त्यो न उसको जीवन भोगाईको मूल्य थियो न मैले कोट्याएको अतितले दुखेको उसको घाउको मल्हम केवल पैसा थियो, म केवल एक ग्राहक ।

फेरि पनि उसले ओठभरि मुस्कान ल्याउदै धन्यवाद भनी। मैले

अतितमा लगेर दुखाएकोमा क्षमा मागे। उसले फेरि उहीं मुस्कान सहित भनी, शरीर दुखाउने सगँ गुनासो छ, मन त नदुखेको कहिले पो छ र ?

कहिलेकसो भेट्दै गर्नुहोला ।

मैले हुन्छ भावमा मुन्टो हल्लाए र खल्तिबाट अर्को हजारको नोट निकालेर उसकी सानी छोरी खुसीको हातमा राखिदिए, छोरीको हातको नोट हेरेर सिमा खुसी भई। म निस्किए।

बाटोभरि सोचिरहें, हामी सबैथोक हुँदा हुँदै पनि केही नभएको जस्तो सोच्छौ, सबै जना वरिपरि हुँदा पनि एक्लो महसुस गर्छौ, सबैभन्दा बढी दुःख मेरै जीवनमा छ सोच्छौ। तर सिमाले मलाई धेरै कुरामा गलत सावित गरी । ऊ सँग धेरै कुराहरू छन् मलाई यति मात्रै याद छ ।

सिमा आफूसँग ठोक्किएका सबैसँग एउटा मात्रै गुनासो गर्छे, 'मेरो पनि शरीर हो, मसँग पनि मन छ भन्ने कसैले हेक्का राखेनन्।' ♦♦

## गजल



✍ **अर्जुनबाबु तिवारी**

किताबी जिन्दगी यो हरेक पानाको कहानी छ मसँग ।
जति बुझ्न खोज्यो उस्तै हिरो जिन्दगानी छ मसँग ।।

जीवन धान्नु पनि ठूलै कुरा रहेछ निष्ठाको व्यापारले ।
छन त आँखाबाट झरेको जति पनि पानी छ मसँग ।।

स्वदेशी जीवनमा परीक्षा दिँदा वाक्क लाग्यो भने पनि ।
अझैं बाकस भित्र कैदी बनेको राहदानी छ मसँग ।।

कर्मकाण्डी जीवन त चलेकै छ जसोतसो अहिले पनि ।
दसौं पटक पछाँरिदा पनि उठेर हिंड्ने बानी छ मसँग ।।

मनका बगैंचामा थरिथरि फूलहरू छान्दा छान्दै ।
बास्नादार फूल टिपी क्रिम बनाउने जवानी छ मसँग ।।

# मानवता विरुद्धको अपराधको सिमा नै रहेन



✍ रशना ढकाल

जुन कार्य गर्न कानूनले बन्देज लगाएको हुन्छ त्यस्तो प्रकारको कार्य गर्नु नै अपराध हो । साधारण तया अपराधलाई परिभाषित गर्दा यसरी नै गर्ने गरिन्छ । अपराधको मापन घटनाको प्रकृती हेरेर हुन्छ । हामी कहाँ अपराध भन्ने बित्तिकै हत्या, बलात्कार र मानव बेचविखन तथा ओसारपासार विरूद्धको सवाललाई मात्रै बुझिन्छ । तर अपराधको परिभाषा अथाह छ । यसको सीमा अब यति नै हो भन्न सकिने अवस्था छैन । समाजको आकृती जसरी जसरी परिवर्तन हुँदैछ ठिक त्यसरी नै अपराधका स्वरूपहरू फरक फरक तवरबाट आइरहेका छन् । अपराधको न्यूनिकरण गर्न कानूनको जन्म हुन्छ । यसैको लागि कानूनको उदय भएको हो ।

घर व्यक्तिको सबैभन्दा सुरक्षित स्थान हो । यो कुरा हामीले सदियौं देखि बुझ्दै आइरहेका छौं । व्यक्तिको पहिलो स्थान उसको घर नै हुन्छ । जहाँ ऊ जन्मदेखि मृत्युसम्म अनेक तरहले जीवनयापन गरिरहेको हुन्छ । तर पछिल्लो समय घर नै असुरक्षित भईरहेको छ । अपराधको सूचि हेर्ने हो भने सबै भन्दा बढी हिंसा वा अपराध हुने स्थान घर नै देखिन्छ । हुन त हिंसा कोबाट हुन्छ कहाँ हुन्छ भन्ने प्रश्न जब हामी तर्फ तेर्सिन्छ तब हामी भन्छौ घरबाटै हिंसा सुरू हुन्छ र हिंसा गर्ने व्यक्ति आफन्ती वा चिनेजानेका नै हुन्छन् । जसरी परिभाषित गरिन्छ त्यसरी नै हिंसाको जरो मौलाउदै गइरहेको छ । हुन त समय, काल, परिस्थिति, स्थान सबै क्षेत्रमा अपराध हुन्छ तर सुरूवातको क्षण घरबाटै हुन्छ ।

कुनै समयसम्म हामीलाई आफ्नै बुबाबाट छोरी बलत्कार हुन्छ र भन्ने कुरा कल्पना भन्दा बाहिरको थियो । आफ्नै दाजुभाइबाट दिदीबहिनी बलत्कार हुन्छन् र भन्ने सोच हाम्रो समाजको थियो । तर पछिल्लो समय हेर्ने हो भने महिला बालबालिकाको लागि घर नै असुरक्षित भईरहेको छ । यस्तो

घटनामा प्रतिवादी मानसिकरूपमा विछिप्त भएको या मानसिक रोगी हो भनेर प्रहरीको अनुसन्धानले देखाएता पनि समाजमा यस प्रकारका घटनाहरूले नकारात्मक प्रभाव पारिरहेको छ । यति मात्रै होइन स्वयम् आमाले छोरीलाई बेचेको पनि घटनाहरू हामीसँग छन् । बुबा आमालाई पाल्नु पर्छ जसरी नि कमाएर ल्याउ भन्ने मानसिकताले परिवारमा छोरी कसरी सुरक्षित हुन्छिन् तपाईं हामी राम्ररी सोच्न सक्छौं । कति डर र त्रासमा बस्नु पर्छ ती कलिला नानीहरूलाई । भनिन्छ 'घरमा शान्ति तब विश्वमा शान्ति ।' हुन त अपराध महिला वा बालिका उपर मात्रै होइन पछिल्लो समय पुरूष उपर पनि भईरहेका छन् तर पुरूष उपर भएका घटना खुलेर आउन सकेका छैनन् किनकी पुरातन मूल्य मान्यताले पुरूषलाई बलियो र कठोर बन्नु पर्छ भन्ने सोचको स्थापना गरिदियो। त्यसैले पुरूष जतिसुकै हिंसा प्रभावित भए पनि म प्रभावित छु है भन्ने उसले देखाउन सक्दैन । यस घटनातर्फ पनि सबैको ध्यान केन्द्रित हुन आवश्यक छ ।

घटना सानो या ठूलो भन्ने हुँदैन सबै घटना जघन्य हुन्छ । त्यसमाथि कलिला नानीहरू उपर हुने घटना त झनै भयावह हुन्छ । पछिल्लो समयमा यस्तै कलिला नानीहरू उपर नै यस्ता घटनाहरू भईरहेका छन् । घटना कुनै पनि प्रिय हुदैन साना नानीहरू उपर हुने घटनाहरूले उनीहरूको भविष्य कस्तो हुन्छ भन्ने तर्क सबैको मानसपटलमा आउँछ । यहाँ छोरी मात्रै होइन छोराउपर पनि घटना भईरहेका छन् । छोरा उपर हुने घटनाको संख्या कम भएता पनि यसलाई संस्थागत गर्दै लगियो भने पछि झनै भयावह स्थिती सिर्जना गर्छ । त्यसैले समयमा नै सम्बन्धित निकायले यसतर्फ सोच्नु पर्ने हुन्छ ।

यहाँ स्थान र व्यक्ति स्वयम्को सुरक्षाको सवाल आउँछ । सुरक्षाको कुरा गर्दा राज्यले सबैलाई एउटा एउटा सुरक्षा गार्ड दिन सक्दैन । यसमा समुदाय नै जिम्मेवार हुनुपर्छ । जहाँ समुदाय जिम्मेवार हुन्छ त्यहाँ हिंसाको पनि न्यूनिकरण हुन्छ । राज्यमा तरंग ल्याउने खालका यस्ता घटनाहरूलाई न्यूनिकरण गर्न समुदाय र स्थानीय तह नै लाग्नु पर्ने हुन्छ ।

घरबाट सुरू भएको हिंसालाई निराकरण गर्ने राज्यले होइन स्वयम् व्यक्तिले हो । राज्यसँग कानून छ । कानूनको साहाराले दोषी उपर कारबाही त होला तर सधैं कारबाहीले मात्र पनि हुँदैन जस्तो लाग्छ । घटना

नै हुन नदिए कारबाहीको आवश्यकता नै पर्दैन होला ।

भखरै मात्र लैगिंक हिंसा विरूद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान मनायौँ । यस अवसरमा नेपाल सरकारको 'घरैबाट सुरू गरौं, महिला हिंसा अन्त्य गरौ' भन्ने नारा रहेको थियो । घरलाई सरकारले किन प्राथमिकता दियो भन्ने सोच सबैका सामु आउँछ । घर नै हिंसाको स्रोत भएको कारण घरलाई बढी प्राथमिकता दिइएको हो । ♦♦

**कविता**

# प्रहरी हार्दैन



✍ **लक्ष्मी प्रसाद मिश्र**

सासमा मात्रै रैं'नछ हाम्रो नेपाली विरता
लासले पनि मारेका छन् है युद्धमा बैरी त
मैदानमा युद्ध भएको बेला धराप थापेका
डर र त्रास रत्तिभर छैन ग्रीनेट पड्केका।


अङ्ग्रेज पनि डरायो अरे प्रहरी भेटेर
लासमा पनि विरता उसको युद्धमा देखेर
अरूको डर नमान्ने अङ्ग्रेज युद्धमा डरायो
नेपाली रक्षक नाम सुन्ना साथ मुटु नै कमायो।

संयुक्त राष्ट्र प्रशंसा गर्छ नेपाली देखेर
विश्वमा शान्ति फैलाइ हिंड्छ अंहकार मेटेर
शान्तिको चिनो यु.एन.पदक छातीमा झलल
उद्धार गर्छ बाढीका जन पानीमा सलल।

पूर्खाले छाडे यो हाम्रो देश इतिहास कोरेर
पहरा गरी प्रहरी बस्छ सिमाना कुरेर
चन्द्रमा, सूर्य रहन्छ जहिले तब नै रहन्छ
प्रहरी यहाँ पहरा गर्दै मृत्यु नि सहन्छ।

बालकथा

# मित्रता



✍ **अरुण खत्री 'नदी'**

अशोक र उमेश सानैदेखि मिल्ने स्वभावका थिए । उनीहरू दुवै जनाको घर नजिकै थियो । उनीहरू दुवै जना एउटै स्कुलमा एउटै कक्षामा पढ्दथे । आफ्नो घरबाट स्कुलमा पढ्न जाँदा घरबाट जो पहिला निस्के पनि एकले अर्कोलाई कुरेर सँगै स्कुल जाने गर्दथे । स्कुलमा बिदा भएको दिनमा कतै घुम्न जानु पर्दा सल्लाह गरेर सँगै घुम्न जाने गर्दथे । बिदाको दिनमा कहिले उमेश अशोकको घरमा कहिले अशोक उमेशको घरमा गएर कुराकानी पनि गर्दथे । उनीहरू दुवै जना पढ्नमा पनि साह्रै मेहनत गर्दथे ।

एक दिन उनीहरू दुवै जना स्कुलमा सँगै हात समातेर गफ गर्दै जाँदा उनीहरूको कक्षामा पढ्ने साथी मदनले देख्न पुग्यो र मदनले उनीहरूलाई बोलाएर भन्यो "तिमीहरू हात समाएर स्कुल जाँदैछौ नि हात समातेर स्कुल जानु पर्छ र हात नसमातीकन गए पनि त हुन्छ नि ।" "हामीहरू दुई जना बीच मित्रता बढेको हुँदा हात समातेर स्कुलमा पढ्न जाने गरेका हौं नि" अशोकले भन्यो । अशोकको भनाइ सुन्ने बित्तिकै मदनलाई यिनीहरू बीच मित्रता बढेको रहेछ भनेर ठूलो रिस उठ्यो र डाहा पनि लाग्यो । उनीहरूको मित्रता कसरी बिगार्ने होला भनेर मदनले गहिरिएर सोच्न थाल्यो । मदनले उनीहरूको मित्रता बिगार्नको लागि उमेशलाई कानेखुसी गरेर बोलाएर अशोकले थाहा नपाउने गरी भन्यो "उमेश अशोकसँग आजैदेखि तिमीले संगत गर्न छाड अशोकसँग संगत गर्‍यौ भने तिम्रो भविष्य बिग्रन्छ अशोक साह्रै खराब खालको छ नि ।"

उमेशले म र अशोक धेरै मिल्ने गरेकोले उसले हाम्रो मित्रतालाई भङ्ग गर्नको लागि नचाहिंदो कुरा मसँग गरेको हुनुपर्छ भनेर मदनले भनेको कुरालाई एउटा कानले सुनेर अर्को कानले उडाइदियो । मदनको कुरालाई पत्याएन । मदनको कुरा कति पनि नपत्याएको हुँदा मदनलाई झनै बढी

रिस उठ्यो र मदनले उमेशको झोलाबाट कहिले कापी र कहिले कलम निकालेर अशोकको झोलामा हाल्न थाल्यो । उमेशले आफ्नो किताब र कापी हराउन थालेपछि मेरो किताब र कापी कसले चोरेको रहेछ भनेर सबैको झोला खोलेर हेर्न थाल्यो र अशोकको झोलामा देख्यो । अशोकको झोलामा आफ्नो किताब र कापीहरू देखेपछि उमेशले अशोकसँग भन्यो "अशोक तिम्रो झोलामा मेरो हराएको किताब र कापी मैले भेट्टाए नि तिमीले झिकेर हालेका हौं?" अशोकले "मेरो धेरै मिल्ने साथीको किताब र कापी मैले चोरेको होला त ? के तिमी यो कुरामा विश्वास गर्छौं" भन्यो ।

अशोकको भनाइ सुनेपछि पक्कै पनि मदनले हाम्रो मित्रतालाई बिगार्नको लागि मेरो किताब र कापीलाई हामीले थाहा नपाउने गरी निकालेर अशोकको झोलामा राखेको हुनुपर्छ भन्ठानेर मदनलाई गएर गाली गर्दै भन्यो, "मदन तिमीलाई कति पनि लाज लाग्दैन, मेरो किताब र कापी निकालेर अशोकको झोलामा राख्न ?" "मैले तिम्रो किताब र कापी निकालेर अशोकको झोलामा किन राख्छु र राखे भने मेरै झोलामा राख्छु नि" मदनले रिसाउदै भन्यो । हामीहरू दुईजना बीचको मित्रता बिगार्नको लागि मदनले फट्याइँ गरेको रहेछ भन्ने कुरो दुवै जनालाई प्रष्ट भइसकेको हुँदा मदनको कुरामा उनीहरूले कति पनि विश्वास गरेनन् र उमेश र अशोकको मित्रतामा कुनै प्रकारको आँच आएन । बरू झन् झन् उनीहरू दुई जना बीचको मित्रता झाङ्गिदै गयो ।

अशोक र उमेशको मित्रता झाङ्गिदै गएपछि मदनको मनै फेरियो । एक दिन अशोक र उमेश सँगै स्कुलमा पढ्न जाँदा मदनसँग बाटोमा भेट हुन पुग्यो । अशोक र उमेशसँग भेट्दा मदनले "अबदेखि म पनि तिमीहरू दुवै जनासँग मिलेर घनिष्ट साथी बन्छु । साथी भनेको एक अर्कोलाई चाहिने रहेछ" दुवै जनासँग पालैपालो अँगालो मारेर खुसी हुँदै भन्यो । मदनले त्यसो भनेपछि अशोक र उमेश दुवै जनाले बल्ल मदनको बुद्धी पलाएछ भन्ठाने । त्यसदिन देखि अशोक र उमेशसँग मदन मिल्न थाल्यो । तीनै जना सँगै स्कुल जाने र स्कुलबाट सँगै घर फर्कने गर्न थाले । ♦♦♦

**सबैलाई गरौं सम्मान,**
**नगरौं कसैलाई अपमान**
**लैङ्गिक हिंसा न्यूनिकरण,**
**नेपाल प्रहरीको अभियान**
**-नेपाल प्रहरी ।**

कविता

# हलोले जोत्न सक्दैन आमा



✍ प्र.ह.शिवलाल सुवेदी

फालीमा ढुङ्गा अड्किएर होईन
खिया लागेर हो
फलाम तताउने माईला बा
थला परेका छन्
छोरा विदेश पसेका छन्
आरन सुनसान छ
फाली बिना हलोले जोत्न सक्दैन आमा

तारे गोरूको काँधमा घाउ भएको छ
माले गोरू बुढो भई सक्यो
गोरू बिना हलोले जोत्न सक्दैन आमा

सिङ्गै फाँट जोतेर भ्याउने हली दाईको
फोक्सोमा पानी जमेको छ
हली बिना हलोले जोत्न सक्दैन आमा

यसपाली भिजाई राखेको
धानको बिउको
सिरौला बनाई खानु आमा

कुनै बेला दिन फेरिएछ भने
विदेशीएको माईला बाको छोरो
फर्किई फाली तताएछ भने
हुर्किदै गरेका दुई वटा बहर
दैवले टिपी लगेन छ भने

हलोले जोत्ला खुसी फेरिएला
तर अफसोच दैवले जित्यो
भाग्यले हार्‍यो
विदेशीएको माईला बाको छोरो
दुर्घटनामा पर्‍यो
हुर्किदै गरेका दुई वटा बहर
भिरबाट खसे
थला परेका माईला बाको
वाक्य छुटेन
फोक्सोमा पानी जमेका हली दाईले
बोल्न बिर्सिए
तारे र माले गोरूको
भकारामै एक चिहान भो
पुरै गाउँ शोकमा डुबेको बेला
हलोले जोत्न सक्दैन आमा
हली बिना, फाली बिना
गोरू बिना
हलोले जोत्न सक्दैन आमा ।

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३४ साल अङ्क, ३ को **त्रैमासिक पुलिस प्रकाशनमा** प्रकाशित प्रहरी नायब निरीक्षक रामेश्वर प्रसाद खरलद्वारा लिखित **'दवेको अपराध'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।

– ***सम्पादक***

महोत्तरी जिल्लाको गौशाला प्रहरी थानाको इलाकामा पर्ने वावाजी खोल्सीमा घाँस काट्न र दाउरा बोटल्न गएका घाँसी गोठाला र दाउरेहरूले आश्विन महीनामा हाडको एक टुक्रा र कट्टु कपडा एक देख्न पुग्छन् । जंगल बिचको खोल्सीमा हाडको टुक्रा र कपडा देख्दा कस्को ? कसरी ? कसबाट ? आदि प्रश्नहरू देख्नेहरूको मनमा उब्जन्छन्- आपसमा कुराकानी गर्दछन्, कसैले साउती पनि मार्छन् । एक कान, दुई कान र मैदान हुँदै गाउँमा र जिल्लामै प्रचार हुन पुग्छ । प्रहरीको आँखा, कान र मष्तिष्क व्यवहारिक तवरलेनै जिज्ञासु भैसकेको हुन्छ । त्यसमाथि अझ आजको युगका तालीमी प्रहरी अधिकृत र जवानहरू भनौ प्रहरीहरू त्यस हाडको टुक्रा र कपडालाई हेर्न माझ जंगलमा पुग्न ढीला गर्दैनन्-हाड हेर्दा मानिसकै हुनु पर्दछ । त्यसमाथि अझ कपडालेनै अरू पुस्टयाइरहेको छ । तर हुन सक्छ कसैको खेलपो हो कि ? कुनै जीव जन्तुको हाड र कतैबाट फालिएको कपडा पो हो कि ? ना ना किसिमका शंका उपशंका तर्कहरू प्रहरीहरूका मनमा दौंडनु पनि त अस्वाभाविक थिएन ।

थोरै समय पछि नै प्रहरीहरू एक यस्तो मानिस चिन्ने काममा सफल भए जस्ले त्यो हाड संगको कट्टु कपडा राम्ररी चिन्न सक्थ्यो । दिलमाया नामको एक महिला अगाडि सरिन् प्रहरीलाई सहयोग गर्न, शायद उनले प्रहरीलाई राम्ररी चिनिसकेकी थिइन् । उनले हाडसँग फेला परेका कपडाहरूलाई राम्ररी चिनेको दावी गर्दै आफ्नो सहोदर भाई हरि बहादुर कार्की हो भन्ने कुरा प्रष्ट पार्दै कुरा खुलाइन्-हरि बहादुरको विवाह खड्ग बहादुरकी छोरीका साथ भएको एक वर्ष पनि पूरा नभएको र उनीहरूका बीच राम्रो मेल मिलाप पनि हुन सकेको थिएन ।




**तिम्रो बहिनीसँग**

**केटा** : तिम्रो र मेरो विहे होला जस्तो छैन ।

**केटी** : किन ?

**केटा** : म हिजो तिम्रो घरमा गएको थिए ।

**केटी** : के मेरो बाबासँग भेट भयो तिम्रो ?

**केटा** : होईन तिम्रो बहिनीसँग भेट भएको थियो ।

♦ ♦ ♦

**उस्तै उस्तै भएछ**

**ट्याक्सी चालक** : मैले मिटर अन गर्नै बिर्सेछु के गर्ने होला ?

**प्यासेन्जर** : केही छैन मैले पनि पर्स घरमै बिर्सेर आएछु । उस्तै उस्तै भएछ ।

**भेट कसरी भयो त ?**

**छोरी** : मम्मी तपाई कहाँ जन्मनु भएको ?

**आमा** : विराटनगरमा ।

**छोरी** : अनि बाबा ?

**आमा** : सुर्खेतमा ।

**छोरी** : म चाहि कहाँ जन्मिएको ?

**आमा** : तिमी भक्तपुरमा ।

**छोरी** : मम्मी हामी तीन जनाको भेट कसरी भयो त ?

♦ ♦ ♦

**डार्लिङ् भनेर**

**छोरा** : बाबा मम्मीको नाम डार्लिङ् हो ?

**बुबा** : छोराले एक्कासी यस्तो प्रश्न गरेको देखेर सिता हो किन र छोरा ?

**छोरा** : त्यसो भए किन त पल्लो घरको अङ्कलले डार्लिङ् भनेर मम्मीको हात समातेको त ?

**सङ्कलः- प्र.ह.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स २००८ सालमा नेपाल प्रहरीमा प्रतियोगितात्मक खेलकुदको सुरूवात भएको हो ।
- वि.स २०१६ सालमा विराटनगर, वीरगंज नेपालगंजमा ट्राफिक प्रहरीको व्यवस्था भएको थियो ।
- वि.स २०४१ जेठ १ गतेबाट प्रहरी केटाको लागि गुल्मको स्थापना गरिएको थियो ।
- वि.स १९१७ सालदेखि चौकीदारी प्रथाको सुरूवात भएको थियो ।
- वि.स २००७ साल चैत्र २८ गते प्रथम प्रहरी महानीक्षक तोरण शमशेर जबरालाई नियुक्त गराइएको थियो ।

**सङ्कलनःप्र.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**सर्वोच्च अदालबाट प्रतिपादित नजिरहरू नेपाल सरकार विरूद्ध गोविन्द उपाध्याय, मुद्दा- बैकिङ कसूर, ने.का.प.२०७७, अंक ६, निर्णय नं.१०५१४**

अनुसन्धानको सिलसिलामा कुनै एक कसूरमा तहकिकात आरम्भ भएको तर अनुसन्धान तहकिकात गर्दै जाँदा अर्को कसूर हो भन्ने देखिएको अवस्थामा सफाइको मौका दिई आवश्यकताअनुसार थप प्रमाण सङ्कलन गरी सुरूमा आरम्भ गरेको अनुसन्धान तहकिकातभन्दा फरक कसूरमा अभियोजन गर्न प्रचलित नेपाल कानूनले बन्देज लगाएको नदेखिएकोले चोरीको रोहबाट अनुसन्धान आरम्भ भई बैङ्किङ कसूरतर्फ थप अनुसन्धान गरी सोही विषयमा अभियोग लगाउने कार्यलाई अन्यथा भन्न नमिल्ने ।

**नेपाल सरकार विरूद्ध दिल बहादुर लामा मोक्तान, मुद्धा-कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, ने.का.प.२०७७, अंक ६, निर्णय नं.१०५१३**

अन्यथा प्रमाणित नभएको अवस्थामा अनुसन्धानको क्रममा भएको बयानलाई प्रमाणमा लिन मिल्ने देखिन्छ । अनुसन्धानको क्रममा भएको बयान निरपेक्ष रूपले जुनसुकै अवस्थामा प्रमाणमा ग्राह्य नहुने भनी अर्थ गर्न नमिल्ने । समूहमा रही वारदात स्थलसम्म पुगेको भन्ने आधारमा मात्र सबैलाई मुख्य अपराधीसरह व्यवहार गर्नु उचित हुँदैन । समूहमा रहने हरेक प्रतिवादीको अपराधमा संलग्नता तथा निभाएको भूमिका पुष्टि भई सोही आधारमा मात्र कसूर कायम गरिनु पर्ने ।

**सङ्कलनः प्र.स.नि.जनक आचार्य**

## गीत



✍ **होम थापा**

खुसी दिँदा बदलामा आँसु मात्र दियौ
दुईटा मुटु एउटै हाम्रो चुँडाएर लियौ

खुसी खोज्ने बहानामा सधैं पर भयौ
जति माया लाए पनि टाढिएर गयौ
न सक्यौ तिमी हाँस्न न मलाई दियौ
दुईटा मुटु एउटै हाम्रो चुँडाएर लियौ

मेरो लागि संसारको खुसी तिमी थियौ
खुसीहरू लुटाएर आँसु आफै पियौ
न सक्यौ तिमी बाच्न न मलाई दियौ
दुईटा मुटु एउटै हाम्रो चुँडाएर लियौ